# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन







राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, पुल्चोक, ललितपुर

आयोगका पदाधिकारीहरु

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय डा.लीली थापा

**सचिव**

मुरारि प्रसाद खरेल

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर ।

**प्रकाशन मिति**: २०८३ असार

**प्रकाशन प्रति** : ४००

**प्रकाशन नं**.: रा.मा.अ.आ. के.का. ३२३

**मुद्रण** : सरगम सेवा प्रा.लि., बानेश्वर, काठमाडौँ

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो । स्वच्छ र निष्पक्ष निर्वाचनबाट मात्रै जनउत्तरदायी शासन व्यवस्थाको स्थापना सम्भव हुन्छ । निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनु राज्यको दायित्व हो भने, निर्वाचन प्रक्रियामा सहभागी भई आफ्नो मताधिकारको विवेकपूर्ण प्रयोग गर्नु नागरिकहरूको कर्तव्य हो।

निष्पक्ष निर्वाचनका लागि राज्यको उत्तरदायित्व र नागरिकको सहभागिता दुवै अनिवार्य हुन्छन्। निर्वाचन आचारसंहिताको पूर्ण परिपालना तथा मतदान प्रक्रियामा मतदाताको सहज पहुँच मानव अधिकारमैत्री निर्वाचनको अनिवार्य शर्त हो ।

नेपालमा २०८२ साल फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरी यो अनुगमन प्रतिवेदन तयार पारिएको हो ।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा नेपालका ७७ जिल्ला मध्ये ७५ जिल्लामा अनुगमन टोली परिचालन गरेको थियो। यसका साथै, आयोगका वर्तमान तथा पूर्व पदाधिकारीहरू, सचिव तथा नागरिक समाजका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय टोलीहरुबाट समेत निर्वाचन प्रक्रियाको अनुगमन गरिएको थियो।

अन्त्यमा, निर्वाचनको मिति घोषणादेखि अन्तिम नतिजा घोषणासम्मको अवधिमा अनुगमनको कार्यमा खटिने सबैको म सराहना गर्दछु । यसैगरी यो अनुगमन प्रतिवेदनको तयारीमा योगदान गर्ने आयोगका सम्पूर्ण कर्मचारीहरुलाई समेत मेरो हार्दिक धन्यवाद छ ।

(तप बहादुर मगर)
अध्यक्ष

असार २०८३

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

"जीवन, स्वतन्त्रता, समानता र मर्यादा" मानव अधिकारका मुलभूत विषयवस्तु भएकाले यिनको संरक्षण र परिपूर्ति गर्ने जिम्मेवारी राज्यमा निहित रहेको हुन्छ । मानव अधिकारको संरक्षण, सम्मान र प्रवर्द्धन सुनिश्चितताको दायित्व संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदत्त गरेको छ । सोहि अनुरुप आयोगले मानव अधिकारका विभिन्न विषयमा अनुसन्धान र अनुगमन गर्दै आएको सर्व विदितै छ ।

नेपालमा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ साल फागुन २१ गते तय भएपछि आयोगले मानव अधिकारका दृष्टिकोणबाट मतदानको अधिकार सुनिश्चितताको लागि कार्य सुरु गर्यो । मतदाताहरुको रजिष्ट्रेशन,पर्याप्त सूचना र मताधिकारबाट वालिग नागरिक वञ्चित नहुन भनेर नामावली संकलन,नामावलीमा नाम समावेश आदि प्रकृयाको अनुगमन गर्यो । राष्ट्रिय मानव अधिकार आयोगबाट नेपालका ७७ जिल्ला मध्ये ७५ जिल्लामा अनुगमन टोलीहरू परिचालन गरिनुका साथै उच्चस्तरीय टोलीमार्फत समेत मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन प्रक्रियाको अनुगमन गरिएको थियो । लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचन केवल प्रक्रिया मात्र नभई जनताको सार्वभौम अधिकार अभिव्यक्त गर्ने महत्वपूर्ण माध्यम हो । स्वतन्त्रता, निष्पक्षता, पारदर्शिता, समावेशिता, सुरक्षा र पहुँचयुक्तताका आधारभूत मान्यताहरू पूरा भएको निर्वाचनलाई मात्र वास्तविक अर्थमा मानव अधिकारमैत्री निर्वाचन मान्न सकिन्छ । मतदाताले डर, धम्की वा दबावविना स्वतन्त्र रूपमा आफ्नो मताधिकार प्रयोग गर्न पाउनु मानव अधिकारको आधारभूत मापदण्ड हो। यसका अतिरिक्त, निर्वाचन आचारसंहिताको पूर्ण पालना, राजनीतिक दल तथा उम्मेदवारहरूको जिम्मेवारीपूर्ण व्यवहार र मतदान केन्द्रसम्म सबै नागरिकको सहज र अवरोधरहित पहुँच सुनिश्चित गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

मतदानपूर्व, मतदानको दिन तथा मतदानपश्चातका अवधिमा हुन सक्ने मानव अधिकार उल्लंघनका सम्भावित घटनाहरूको पहिचान, रोकथाम तथा अभिलेखीकरणमा आयोग सक्रिय रह्यो। यसकै परिणामस्वरूप केही हदसम्म निर्वाचन प्रक्रियामा हुन सक्ने विवाद र मानव अधिकार उल्लंघनका घटनाहरू नियन्त्रणमा राख्न सहज भएको पाइन्छ। विशेष गरी मतदाता तथा उम्मेदवारको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने अधिकार, निर्वाचन आचारसंहिताको पालना तथा मतदानमा समान पहुँच जस्ता अधिकारहरूको संरक्षणमा आयोगले ध्यान केन्द्रित गरेको थियो । यी विषयवस्तु समेटेर बनाएको रुजुसूचीका आधारमा अनुगमनमा खटिएका टोलीहरुबाट प्राप्त तथ्य, मिडिया अनुगमन, विभिन्न संघसंस्था तथा सरोकारवाला निकायसँगको छलफलका आधारमा यो प्रतिवेदन तयार भएको हो। प्रतिवेदनमा उल्लिखित तथ्य, निष्कर्ष, सुझाव तथा सिफारिसहरूले मानव अधिकारको प्रभावकारी संरक्षण तथा प्रवर्द्धनतर्फ राज्य तथा सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराई आगामी दिनहरूमा थप प्रभावकारी पहल हुन सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । अन्त्यमा प्रतिवेदन लेखन कार्यमा संलग्न उपसचिव श्री मयादेवी शर्मा लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु।

मुरारिप्रसाद खरेल
सचिव

# विषयसूची

**परिच्छेद-१ : प्रारम्भिक ..... १**

१.१ पृष्ठभूमि ..... १

१.२ अनुगमन प्रतिवेदनको उद्देश्य ..... २

१.३ अनुगमन पद्धति तथा कार्यादेश ..... २

१.४ अनुगमन प्रतिवेदनको सीमा ..... ३

१.५ प्रतिवेदनको संरचना ..... ३

**परिच्छेद-२ : निर्वाचन र मानव अधिकारसम्बन्धी कानूनी प्रावधानहरू ..... ४**

२.१ राष्ट्रिय प्रावधान ..... ४

२.२ अन्तर्राष्ट्रिय प्रावधान ..... ५

२.३ निर्वाचनसँग सम्बन्धित स्थापित नजीरहरू ..... ७

**परिच्छेद-३ : आयोगद्वारा सम्पादित गतिविधिहरू ..... १०**

३.१ निर्वाचन अनुगमन सम्बन्धी कार्यदल गठन ..... १०

३.२ सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया ..... १०

३.३ निर्वाचन अनुगमन रूजुसूची (Check List) र अनुगमनमा खटिने कर्मचारीका लागि आचारसंहिता तयारी. १०

३.४ निर्वाचनसँग सम्बन्धित फ्लाएर, ब्रोसर तथा अनुरोध पत्र ..... ११

३.५ प्रेस-विज्ञप्ति ..... ११

३.६ सञ्चार अनुगमन ..... १२

३.७ निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएको भन्ने सम्बन्धमा उजुरीहरू/निवेदनहरू ..... १२

३.८ राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र, प्रतिज्ञापत्रहरूको अध्ययन ..... १२

३.९ राष्ट्रिय मानव अधिकार आयोग र Digital Rights Nepal सँग समन्वय ..... १२

**परिच्छेद-४ : विगतका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्था ........ १३**

४.१ नेपाल सरकारलगायत सरोकारवाला निकायहरूलाई दिइएका सुझाव र कार्यान्वयन अवस्था ........ १३

(क) नेपाल सरकार ........ १३

(ख) निर्वाचन आयोग ........ १९

(ग) राजनीतिक दल तथा उम्मेदवार ........ २५

(घ) अनुगमनकर्ता, पर्यवेक्षक संस्था तथा मानव अधिकारकर्मीहरू ........ ३०

(ङ) सञ्चारकर्मीहरू ........ ३२

**परिच्छेद ५ : अनुगमनबाट प्राप्त तथ्यहरू (विषयगत तथा प्रदेशगत रूपमा) ........ ३४**

५.१ कोशी प्रदेश ........ ३४

५.२ मधेश प्रदेश ........ ४२

५.३ बागमती प्रदेश ........ ४९

५.४ गण्डकी प्रदेश ........ ५५

५.५ लुम्बिनी प्रदेश ........ ६२

५.६ कर्णाली प्रदेश ........ ६७

५.७ सुदूरपश्चिम प्रदेश ........ ७३

**परिच्छेद ६ : विश्लेषण तथा निष्कर्ष ........ ७७**

क. तथ्यगत विश्लेषण ........ ७७

६.१ विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था ........ ७७

६.२ मतदानको अवस्था ........ ७८

६.३ शान्तिपूर्ण रुपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार ........ ८०

६.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार ........ ८०

६.५ शान्ति सुरक्षाको अवस्था ........ ८०

६.६ सूचनाको अधिकार/मतदाता शिक्षा ........ ८२

६.७ निर्वाचन आचारसंहिताको पालना ........ ८२

६.८ समावेशी/सहभागिताको अवस्था ........ ८३

६.९ निर्वाचनमा बालबालिकाको प्रयोग ........ ८४
६.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी) ........ ८५
६.११ सरकारी निकायबाट शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था ........ ८६
६.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार ........ ८६
६.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन ........ ८७
६.१४ प्राप्त उजुरी/ सूचना सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित) ........ ८७
६.१५ अन्य ........ ८८
ख. कानूनी विश्लेषण ........ ८९

**परिच्छेद ७ : सुझाव तथा सिफारिसहरू ........ ९४**
७.१ सुझाव तथा सिफारिसहरू ........ ९४
क नेपाल सरकारलाई ........ ९४
ख निर्वाचन आयोगलाई ........ ९५
ग राजनीतिक दल तथा उम्मेदवारहरूलाई ........ ९६
घ अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा मानव अधिकारकर्मीहरूलाई ........ ९६
ङ सञ्चार माध्यमलाई ........ ९६

**अनुसूचीहरू:**

**अनुसूची १:** राष्ट्रिय मानव अधिकार आयोगबाट प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को अनुगमनमा खटिएका टोलीहरूको विवरण : ७५ जिल्लाको अनुगमन सम्पन्न ........ ९८
**अनुसूची २:** निर्वाचन अनुगमनका लागि जारी रुजुसूचीहरू र मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमनमा पालना गर्नुपर्ने आंचारसहिंता, २०८२ ........ १०९
**अनुसूची ३:** निर्वाचनसँग सम्बन्धित फ्लाएर र ब्रोसरहरू ........ ११०
**अनुसूची ४:** राष्ट्रिय मानव अधिकार आयोगको अनुरोध पत्र, २०८२ ........ १११
**अनुसूची ५:** आयोगबाट जारी भएका प्रेस विज्ञप्तिहरू ........ ११२
**अनुसूची ६:** (क) निर्वाचन र मानव अधिकारका विषयमा प्रकाशित समाचारहरूको बारेमा गरिएको सञ्चार अनुगमन (Media Monitoring) विवरण ........ १२२

(ख) निर्वाचनसँग सम्बन्धित विषयमा केन्द्रित रहि आयोगका अध्यक्ष, सदस्य र सचिवले सञ्चार माध्यम तथा आयोगको सामाजिक सञ्जाल मार्फत दिनुभएको अन्तरवार्ता/सन्देशहरू ....१२२

(ग) मानवअधिकार पत्र ....................................................................................................१२३

**अनुसूची ७:** राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग साथै निर्वाचन सम्बन्धी विषयमा आयोगलाई विभिन्न माध्यमबाट प्राप्त हुन आएको उजुरी/निवेदनको तथ्याङ्क विवरण ............................१२४

**अनुसूची ८:** राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र, प्रतिज्ञापत्र लगायतमा समावेश भएका मानव अधिकारका विषयहरू .......................................................................................................१२५

**अनुसूची ९:** निर्वाचनसँग सम्बन्धित कार्यदल, कार्य विभाजन, प्रदेश तथा प्रदेश शाखा कार्यालयका सम्पर्क कर्मचारीहरूको विवरण ..........................................................................................१२८

**अनुसूची १०:** अनुगमन प्रतिवेदन तयारी सम्बन्धमा जिम्मवारी बाँडफाँड ..................................................१३२

**अनुसूची ११:** निर्वाचन अनुगमनको क्रममा लिइएका तस्विरहरू.............................................................१३३

परिच्छेद-१

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

निर्वाचन राज्य सञ्चालनका लागि प्रजातान्त्रिक शासन प्रणाली अन्तर्गत विश्वभरी नै स्वीकारिएको प्रक्रिया हो। आवधिकरूपमा निर्वाचनमार्फत जन-प्रतिनिधि छनोट गर्ने पद्धति लोकतन्त्रप्रति विश्वास राख्ने अधिकांश मुलुकहरूले अनुशरण गर्दै आएको पाइन्छ। मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धनका लागि जनताबाट निर्वाचित जन-प्रतिनिधिहरूमार्फत राज्य सञ्चालन हुनु आवश्यक पूर्वशर्त मानिन्छ। आम निर्वाचनलाई नागरिकहरूले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्ने आधारका रूपमा प्रयोग गरेका हुन्छन्। लोकतन्त्रमा आम निर्वाचन नै एउटा यस्तो माध्यम हो, जसले सरकारको वैधता पुष्टि गर्दछ। अत: आवधिक निर्वाचनविना लोकतन्त्र र मानव अधिकार दुवैको परिकल्पना गर्न सकिँदैन।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) ले प्रत्येक नागरिकलाई शासन प्रक्रियामा सहभागी हुने, आफ्नो प्रतिनिधि छनोट गर्ने तथा स्वतन्त्र रूपमा मतदान गर्ने अधिकार सुनिश्चित गरेको छ। यी अन्तर्राष्ट्रिय दस्तावेजहरूले मताधिकारलाई लोकतन्त्रको आधारस्तम्भको रुपमा स्थापित गरेका छन्। नेपालको संविधानले समेत यिनै अन्तर्राष्ट्रिय मूल्य-मान्यतासँग तादात्म्यता कायम राख्दै राष्ट्रियस्तरमा मताधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। यसले प्रत्येक नेपाली नागरिकलाई कुनै प्रकारको भेदभाव विना आफ्नो मताधिकार प्रयोग गर्ने संवैधानिक अधिकार संरक्षण गरेको छ।

मिति २०८२ भाद्र २३ र २४ गतेको जेन-जी (युवापुस्ता) को प्रदर्शनपछि प्रतिनिधि सभाको विघटन भएको र नयाँ सरकारबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मिति २०८२ फागुन २१ गते निर्वाचन गर्ने मिति तोकिएकोमा निर्धारित मितिमा नै निर्वाचन सम्पन्न भएको छ।

मानव अधिकारको संरक्षण, राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता तथा निष्पक्ष निर्वाचनको सुनिश्चितता गरी आम निर्वाचन सम्पन्न गर्नु राज्यको प्रमुख दायित्व हो। नेपालको संविधानले मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको छ। आयोगले स्थापना कालदेखि नै निर्वाचन प्रक्रियालाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्दै सम्बन्धित निकायसमक्ष आवश्यक सुझाव तथा सिफारिसहरू प्रस्तुत गर्दै आएको छ। मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि लोकतान्त्रिक पद्धति र विधिको शासन अनिवार्य शर्त मानिन्छ। स्वतन्त्र, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न आम निर्वाचनको अभावमा विधिको शासनको परिकल्पना सम्भव छैन।

नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत मतदान गर्ने, योग्य नागरिकहरूको मतदाता सूचीमा दर्ता गर्ने, स्वतन्त्र तथा निष्पक्ष निर्वाचनमा सहभागीता जनाउने, उम्मेदवारी दिने तथा निर्वाचित हुने लगायतका अधिकारहरू सुनिश्चित गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ ले प्रत्येक नागरिकलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिमार्फत शासनमा सहभागीता जनाउने अधिकार सुनिश्चित गरेको छ। राष्ट्रिय मानव अधिकार

आयोग ऐन, २०६८ को दफा ४ ले आयोगलाई मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान, अनुगमन तथा सिफारिस गर्ने अधिकार प्रदान गरेको छ ।

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई केही संवैधानिक दायित्व समेत सुम्पेको छ । यस्तो संवैधानिक दायित्वबमोजिम आयोगले प्रतिनिधि सभाका प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सदस्य पदका लागि भएको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको थियो । अनुगमनका लागि आयोगले एक विस्तृत अनुगमन रूजूसूची तयार गरी निर्वाचन प्रक्रियामा विभिन्न वर्ग तथा समुदायको समानुपातिक सहभागिता, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्णरूपमा सभा गर्ने अधिकार, स्वतन्त्र रूपमा राजनीतिक गतिविधि सञ्चालन गर्ने अधिकार, सूचना प्राप्त गर्ने अधिकार तथा गोप्य मतदानको अधिकारजस्ता विषयहरूलाई समेटेको थियो । यसका साथै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, सुत्केरी, दलित, अल्पसङ्ख्यक तथा अन्य सीमान्तकृत समुदायहरूको मतदानमा पहुँचको अवस्था, मतदान प्रक्रियामा सुरक्षा तथा सहजताको अवस्था, आवश्यक पूर्वाधार, मतदाता शिक्षा, निर्वाचनमा आचारसंहिताको पालना तथा निर्वाचन अवधिमा बालबालिकाको प्रयोग जस्ता विषयहरूलाई पनि अनुगमनका सूचकका रूपमा समावेश गरिएको थियो । आयोगले निर्वाचन प्रक्रियालाई तीन चरणमा मतदानपूर्व, मतदानको दिन र मतदानपश्चात् गरी मनाङ र मुस्ताङ बाहेक ७५ जिल्लामा आयोगको टोली स्थलगतरूपमा पुगि अनुगमन समेत सम्पन्न गरिसकेको छ ।

### १.२ अनुगमन प्रतिवेदनको उद्देश्यः

**प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ को मानव अधिकारको दृष्टिकोणबाट गरिएको अनुगमन प्रतिवेदनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :**

(क) प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ को मानव अधिकारको दृष्टिकोणबाट गरिएको अनुगमनबाट प्राप्त तथ्य तथा निष्कर्षहरूलाई प्रतिवेदन मार्फत सार्वजनिक गर्नु,

(ख) अनुगमनमा प्राप्त भएका तथ्यहरूका आधारमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी सरोकारवाला निकाय तथा पदाधिकारीहरू समक्ष आयोगले आवश्यक सुझाव तथा सिफारिस प्रस्तुत गर्नु ।

### १.३ अनुगमन पद्धति तथा कार्यादेशः

प्रस्तुत अनुगमन नेपालको संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ द्वारा प्रदत्त कार्यादेशका आधारमा सम्पन्न गरिएको हो । आयोगले निर्वाचन अनुगमनका क्रममा निम्न पद्धतिहरू अवलम्बन गरेको थियो :-

(क) प्रारम्भिक सूचना सङ्कलन तथा निर्वाचन अनुगमन कार्यदल गठन,

(ख) निर्वाचन आयोग, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि तथा सम्बद्ध पक्षहरूसँग छलफल तथा आवश्यक सूचना सङ्कलन,

(ग) अन्य संवैधानिक आयोगहरू तथा निर्वाचन पर्यवेक्षण गर्ने संघसंस्थासँग समन्वय,

(घ) प्रदेश तथा जिल्लास्तरका निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा

निकायसँगको समन्वय तथा सूचना सङ्कलन,

(ङ) आयोगबाट उच्चस्तरीय र कर्मचारी सम्मिलित अनुगमन टोलीको गठन तथा स्थलगत अवलोकन,

(च) उम्मेदवार, मतदाता तथा अन्य सरोकारवालासँग छलफल तथा अन्तरक्रिया,

(छ) सम्बन्धित तथ्य, प्रमाण तथा तस्विर सङ्कलन र,

(ज) विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्राप्त सूचनाको सङ्कलन र तिनको प्रामाणिकता, परीक्षण तथा विश्लेषण ।

## १.४ अनुगमन प्रतिवेदनको सीमा

यो प्रतिवेदन समग्र निर्वाचन प्रक्रियाको विस्तृत मूल्याङ्कनभन्दा पनि निर्वाचनको समयमा मानव अधिकारको अवस्थाको पक्षमा बढी केन्द्रित रहेको छ। अनुगमन रूजूसूचीका आधारमा देशभरका ७५ जिल्लामा रहेका विभिन्न निर्वाचन क्षेत्रहरूमा गरिएको तीन चरणको स्थलगत अनुगमन तथा सरोकारवालाहरूसँग भएको छलफलबाट प्राप्त भएका तथ्यहरूलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ । यसमा विशेषगरी समावेशिता तथा सहभागिताको अवस्था, उम्मेदवारी प्रक्रिया, मतदाताले आफ्नो अधिकार प्रयोग गर्न पाए वा नपाएको अवस्था, निर्वाचन अवधिमा सुरक्षा व्यवस्था तथा निर्वाचन प्रक्रियामा सरोकारवाला निकायहरूको भूमिका लगायतका मानव अधिकारसँग सम्बन्धित तथ्य र प्रमाणमा आधारित भई प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा पृष्ठभूमि, दोस्रो परिच्छेदमा निर्वाचन र मानव अधिकारसम्बन्धी कानूनी प्रावधानहरू, तेस्रो परिच्छेदमा आयोगद्वारा सम्पादित गतिविधिहरू, चौथो परिच्छेदमा विगतका सुझाव/सिफारिसहरूको कार्यान्वयन अवस्था पाँचौँमा अनुगमनबाट प्राप्त तथ्यहरू (विषयगत तथा प्रदेशगत रूपमा), छैटौँ परिच्छेदमा विश्लेषण तथा  निष्कर्ष र सातौ परिच्छेदमा सिफारिस र सुझावहरू समावेश गरिएका छन् तथा अन्त्यमा प्रतिवेदनसँग सम्बन्धित अनुसूचीहरू समावेश गरिएको छ ।

परिच्छेद-२

# निर्वाचन र मानव अधिकारसम्बन्धी कानूनी प्रावधानहरू

लोकतान्त्रिक शासन प्रणालीको आधारभूत विशेषताको रूपमा रहेको आवधिक निर्वाचनमार्फत नागरिकलाई जन-प्रतिनिधि चयनगरी राज्य सञ्चालन प्रक्रियामा सहभागी हुने अवसर प्राप्त हुन्छ। नागरिकहरूले आफ्नो अधिकार स्वतन्त्र र भयरहित वातावरणमा प्रयोग गरी राजनीतिक निर्णय प्रक्रियामा सहभागी हुन पाउनु भनेको मानव अधिकारको एक महत्त्वपूर्ण र सुन्दर पक्ष पनि मानिन्छ। स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न हुने आवधिक निर्वाचनलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्र र कानूनी प्रावधानहरूले समेत मान्यता प्रदान गरेको पाइन्छ। जनताको सार्वभौमसत्तालाई व्यवहारिक रूपमा कार्यान्वयन र रूपान्तरण गर्नका लागि स्वतन्त्र, निष्पक्ष तथा पारदर्शी निर्वाचन मात्र सशक्त माध्यम हुन सक्छ। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ ले नागरिकको मताधिकार, समान सहभागिता, अभिव्यक्ति स्वतन्त्रता तथा राजनीतिक क्रियाकलापमा संलग्न हुने अधिकार सुनिश्चित गरेको छ।

## २.१ राष्ट्रिय प्रावधान

### (क) नेपालको संविधान:

नेपालमा निर्वाचन प्रक्रियालाई लोकतान्त्रिक र मानव अधिकारमैत्री बनाउन नेपालको संविधानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। संविधानले प्रदान गरेको व्यवस्थालाई दृष्टिगत गर्दा संविधानको प्रस्तावनामा समानुपातिक समावेशी सिद्धान्तमा आधारित प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार तथा आवधिक निर्वाचनलाई राज्य व्यवस्थाको आधारका रूपमा स्वीकार गरिएको छ। संविधानको भाग ३ अन्तर्गत रहेका मौलिक हकहरूले नागरिकको राजनीतिक सहभागितालाई बलियो आधार प्रदान गरेको छ। विशेषत: धारा १७ ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्णरूपमा भेला हुने स्वतन्त्रता तथा राजनीतिक दल खोल्न पाउने स्वतन्त्रता सुनिश्चित गरेको छ। यसले निर्वाचन प्रक्रियामा स्वतन्त्र र सक्रिय राजनीतिक सहभागितालाई प्रोत्साहन समेत गरेको पाइन्छ। संविधानको धारा १८ द्वारा प्रद्धत्त समानताको हकको प्रावधान हेर्दा सबै नागरिकलाई कानूनको दृष्टिमा समान व्यवहार हुने व्यवस्था गरेको छ। धारा ३८ ले महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको अधिकार प्रदान गरेको छ भने धारा ४० ले दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको छ। धारा ४२ ले सामाजिक न्यायको हकको व्यवस्था गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, पिछडिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई राज्य संरचनामा समावेशी सहभागिताको सुनिश्चितता गरेको छ। यस्तै धारा ८४ मा प्रतिनिधिसभाको गठनसम्बन्धी व्यवस्था तथा धारा १७६ मा प्रदेशसभाको गठनसम्बन्धी व्यवस्था गरिएको छ जसले निर्वाचन प्रणालीमार्फत जनप्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक प्रत्याभूति गरेको पाइन्छ।

### (ख) निवार्चनसँग सम्बन्धित कानूनहरू:

निर्वाचन सञ्चालन तथा व्यवस्थापनलाई कानूनी रूपमा व्यवस्थित गर्न नेपालमा विभिन्न कानूनहरू लागू गरिएका छन् जसले निर्वाचन प्रक्रियालाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्। केही

कानूनहरू देहायमा उल्लिखित छन्:-

१) **निर्वाचन आयोग ऐन, २०७३:** यस कानूनले निर्वाचन आयोगको संरचना, अधिकार र कर्तव्य निर्धारण गरी निर्वाचन सञ्चालन, नियमन तथा अनुगमन गर्ने जिम्मेवारी स्पष्ट पारेको छ जसले समग्र निर्वाचन प्रक्रियालाई विश्वसनीय बनाउन सहयोग पुऱ्याएको छ।

२) **प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४:** यसले सङ्घीय संसद्का सदस्यहरूको निर्वाचन प्रक्रिया, उम्मेदवारी दर्ता, मतदान तथा मतगणनासम्बन्धी विस्तृत व्यवस्था गरेको छ जसले लोकतान्त्रिक प्रतिनिधित्वको सुनिश्चितता समेत गरेको छ।

३) **प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ :** यसले प्रदेश तहमा प्रतिनिधि चयन गर्ने प्रक्रियालाई कानूनी आधार प्रदान गरी सङ्घीय संरचनालाई सुदृढ बनाउने मार्गनिर्देश प्रदान गरेको छ।

४) **मतदाता नामावली ऐन, २०७३** : यसले योग्य नागरिकहरूको नाम दर्ता, अद्यावधिक तथा संरक्षण गर्ने व्यवस्था गरी प्रत्येक नागरिकलाई मताधिकार प्रयोग गर्ने सुनिश्चितता गरेको छ।

५) **निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३:** यसले निर्वाचन प्रक्रियामा हुने अनियमितता तथा अपराधहरू जस्तै मतको मोलमोलाई र खरिद बिक्री, धम्की, मतदानमा अवरोध, मतपत्र दुरूपयोग गर्ने कार्य आदिलाई स्पष्टरूपमा परिभाषित गरी त्यस्ता कार्यमा संलग्न हुनेहरूलाई जरिवाना, कैद वा दुवै सजायको व्यवस्था गरेर निष्पक्षता कायम गर्ने आधार तय गरेको छ।

६) **राजनीतिक दलसम्बन्धी ऐन, २०७३:** यसले राजनीतिक दलहरूको दर्ता, सञ्चालन, आन्तरिकरूपमा लोकतन्त्रको सुदृढीकरण, आर्थिक पारदर्शिता तथा आचारसंहिता पालनाको सुनिश्चितता प्रदान गर्दै स्वस्थ राजनीतिक प्रतिस्पर्धा प्रवर्द्धन गर्न मद्दत गरेको छ।

७) **निर्वाचन आचारसंहिता, २०८२:** यस संहिताले निर्वाचन प्रक्रियालाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउने साथै राजनीतिक दल, उम्मेदवार र सम्बन्धित निकायलाई स्पष्ट नियम र मर्यादाभित्र राख्ने आधार तय गरेको छ। शक्तिको दुरूपयोग, घृणाजन्य अभिव्यक्ति, मतदाताहरूलाई दिइने प्रलोभन र राज्यको स्रोत तथा साधनको दुरूपयोगलाई नियन्त्रण गर्ने, सामाजिक सञ्जालको प्रयोगलाई पनि नियमन गर्ने प्रावधान समेटेको छ। यसका अतिरिक्त, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन नियमावली, निर्वाचन अनुगमन निर्देशिका, निर्वाचन पर्यवेक्षण नीति तथा आचारसंहिता जस्ता सहायक नीतिगत व्यवस्थाहरूले निर्वाचन प्रक्रियालाई अझ व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउँदै नागरिकलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागीता जनाउने वातावरण सिर्जना गर्ने भएकोले राष्ट्रियरूपमा यी कानूनहरूको महत्व अझ बढेको छ।

## २.२ अन्तर्राष्ट्रिय प्रावधान

निर्वाचन प्रक्रियामा नागरिकको स्वतन्त्र सहभागिता, समान मताधिकार तथा राजनीतिक अधिकारको संरक्षणका लागि विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूले स्पष्ट मापदण्ड निर्धारण गरेका छन्। यी व्यवस्थाहरूले लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउने तथा मानव अधिकारको सम्मानको सुनिश्चितता प्रदान गर्दछन्। नेपालले पनि यस्ता विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा घोषणापत्रहरूमा प्रतिबद्धता जनाउँदै निर्वाचन प्रक्रियालाई

मानव अधिकारमैत्री बनाउने दायित्व वहन गरेको छ।

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** को धारा २१ ले प्रत्येक नागरिकलाई आफ्नो देशको शासन सञ्चालनमा प्रत्यक्ष तथा स्वतन्त्र रूपमा निर्वाचित प्रतिनिधिहरूमार्फत सहभागी हुने अधिकार प्रदान गरेको छ। यसै धाराले प्रत्येक नागरिकलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँचको अधिकार रहेको उल्लेख गरेको छ। साथै जनइच्छा नै शासन सञ्चालनको आधार हुने र त्यस्तो जनइच्छालाई स्वतन्त्र तथा निष्पक्ष आवधिक निर्वाचनमार्फत गोप्य मतदानको माध्यमबाट अभिव्यक्त गरिनुपर्ने व्यवस्था समेत गरिएको पाइन्छ।

- **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६** को धारा २५ ले प्रत्येक नागरिकलाई विनाभेदभाव वा विनाअनुचित प्रतिबन्ध सार्वजनिक जीवनमा सहभागी हुने अधिकारको सुनिश्चितता गरेको छ। यस व्यवस्थानुसार नागरिकले प्रत्यक्ष वा स्वतन्त्र रूपमा निर्वाचित प्रतिनिधिमार्फत शासन सञ्चालन प्रक्रियामा सहभागी हुन पाउँछन्। यसका साथै सबै नागरिकलाई समान मताधिकारका आधारमा हुने आवधिक निर्वाचनमा मतदान गर्न र उम्मेदवार बन्न अवसर प्रदान गरिनुपर्ने उल्लेख गरिएको छ।

- **महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९** ले विशेष व्यवस्था गरेको छ। महिलाको राजनीतिक अधिकार र सार्वजनिक जीवनमा सहभागीता सुनिश्चित गर्न यस महासन्धिको धारा ७ बमोजिम पक्ष राष्ट्रहरूले महिलाविरूद्ध हुने भेदभाव हटाउँदै पुरूषसरह समान आधारमा महिलालाई निर्वाचनमा मतदान गर्ने, उम्मेदवार बन्ने, सार्वजनिक पद धारण गर्ने तथा राज्यका नीति-निर्माण प्रक्रियामा सहभागी हुने अवसर सुनिश्चित गर्नुपर्ने दायित्व सिर्जना गरेको छ। साथै महिलालाई राजनीतिक तथा सार्वजनिक जीवनसँग सम्बन्धित गैरसरकारी संघसंस्थाहरूमा सहभागीता जनाउने अधिकार पनि प्रदान गरिएको छ।

- **सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५** ले जातीय भेदभावको अन्त्य गर्दै सबै नागरिकलाई समान राजनीतिक अधिकार सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ। यसअन्तर्गत नागरिकहरूले सार्वभौमिक तथा समान मताधिकारका आधारमा निर्वाचनमा भाग लिन, मतदान गर्न, उम्मेदवार बन्न तथा सरकारका विभिन्न तहमा सार्वजनिक कार्य सञ्चालनमा सहभागी हुने अधिकार प्रदान गरेको छ।

- **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६** ले महत्त्वपूर्ण व्यवस्थाहरू गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा समान सहभागिताको सुनिश्चितता गर्न यस महासन्धिको धारा २९ अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह निर्वाचनमा मतदान गर्ने, उम्मेदवार बन्ने तथा सार्वजनिक जीवनमा प्रभावकारी रूपमा सहभागी हुने अधिकार सुनिश्चित गरिनुपर्छ। यसका लागि मतदान प्रक्रिया, निर्वाचनसम्बन्धी सामग्री तथा सुविधाहरू पहुँचयोग्य, बुझाईमा सहज र सरल बनाइनुपर्ने उल्लेख गरिएको छ। यस्तै अपाङ्गता भएका व्यक्तिहरूले गोप्य मतदानको माध्यमबाट स्वतन्त्र रूपमा आफ्नो मत अभिव्यक्त गर्न पाउने र आवश्यक परे आफूले रोजेको व्यक्तिबाट सहयोग प्राप्त गर्न सक्ने व्यवस्था पनि सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ।

उपरोक्त अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूले निर्वाचन प्रक्रियामा समानता, समावेशिता तथा मानव अधिकारको सम्मानलाई सुनिश्चितता गर्न महत्त्वपूर्ण मार्गदर्शन प्रदान गरेका छन् । यी सिद्धान्तहरूको कार्यान्वयनले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष तथा सबै नागरिकको सहभागीता सुनिश्चित गर्ने लोकतान्त्रिक प्रक्रियाका रूपमा स्थापित गर्न समेत सहयोगी हुन सक्छन् ।

## २.३ निर्वाचनसँग सम्बन्धित स्थापित नजीरहरू:

### (क) तराई-मधेश लोकतान्त्रिक पार्टी विरूद्ध निर्वाचन आयोग (०८०-WO-०९३६)

उल्लिखित मुद्दामा निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार "तराई-मधेश" जस्ता भौगोलिक वा क्षेत्रीय शब्द प्रयोग गरिएको सो कारण राष्ट्रिय एकता र समावेशितालाई प्रतिकूल असर पार्ने कारण देखाउँदै दललाई आफ्नो नाम परिवर्तन गर्न निर्देशन दिएको थियो । उक्त निर्देशनलाई चुनौती दिँदै तराई-मधेश लोकतान्त्रिक पार्टीले आयोगको निर्णय अधिकार क्षेत्रभन्दा बाहिर रहेको, राजनीतिक स्वतन्त्रतामाथि अनुचित हस्तक्षेप भएको तथा "तराई-मधेश" शब्द संविधानविपरीत वा विखण्डनकारी नभएको जिकिर गर्दै रिट निवेदन दायर गर्‍यो । प्रारम्भिक सुनुवाइमा सर्वोच्च अदालतले अन्तिम निर्णय नभएसम्म पार्टीलाई यथास्थितिमा पुरानै नाम प्रयोग गर्न दिने अन्तरिम आदेश जारी गर्दै अपूरणीय क्षति हुन सक्ने अवस्था औँल्यायो । मूलतः निर्वाचन आयोगको अधिकारको सीमा, राजनीतिक दलको नामाकरण स्वतन्त्रता र पहिचानमा आधारित शब्दहरूको संवैधानिक वैधताबारे महत्त्वपूर्ण कानूनी प्रश्न उठाएको छ ।

### (ख) किशोरी साह विरूद्ध निर्वाचन आयोग (०८२-WO-०९७२)

निर्वाचन आयोगले उम्मेदवारको कानूनी अयोग्यता (ब्ल्याकलिस्टमा रहेको आधार) देखाउँदै उम्मेदवारी खारेज गरेपछि उक्त निर्णयविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएकोमा अदालतले प्रारम्भिक रूपमा कारण देखाउ आदेश जारी गरी विषयलाई गम्भीर रूपमा लिएको भए पनि अन्ततः निर्वाचन प्रक्रियालाई अवरूद्ध नगर्ने दृष्टिकोण अपनाउँदै अन्तरिम आदेश दिन अस्वीकार गरेको देखिन्छ । यस मुद्दाले निर्वाचनमा सहभागीता जनाउने मौलिक अधिकार पूर्णरूपमा निरपेक्ष नभई कानूनी योग्यता र मापदण्डद्वारा सीमित रहने, अयोग्य उम्मेदवारका मतलाई मान्यता नदिने र अदालतले निर्वाचन प्रक्रियामा अनावश्यक हस्तक्षेप नगर्ने, न्यायिक संयमता अपनाउने जस्ता महत्त्वपूर्ण सिद्धान्तहरूलाई प्रष्ट पार्दै निष्पक्ष, स्वच्छ र स्थिर निर्वाचन प्रणालीलाई सुदृढ गर्ने दिशामा महत्त्वपूर्ण नजिर स्थापित गरेको देखिन्छ । साथै, अन्तरिम आदेश नदिई निर्वाचन प्रक्रियामा अनावश्यक हस्तक्षेप नगर्ने दृष्टिकोणले संवैधानिक निकायको स्वायत्तता, निर्वाचन प्रणालीको स्थायित्व र जनविश्वासलाई मजबुत बनाउँदै समग्रमा पारदर्शी र उत्तरदायी निर्वाचन प्रणालीको प्रवर्द्धन गर्ने महत्त्वपूर्ण नजिर स्थापना गरेको छ ।

### (ग) रेशम चौधरी विरूद्ध निर्वाचन आयोग (०८२-WO-०८१६)

यस मुद्दामा सर्वोच्च अदालतले निर्वाचनमा भाग लिन पाउनु महत्त्वपूर्ण लोकतान्त्रिक अधिकार भएपनि यो पूर्ण रूपमा निरपेक्ष नभई कानूनद्वारा निर्धारण गरिएका योग्यता र मापदण्डभित्र सीमित रहने स्पष्ट पारेको छ । टिकापुर घटनासँग सम्बन्धित आपराधिक मुद्दामा दोषी ठहर भइसकेपछि सजाय कायम रहँदासम्म उम्मेदवार बन्न नपाउने कानूनी व्यवस्था लागू हुने भएकाले निर्वाचन आयोगले उम्मेदवारी अस्वीकृत गर्नु वैधानिक

ठहरिएको हो। अदालतले यस क्रममा निर्वाचन आयोगको संवैधानिक स्वायत्तताको सम्मान गर्दै अनावश्यक हस्तक्षेप नगर्ने न्यायिक संयमता देखाएको छ जसले चुनावी प्रक्रियाको स्थायित्व, समानता र समयबद्धता कायम राख्न मद्दत गरेको छ। साथै यस निर्णयले कानूनको शासन सर्वोच्च रहने सिद्धान्तलाई बलियो बनाउँदै यदि कुनै व्यक्ति कानूनी रूपमा अयोग्य छ भने मतदाताको समर्थनले मात्र उसलाई चुनाव जित्ने अधिकार दिन सक्दैन भन्ने स्पष्ट नजिर स्थापित गरेको पाइन्छ।

**(घ) माधव प्रसाद चम्लागाईं समेत विरूद्ध निर्वाचन आयोग (०८२-WO-०६५३)**

अधिवक्ता माधव प्रसाद चम्लागाईँ लगायतले दायर गरेको रिटमा सर्वोच्च अदालतले महत्त्वपूर्ण अन्तरिम आदेश जारी गरेको थियो। मुद्दामा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत राजनीतिक दलहरूले बन्द सूची पेश गर्दा संविधानले तोकेको समावेशी सिद्धान्त (महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक आदि) अनिवार्य रूपमा पालना गर्नुपर्ने भनी माग गरिएको थियो। अदालतले निर्वाचन आयोगलाई स्पष्ट निर्देशन दिँदै यदि कुनै दलको समानुपातिक उम्मेदवार सूचीमा समावेशिता पर्याप्त नभएमा त्यस्तो सूची स्वीकृत नगर्न र दललाई तत्काल सच्याउन आदेश दिएको थियो।

यस फैसलाले नेपालको संविधानको धारा १७ (निर्वाचनमा भाग लिने अधिकार), धारा १८ (समानताको हक) र धारा ४२ (समावेशी अधिकार) लाई प्रत्यक्ष संरक्षण गर्दछ। यस मुद्दाले "निर्वाचनमा सबै समुदायको प्रतिनिधित्व हुनुपर्छ, कुनै समूहलाई छाड्नु हुँदैन" भन्ने कुरालाई विशेष जोड दिन्छ। यसले अपाङ्गता भएका व्यक्ति, महिला, दलित, जनजाति जस्ता पछाडि परेका र पारिएका समुदायको राजनीतिक सहभागिताको अधिकार सुनिश्चित गर्दछ। ICCPR को धारा २५ (निष्पक्ष निर्वाचन) सँग जोडिँदै यो निर्णयले निर्वाचन प्रक्रियालाई थप न्यायपूर्ण, समावेशी र लोकतान्त्रिक बनाएको छ जसले समाजमा समानता र समावेशिता सम्बन्धी मानव अधिकारको सिद्धान्तलाई बलियो बनाउँछ।

**(ङ) सुनिल बाबु पन्त समेत विरूद्ध नेपाल सरकार (०७०-WO-०२८७)**

नेपालमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको मतदान अधिकारसम्बन्धी महत्त्वपूर्ण कानून यसै नजिर मार्फत स्थापित भएको हो। यसमा सर्वोच्च अदालतले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई प्राकृतिक व्यक्तिका रूपमा मान्यता दिँदै समान अधिकार तथा राज्यका सबै प्रक्रियामा सहभागीता सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको थियो। तत्पश्चात्, नेपालको संविधानले लैङ्गिक पहिचान तथा यौनिक अभिमुखीकरणका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ।

यसै नजिरको कार्यान्वयनको आधार पहिचान गर्दा, निर्वाचन आयोगद्वारा मतदाता नामावलीमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचान समावेश गर्नाले स्वपहिचान अनुरूप मतदान गर्ने संवैधानिक तथा कानूनी अधिकार प्रयोग गर्न मार्ग प्रशस्त गरेको छ।

**(च) शेरबहादुर देउवा तथा पूर्णबहादुर खड्कासमेत विरूद्ध निर्वाचन आयोगसमेत (०८२-WO-०७७३)**

उल्लिखित मुद्दामा नेपाली कांग्रेस पार्टीभित्रको आन्तरिक विवाद र विशेष महाधिवेशनको वैधानिकताबारे प्रश्न उठेकोमा निर्वाचन आयोगले गगन थापा पक्षलाई आधिकारिक दलको मान्यता दिएपछि देउवा पक्षले आयोगको निर्णय खारेज गरी निर्वाचन प्रक्रिया रोक्न माग गर्दै रिट दायर गरेको थियो। अदालतले अहिले

आयोगको निर्णय यथावत राख्दै मुद्दालाई पूर्ण सुनुवाईका लागि अघि बढाएको थियो। सर्वोच्च अदालतले २०८३/०१/०३ मा निर्णय गर्दै आयोग एक स्वतन्त्र संवैधानिक निकाय भएकोले उक्त निकायको निर्णयमा स्पष्ट कानून उल्लङ्घन, बदनियत वा प्राकृतिक न्यायको उल्लङ्घन नभएसम्म हस्तक्षेप गर्न नमिल्ने ठहर गऱ्यो र यस विषयमा सो अवस्था नदेखिएको निष्कर्षसहित रिट निवेदन खारेज गरी आयोगको निर्णय यथावत् कायम राख्यो। राजनीतिक प्रश्नमा न्यायिक आत्मसंयम (judicial restraint) को अभ्यासलाई बलियो बनाउँदै राजनीतिक दलभित्रका आन्तरिक विवाद वा निर्वाचनसम्बन्धी प्रशासनिक निर्णयमा प्रक्रियागत स्पष्टता भएको अवस्थामा अदालतले हस्तक्षेप नगर्ने नजिर स्थापित भएको छ।

परिच्छेद-३

# आयोगद्वारा सम्पादित गतिविधिहरू

## ३.१ निर्वाचन अनुगमन सम्बन्धी कार्यदल गठन

आयोगले निर्वाचनलाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन सम्बन्धी कार्यहरू गर्नका लागि मिति २०८२/१०/०७ गतेको सचिवस्तरीय निर्णय बमोजिम अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुखको संयोजकत्वमा १२ सदस्य रहेको एक कार्यदलको गठन गरिएको थियो । कार्यदलले प्राप्त जिम्मेवारी बमोजिम सरोकारवालाहरूसँग छलफल, आयोगमा आन्तरिक रुपमा पदाधिकारी सहित कर्मचारीहरूबीच विभिन्न चरणमा बैठक बसी रूजुसूची अद्यावधिक, निवार्चनसँग सम्बन्धित ब्रोसर तयारी, सञ्चार अनुगमन, निर्वाचन सम्बन्धी उजूरी ग्रहण, आयोगबाट जारी भएका प्रेस विज्ञप्ति तयारीमा आवश्यक समन्वय लगायतका कार्यहरू सम्पन्न गरेको थियो । आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०८२ को मानव अधिकारका दृष्टिकोणबाट तीन (मतदान पूर्व, मतदानको दिन र मतदान पश्चात्) चरणमा अनुगमन सम्पन्न गरेको छ । अनुगमन ८० टोलीबाट ७५ जिल्लाको अनुगमन गरिएको थियो । निर्वाचन अनुगमनको लागि आयोगको केन्द्रीय कार्यालय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट अनुगमन टोलीहरू खटिएका थिए । अनुगमन टोलीको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**निर्वाचन प्रयोजनको लागि आयोगले निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरेको थियो:-**

## ३.२ सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया

(क) मिति २०८२/०९/१८ गते निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित तथा मानव अधिकारमैत्री बनाउन र विगतका निर्वाचनमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग र निर्वाचन आयोगका पदाधिकारीबिच छलफल भएको थियो ।

(ख) मिति २०८२/१०/१९ गते राजनीतिक दलहरूसँग प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलको भूमिकाको सम्बन्धमा छलफल भएको थियो ।

(ग) मिति २०८२/१०/२० गते सञ्चारकर्मीहरूसँग प्रतिनिधि सभा सदस्य निर्वाचनमा सञ्चारकर्मीहरूको भूमिका सम्बन्धमा छलफल भएको थियो ।

(घ) मिति २०८२/१०/२२ गते पर्यवेक्षकहरूसँग प्रतिनिधि सभा सदस्य निर्वाचनमा पर्यवेक्षकहरूको भूमिका सम्बन्धमा छलफल भएको थियो ।

(ङ) मिति २०८२/११/०४ गते निर्वाचनको सन्दर्भमा सुरक्षा निकायहरूको सुरक्षा तयारी तथा चुनौती सम्बन्धमा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल सम्पन्न भएको थियो ।

## ३.३ निर्वाचन अनुगमन रूजुसूची (Check List) र अनुगमनमा खटिने कर्मचारीका लागि आचारसंहिता तयारी

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन अनुगमनको लागि विगतमा तयार गरेको अनुगमन रूजुसूचीलाई

अद्यावधिक गरी कार्यान्वयनमा ल्याएको थियो। त्यसैगरी आयोगबाट अनुगमनमा खटिने कर्मचारीहरूका लागि आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याएको थियो। *(दुवै दस्तावेजको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ)*

## ३.४ निर्वाचनसँग सम्बन्धित फ्लाएर, ब्रोसर तथा अनुरोध पत्र

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को निर्वाचनमा मानव अधिकार अनुगमनका विषयहरू र बाल अधिकारको संरक्षण सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय बाल अधिकार परिषद् र UNICEF को संयुक्त सहकार्यमा निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात गर्न हुने र गर्न नहुने विषयहरू समेटिएको डिजिटल फ्लायर र निर्वाचन र निर्वाचन र मानव अधिकार सम्बन्धी संक्षिप्त जानकारी शीर्षकको डिजिटल ब्रोसर तयारी मानव अधिकार सम्बन्धमा संक्षिप्त जानकारी सहितको ब्रोसर तयारी गरिएको थियो। त्यसैगरी निर्वाचन मानव अधिकारमैत्री, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण तथा समावेशी रुपमा सम्पन्न हुनको लागि मद्दत पुग्ने गरी राष्ट्रिय मानव अधिकार आयोगको अनुरोध पत्र, २०८२ तयार पारिएको थियो। फ्लाएर, ब्रोसर र अनुरोध पत्र *अनुसूचीमा समावेश गरिएको छ।*

## ३.५ प्रेस-विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनको सम्बन्धमा निम्न बमोजिम प्रेस-विज्ञप्ति जारी गरेको थियो। (प्रेस-विज्ञप्तिहरू अनुसूचीमा समावेश गरिएको छ)

(क) मिति २०८२/०९/२४ गते घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आग्रह; आयोगले निर्वाचनको अनुगमन गर्ने।

(ख) मिति २०८२/१०/१३ गते निर्वाचन र शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गर; शान्ति सुरक्षाको अवस्थालाई थप मजबुत बनाऊ।

(ग) मिति २०८२/१०/१९ गते निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड।

(घ) मिति २०८२/१०/२२ गते निर्वाचन आचारसंहिताको पालनामा गम्भीर बन; निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड।

(ङ) मिति २०८२/११/०४ गते निर्वाचन सुरक्षासम्बन्धी आवश्यक सामग्रीहरूको यथोचित व्यवस्था गर।

(च) मिति २०८२/११/१२ गते निर्वाचनमा बालबालिकाको प्रयोग नगर; शान्ति सुरक्षालाई मजबुत बनाऊ।

(छ) मिति २०८२/११/१७ गते निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर; आयोगद्वारा निर्वाचनपूर्वको अनुगमन।

(ज) मिति २०८२/११/१९ गते उत्साहपूर्ण रूपमा मतदानमा भाग लिन आग्रह; निर्वाचन अनुगमनका लागि आयोगद्वारा उच्चस्तरीय टोली परिचालन।

(झ) मिति २०८२/११/२१ गते आयोगद्वारा प्रतिनिधिसभाको निर्वाचनको अनुगमन, मानव अधिकारको दृष्टिमा निर्वाचन सन्तोषजनक रहेको भन्दै प्रेस-विज्ञप्ति जारी।

### ३.६ सञ्चार अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनको सम्बन्धमा केही सञ्चार माध्यममा प्रकाशित, प्रसारित भएका समाचारहरूको साथै विभिन्न सामाजिक सञ्जालहरूमा आएका मानव अधिकारका विषयहरूमा समेत डेस्क अनुगमन गरेको थियो। (सञ्चार अनुगमन अनुसूचीमा समावेश गरिएको छ)

### ३.७ निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएको भन्ने सम्बन्धमा उजुरीहरू/निवेदनहरू

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिकालाई भौतिक तथा अनलाइन माध्यमबाट सहभागी गराएको भन्ने विषयमा आयोगलाई विभिन्न माध्यमबाट जानकारी तथा निवेदनहरू प्राप्त हुन आएका थिए। यस सम्बन्धमा आयोगले नियमित रुपमा अनुगमन गरेको साथै निर्वाचन आचारसंहिता, २०८२ र बालबालिका सम्बन्धी ऐन, २०७५ विपरीतको कार्य भएको भनी निर्वाचन आयोगलाई समेत पत्राचार गरेको थियो। *(विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ)*

### ३.८ राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र, प्रतिज्ञापत्रहरूको अध्ययन

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनमा राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र, प्रतिज्ञापत्र लगायतमा समावेश भएका मानव अधिकारका विषयहरूलाई समेत अध्ययन गर्ने प्रयास गरिएको छ। उक्त अध्ययनमा आयोगले केही नमूनागत रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, ने.क.पा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र श्रम संस्कृति पार्टीबाट जारी भएका घोषणापत्र, प्रतिज्ञापत्रमा के कस्ता मानव अधिकारका विषयहरूलाई समावेश गरिएको रहेछ भनी अध्ययन गरिएको छ। *(अध्ययन गरिएको विषय अनुसूचीमा समावेश गरिएको छ)*

### ३.९ राष्ट्रिय मानव अधिकार आयोग र Digital Rights Nepal सँग समन्वय

राष्ट्रिय मानव अधिकार आयोग र Digital Rights Nepal को समन्वयमा Election, Digital Rights and Role of NHRC विषयक छलफल कार्यक्रम आयोगमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा आयोगका पदाधिकारीहरू सहित निर्वाचन अनुगमनमा खटिने कर्मचारीहरूको सहभागीता रहेको थियो।

परिच्छेद-४

# विगतका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्था

## ४.१ नेपाल सरकारलगायत सरोकारवाला निकायहरूलाई दिइएका सुझाव र कार्यान्वयन अवस्था:

आयोगबाट २०६४ सालको पहिलो संविधानसभा निर्वाचनदेखि हालसम्म सम्पन्न भएका निर्वाचनहरूको मानव अधिकारको दृष्टिकोणबाट निरन्तर अनुगमन गर्दै आइरहेको छ। अनुगमन पश्चात् आयोगले प्राप्त तथ्यको आधारमा नेपाल सरकार, निर्वाचन आयोग लगायत सरोकारवालाहरूलाई सुझाव दिने र सिफारिस गर्ने कार्य समेत आयोगले गर्दै आएको छ। आयोगबाट हालसम्म नेपाल सरकारलाई २२ वटा, निर्वाचन आयोगलाई २८ वटा, राजनीतिक दल तथा उम्मेदवारहरूलाई १७ वटा सिफारिस गर्नुका साथै सञ्चारकर्मीहरूलाई तथा अनुगमनकर्ताहरूलाई समेत सुझाव दिने र सिफारिस गर्ने कार्य समेत आयोगले गर्दै आएको छ।

### (क) नेपाल सरकार

आयोगबाट नेपाल सरकारलाई हालसम्म गरिएका २२ वटा सिफारिसहरूमध्ये ७ वटा सिफारिसहरू कार्यान्वयन भएको देखिन्छ। समग्रमा निर्वाचनमा शान्ति सुरक्षाको प्रबन्ध राम्रो रहेको तर निर्वाचनको मिति तोक्ने जिम्मेवारी निर्वाचन आयोगलाई दिने, वैदेशिक रोजगारीमा रहेका मतदाताहरूको मताधिकार सुनिश्चित गर्ने कार्य, मतदानमा यान्त्रिक प्रणाली अबलम्बन गर्ने, मतदाता शिक्षा प्रभावकारी बनाउने जस्ता सिफारिसहरू अझै पनि कार्यान्वयन हुन नसकेको पाइएको छ।

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १ | आयोगबाट प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन, २०७४ र प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ अन्तर्गत नेपाल सरकार समक्ष प्रदान गरिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने (जस्तैः निर्वाचन आयोगलाई निर्वाचनको मिति तोक्ने अधिकार दिनुपर्ने । विद्यालयमा मतदानस्थल नराख्न र वैकल्पिक मतदान केन्द्रको लागि आवश्यक पूर्वाधार तयार गर्नुपर्ने, अपाङ्गमैत्री निर्वाचन केन्द्र पहिचान गर्ने साथै साविकका सबै मतदान केन्द्रहरूलाई समयमै अपाङ्गमैत्री बनाउने, धार्मिक स्थलहरूमा मतदान केन्द्र नराख्ने आदि) | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | २०७४ र २०७९ सालमा प्रदान गरिएका सुझाव तथा सिफारिसमा निर्वाचन आयोगलाई निर्वाचनको मिति तोक्ने अधिकार प्राप्त नभएको ।<br>विद्यालय, धार्मिक स्थल र स्वास्थ्य केन्द्रहरूको वैकल्पिक व्यवस्था भएको नपाइएको ।<br>केही मतदानस्थलहरू अपाङ्गमैत्री भएता पनि पूर्णरुपमा हुन नसकेको । |
| २ | नागरिकता नभएका व्यक्तिहरू (विशेष गरी महिलाहरू) मतदान प्रक्रियाबाट वञ्चित भएको पाइएकोले नागरिकताको समस्या समाधान गरी मताधिकार सुनिश्चित गरिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ | आमाको नामबाट नागरिकता जारी गर्ने व्यवस्था भएता पनि हालसम्म नागरिकता विहीनहरूको मताधिकार पूर्णरूमा सुनिश्चित हुन नसकेको । |
| ३ | मतदान प्रक्रियामा हुने खर्चलाई मितव्ययी बनाउन, मतदान प्रक्रियामा सहज पहुँचको अभिवृद्धि गर्न तथा निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित एवं छिटो छरितो निर्वाचन परिणामका लागि विद्युतीय मतदान प्रणालीको व्यवस्था गरिनुपर्ने ।<br>प्रचलित कानूनबमोजिम निर्वाचन खर्चलगायतका विवरणहरू समयमा नै निवार्चन आयोगमा पेश गर्नुका साथै सवर्साधारणको जानकारीका लागि सार्वजनिक गर्ने परिपाटीको विकास गरी पारदर्शिता कायम गर्न । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>संविधानसभा निर्वाचन २०७० | मतदान प्रक्रियामा हुने खर्च मितव्ययी बनाउने सम्बन्धमा बैङ्किङ कारोबार शुरू भएको ।<br>विद्युतीय मतदान प्रणालीको व्यवस्था सम्बन्धमा विगतमा परीक्षणको रूपमा काठमाडौँको क्षेत्र नं. १ मा प्रयोग भएतापनि हालसम्म प्रयोगमा नआएको । |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ४ | सर्वोच्च अदालतको आदेश एवं आयोगबाट विगतमा गरिएको सिफारिस बमोजिम वैदेशिक रोजगारीमा रहेका व्यक्तिको मताधिकार सुनिश्चित गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था गरिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको मताधिकार हालसम्म सुनिश्चित नभएको । |
| ५ | निर्वाचन मिति तोक्दा कृषकहरूको व्यस्तता तथा मौसमी पक्षलाई समेत ध्यान दिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मौसमलाई पूर्णरुपमा ध्यान पुर्‍याउन नसकेको । |
| ६ | विविध किसिमका अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यकता अनुसारको उपयुक्त प्रविधि प्रयोग गरी मतदाता शिक्षा, सूचना तथा सामग्रीको उत्पादन र वितरणको व्यवस्था मिलाउनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | सूचना प्रविधिको प्रयोग गरी मतदाता शिक्षा, आवश्यक सामग्रीको उत्पादन कार्य सुरुवात भएता पनि प्रभावकारी रुपमा हुन नसकेको । |
| ७ | तीन तहका (स्थानीय, प्रदेश र सङ्घीय) सरकारहरूले तथ्याङ्क अद्यावधिक गरी मतदानस्थलको उचित छनोट गर्न समन्वय र सहकार्य गर्नुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मतदानस्थलको उचित छनोट गर्ने विषयमा तीनै तहका सरकारहरूबिच समन्वय र सहकार्य प्रभावकारी हुन नसकेको । |
| ८ | निर्वाचनका कारण विद्यालयको पठनपाठन बन्द हुने, अस्पतालका सेवाहरू समेत प्रभावित भएको देखिएकोले आगामी निर्वाचनमा अति आवश्यक सेवाहरू, विद्यालयको पठन पाठन र अस्पतालको सेवा लगायत बन्द नहुने सुनिश्चित हुनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | विद्यालयको पठनपाठन, स्वास्थ्य सेवा लगायतका अत्यावश्यक सेवाहरू हालसम्म पनि प्रभावित नै रहिरहेको । |
| ९ | निर्वाचनलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा प्राकृतिक विपत्तिको समयमा सामाजिक सेवा एकै स्थलबाट प्रवाह गर्नको लागि प्रत्येक पालिकाका वडाहरूमा बहुउपयोगी सामुदायिक भवनहरू निर्माण गरी तिनै भवनहरूलाई मतदान केन्द्र र मतगणनास्थलका रुपमा उपयोग गर्नुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | केही सामुदायिक भवनमा मात्र मतदान तथा मतगणना कार्य भएको । |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १० | बदर मतको प्रतिशत कम गर्न मतदान शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन आयोगसँग आवश्यक समन्वय गरी व्यवस्थापन गर्नुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मतदाता शिक्षालाई प्रभावकारी बनाउन इसिडी शिक्षक र महिला स्वास्थ्य स्वयं सेविका खटाइएको र सूचना प्रविधिको प्रयोग गरिएको भएता पनि ग्रामीण र दुर्गम स्थलहरूमा अझै पनि पर्याप्त र प्रभावकारी हुन नसकेको। |
| ११ | मतदाताहरूको गोप्य मतदानको अधिकार सुनिश्चत हुने गरी मतदानकेन्द्रमा सुरक्षाकर्मी परिचालन गरिनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मतदाताहरूको गोप्य मतदानको अधिकार केही हदसम्म सुरक्षित भएता पनि पूर्णरूपमा सुनिश्चित हुन नसकेको। |
| १२ | मतदान केन्द्र तथा मतगणना स्थलमा प्रभावकारी सुरक्षा व्यवस्था गरी मतदाता, मतपत्र, मतदान सामग्री र मतपेटिकाको सुरक्षाको प्रत्याभूति गर्न, गराउन।<br>सुरक्षा संयन्त्रलाई सदैव प्रभावकारी बनाउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४<br>संविधानसभा निर्वाचन, २०७० | विगतको तुलनामा सुरक्षाको प्रत्याभूति गरिएको पाइएको।<br>मतपेटिका सङ्कलन कार्यमा राजनीतिक दलका प्रतिनिधिहरूको सहभागीता प्रभावकारी रूपमा हुन नसकेको। |
| १३ | मतदान केन्द्रहरूमा मतदाताहरूलाई खानेपानी, शौचालय, प्राथमिक उपचार सेवा आदिको पर्याप्त व्यवस्था गर्न, गराउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | अधिकांश मतदान स्थलहरूमा व्यवस्था भएको पाइएता पनि अझै पनि पर्याप्त हुन नसकेको। |
| १४ | ज्येष्ठ नागरिक, सुत्केरी, महिला, र अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदानको दिन आवागमन सहज बनाई निजहरूको मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | आवागमनलाई सहज बनाउनका लागि प्रयास गरिएता पनि पूर्णरूपमा सुनिश्चित हुन नसकेको। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १५ | निर्वाचनमा खटिएका कर्मचारीहरू र सुरक्षाकर्मीहरू साथै अनुगमन र पर्यवेक्षणमा खटिएका कर्मचारीहरूले समेत पहिलो चरणमा कम्तीमा समानुपातिक तर्फ मतदान गर्न पाउने गरी निर्वाचन व्यवस्थापन गर्ने गरी कानूनी प्रवन्ध मिलाउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | समानुपातिक मतदानको लागि अस्थायी मतदान केन्द्रहरूको व्यवस्था, सो सम्बन्धमा पत्राचार, तथ्याङ्क सङ्लन गरिएको भएता पनि समन्वयको अभावको कारण प्रभावकारी हुन नसकेको। |
| १६ | निर्वाचनमा खटिएका कर्मचारीहरू र सुरक्षाकर्मीहरूलाई पर्याप्त रूपमा तालिम तथा अभिमुखीकरण गर्न र ती कर्मचारीहरूको कार्यमा एकरूपता ल्याउन र म्यादी प्रहरीको प्रवन्ध गर्नु नपर्ने अवस्था सिर्जना गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | विगतमा म्यादी प्रहरी र हाल निर्वाचन प्रहरी परिचालन भईरहेको हुँदा पूर्ण कार्यान्वयन हुन नसकेको। |
| १७ | निर्वाचनको समयमा मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीको उच्च सम्भावना रहने भएको हुँदा मानव अधिकारको रक्षाका लागि सतकर्ताका साथ उच्च सुरक्षाको व्यवस्था गर्न। | संविधान सभा निर्वाचन २०७० | उच्च सुरक्षाको व्यवस्था र सतर्कतामा सुधार हुँदै आइरहेको देखिन्छ। |
| १८ | स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न, गराउनका लागि पर्याप्त संरक्षण व्यवस्था गर्ने। | संविधान सभा निर्वाचन २०७० | तीनवटै सुरक्षा निकाय सहित निर्वाचन प्रहरी परिचालित भएको, समग्रमा अवस्था सन्तोषजनक रहेको देखिन्छ। |
| १९ | निर्वाचनका क्रममा मारिएका व्यक्तिका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गरी, दोषी पत्ता लगाई कानूनी कारबाही गर्नुपर्ने। साथै निवार्चनमा अवरोध पुऱ्याउनका लागि बम विष्फोट लगायतका गतिविधि गर्नेहरूको पहिचान गरी कानूनी कारबाही गर्नुपर्ने। | संविधान सभा निर्वाचन २०७० | जानकारी नभएको |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| २० | निर्वाचन प्रचारप्रसारको क्रममा सवारी साधन तोडफोड एवम् आगजनी भएकाले क्षति पुगेका सवारी साधनलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्दै दोषीलाई कानूनी दायरामा ल्याउन । | संविधान सभा निर्वाचन २०७० | जानकारी नभएको |
| २१ | संविधानसभा निर्वाचनको क्रममा मारिएका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न र हत्यामा संलग्न व्यक्तिको सम्बन्धमा अनुसन्धान गरी पहिचानपछि पीडकलाई कानूनी कारबाही गर्न । | संविधान सभा निर्वाचन २०६४ | जानकारी नभएको |
| २२ | नागरिकहरूमा त्रास फैलाउने भौतिक तथा मानवीय क्षति पुऱ्याउनको लागि विभिन्न स्थानमा गराइका बम विष्फोटनमा संलग्न व्यक्तिहरूको पहिचान गरी कारबाही गर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध, देशमा शान्ति सुरक्षाको स्थिति प्रभावकारी बनाउन । | संविधान सभा निर्वाचन २०६४ | सुरक्षा व्यवस्थामा सुधार हुँदै गएको हुँदा अप्रिय घटनाहरू न्यून हुँदै गएको । |

### (ख) निर्वाचन आयोग

निर्वाचन आयोगलाई गरिएका २८ वटा सिफारिसहरूमध्ये ३ वटा कार्यान्वयन भएको जसमा मतदाता परिचपय पत्रको वितरण, आचारसंहिता कार्यान्वयन अनुगमन संयन्त्रको व्यवस्था, राजनीतिक दल तथा उम्मेदवारबाट गरिने खर्चको पारदर्शिताका लागि बैंक खाता अनिवार्य गरिएको पाइयो । कुनै पनि उम्मेदवारलाई मतदान गर्दिन (Right to reject), विद्युतीय मतदान प्रणालीको अवलम्बन गर्ने जस्ता विषयको कार्यान्वयन भएको भने पाइएन ।

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १ | मतदान प्रक्रियामा हुने खर्चलाई मितव्ययी बनाउन, मतदान प्रक्रियामा सहज पहुँचको अभिवृद्धि गर्न तथा निर्वाचनलाई निष्पक्ष, धाधँलीरहित एवं छिटो छरितो निर्वाचन परिणामका लागि विद्युतीय मतदान प्रणालीको व्यवस्था गरिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | निर्वाचनमा हुने खर्चलाई मितव्ययी बनाउन बैङ्किङ कारोबार प्रारम्भ गरिएको, अधिकांश मतगणना स्थलमा सि.सि.टी.भी., डिजिटल बोर्डमार्फत सूचना प्रवाह गरेको, सुरक्षा सतर्कता अपनाइएको पाइएको हुँदा कार्यान्वयनमा सुधार भएको देखिन्छ । |
| २ | स्थानीय तहमा समेत सहजरूपमा मतदाता नामावली सङ्कलन गर्ने कार्य नियमित गर्नुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मतदाता नामावली सङ्कलनमा नियमितता दिएको पाइएको भए पनि सरोकावालाहरूमा पर्याप्त जानकारी तथा समन्वयको अभाव रहेको देखिन्छ । |
| ३ | वैदेशिक रोजगारीमा रहेका नागरिकहरूको मताधिकार सुनिश्चित गर्न आवश्यक कानूनी लगायतका व्यवस्थापन गर्नुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | सर्वोच्च अदालतबाट रिट नं. ०७३-WO-११४९ मार्फत मिति २०७४/१२/०२ मा वैदेशिक रोजगारीमा रहेका नागरिकहरूको मताधिकार सुनिश्चित गर्न परमादेश जारी गरिएता पनि हालसम्म कार्यान्वयन नभएको देखिन्छ । |
| ४ | निर्वाचनमा खटिएका सबै कर्मचारी, अनुगमनकर्ता, तथा पर्यवेक्षकलाई समानुपातिकतर्फ मतदानको अधिकारको सुनिश्चत गरिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | समानुपातिक मतदानको लागि अस्थायी मतदान केन्द्रहरूको व्यवस्था, सो सम्बन्धमा पत्राचार, तथ्याङ्क सङ्कलन गरिएको भएता पनि समन्वयको अभावको कारण प्रभावकारी हुन नसकेको देखिन्छ । |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ५ | मतदाता शिक्षा पर्याप्त रूपमा सम्बन्धित व्यक्तिहरूसम्म पुग्न नसकेको कारण मतदाताहरू र निर्वाचनमा खटिएका कर्मचारीहरूमा समेत अन्योल रहेको पाइएकोले मतदाता शिक्षाको पर्याप्त र प्रभावकारी व्यवस्था गर्न, गराउन मतदाता शिक्षा प्रभावकारी बनाई स्थानीय स्तरसम्म पुऱ्याउने कुरा सुनिश्चित गराउन, मतदाता शिक्षा दिने कार्यमा संलग्न स्वयंसेवकहरूलाई तालिम दिई कार्यक्षेत्रमा पठाउने व्यवस्था गर्न, मतदाता शिक्षालाई तालिका बनाएर नियमित सञ्चालन गर्नुपर्ने, बढी मत प्रतिशत बदर भएको स्थानको पहिचान गरी त्यस्ता स्थानहरूमा मतदाता शिक्षा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न । | संविधानसभा निर्वाचन २०७०<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | देश भरका ७५३ स्थानीय तहका ६,७४३ वडाहरूमा एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको भएता पनि बदर मतको संख्यामा कमी नआएकोले मतदाता शिक्षा अझै पनि पर्याप्त र प्रभावकारी नभएको देखिन्छ । |
| ६ | मतदानको दिन समेत सुरक्षाको आँकलन गरी सोही अनुरूप सार्वजनिक यातायात सुचारू हुन सकेमा अधिक नागरिकहरू मतदानमा सहभागी हुनसक्ने साथै अशक्त, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सहज हुने हुँदा सोही अनुरूप प्रबन्ध गर्नुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | मतदानको दिन अशक्त, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई केही स्थानमा यातायातको व्यवस्था गरिएको भएता पनि पर्याप्त नभएको देखिन्छ । |
| ७ | कारागारका कैदीबन्दी र लामो समय अस्पतालहरूमा उपचारार्थ भर्ना भएका मतदानको लागि योग्यता पुगेका व्यक्तिहरूको मताधिकार सुनिश्चितताको लागि विवरण सङ्कलन गरिनुपर्ने । | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | कारागारमा रहेका कैदीबन्दीहरूको लागि अस्थायी मतदान केन्द्र रहेको तर अस्पतालमा लामो समय उपचारार्थ भर्ना भएकाहरूको हकमा मताधिकार सुनिश्चित हुन नसकेको देखिन्छ । |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ८ | केही स्थानमा मतदाता सूचीमा नाम भएकाहरूको पनि मतदाता परिचयपत्र प्राप्त नभएको, केही परिचयपत्रहरूमा बाबु-आमाको नाम, वास्तविक ठेगाना, नामका अक्षरहरू नै गल्ती भेटिएकोले यस्ता त्रुटिहरूलाई दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | मतदाता नामावलीको अद्यावधिक भएता पनि अझै पनि पूर्ण रुपमा समस्याहरू समाधान हुन नसकेको देखिन्छ। |
| ९ | निर्वाचनसँग सम्बन्धित कानूनहरूमा सुधार गर्नु पर्ने विषयहरू जस्तै मतदाता नामावली ऐन, २०७३ मा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै मितिमा नगरी अलग-अलग मितिमा गर्नुपर्ने, राष्ट्रिय परिचयपत्र, नागरिकताको प्रमाणपत्र लिएपश्चात् स्वतः मतदाता नामावलीमा समावेश हुने, मृत्यूदर्ता प्रमाणपत्र लिए पश्चात् स्वतः मतदाता नामावलीमा नाम कट्टी हुने गरी विद्युतीय माध्यममा अद्यावधिक गरिनुपर्ने, त्यसैगरी राजनीतिक दलहरूलाई संविधानले तोकेको सामाजिक समावेशी सिद्धान्त अनुशरण गर्न सक्ने पारदर्शी र मानव अधिकारको सवालमा अझ जिम्मेवार बनाउन नियमन र सुपरिवेक्षण गर्ने सम्बन्धमा निर्वाचन आयोगलाई थप कानूनी अधिकारको व्यवस्था गर्नुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | निर्वाचनसँग सम्बन्धित कानूनहरूको परिमार्जन भएको, राष्ट्रिय परिचयपत्रलाई निर्वाचन मतदाता परिचय पत्रसँग एकिकृत गरिएको, मतदाता नामावली अद्यावधिक समेत गरिएको भएता पनि पूर्ण कार्यान्वयन नभएको, संविधानको मर्म, भावना र सामाजिक समावेशिकरणको सिद्धान्त अनुरूप राजनीतिक दलहरूले प्रभावकारी कार्यान्वयन गर्न जिम्मेवार हुन नसकेको देखिन्छ। |
| १० | सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश बमोजिम राजनीतिक दलले उठाएका उम्मेदवारलाई अस्वीकार गर्न पाउने अधिकार मत पत्रमा No vote सम्वन्धी व्यवस्था तथा Right to Reject सम्वन्धी व्यवस्था हुनुपर्ने देखिन्छ। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | कार्यान्वयन नभएको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ११ | अपाङ्गता तथा असक्त भएका व्यक्तिहरूको वारेश मार्फत मतदान गर्ने सिलसिलामा अधिकाँश ठाउँमा वादविवाद सिर्जना भएको पाइएकोले त्यसतर्फ थप संवेदनशील भई व्यवस्थापन गरिनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ। |
| १२ | निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न, गराउन र उल्लङ्घनकर्तालाई दण्ड जरीवानाको दायराभित्र ल्याउन, निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउनका लागि आचारसंहिता अनुगमन संयन्त्रलाई थप प्रभावकारी बनाउन। | संविधानसभा निर्वाचन, २०७०<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | निर्वाचन आचारसंहिता, २०८२ बमोजिम आचारसंहिता अनुगमन समिति गठन भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |
| १३ | शारीरिक तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि मतदाता शिक्षा सामग्रीहरूको उत्पादन तथा वितरण व्यवस्था समयमै गर्न, गराउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | अपाङ्गता मैत्री मतदाता शिक्षा सामग्री उत्पादन तथा वितरण व्यवस्था भएको पाइएन। |
| १४ | मतदानस्थलमा खानेपानी, शौचालय तथा प्राथमिक उपचारको उपयुक्त व्यवस्था हुन नसकेको पाइएकोले सोको प्रभावकारी व्यवस्था मिलाउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | अधिकांश मतदान स्थलहरूमा व्यवस्था भएको पाइएता पनि अझै पनि पर्याप्त हुन नसकेको देखिन्छ। |
| १५ | दुर्गम स्थानहरूमा मतदाताहरूका घर ठेगानाबाट मतदान केन्द्रहरूको दूरी अत्यन्त टाढा भई धेरै मतदाताहरू मतदानको अधिकारबाट वञ्चित रहेको पाइएको हुँदा मतदाताहरूलाई सहज पहुँच हुने गरी मतदान केन्द्रहरू स्थापना गर्ने, गराउने व्यवस्था मिलाउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | सकरात्मक प्रयास भएता पनि दूर्गम स्थानहरूमा अझै पनि पहुँचयुक्त नभएको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १६ | मतदानस्थलसम्मको पहुँचको लागि यातायात तथा अन्य आवश्यक व्यवस्था गर्न र खासगरी गर्भवती, दृष्टिविहीन, जेष्ठ नागरिक तथा अशक्त मतदाताको मताधिकार सुनिश्चिततालाई भरपर्दो र विश्वसनीय बनाउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | मतदानको दिन अशक्त, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई केही स्थानमा यातायातको व्यवस्था गरिएको भएता पनि पर्याप्त नभएको देखिन्छ। |
| १७ | सभा, जुलुस तथा चुनाव प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गर्ने, गराउने दल तथा उम्मेदवारलाई उचित दण्ड गर्ने व्यवस्था आचारसंहितामा समावेश गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको। |
| १८ | निर्वाचन प्रणालीलाई यान्त्रिक मतदान प्रणालीमा लैजान विस्तृत अध्ययन गर्न, गराउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | कार्यान्वयन हुन नसकेको देखिन्छ। |
| १९ | विदेशमा रहेका नागरिकहरूले मताधिकारको प्रयोग गर्न सक्ने गरी निर्वाचन कानूनमा आवश्यक संशोधनको पहल गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | आवश्यक संशोधन हुन नसकेको देखिन्छ। |
| २० | कसैलाई मत दिन्न (No Vote) भन्ने अधिकारको प्रचलन गराउन कानूनी प्रबन्ध हुन आवश्यक पहल गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | केही स्थानमा मतदाताहरूले सामुहिक निवार्चन बहिष्कार गरेको पाइएको तर कानूनी प्रबन्ध हुन नसकेको देखिन्छ। |
| २१ | मतदान कार्यमा खटिने कर्मचारी, पर्यवेक्षक, प्रतिनिधि र उम्मेदवारहरूको अलग-अलग पहिचान हुने पोशाक, व्याच र परिचय पत्रको व्यवस्था गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | परिचय पत्रको हकमा कार्यान्वयन भएको, अलग अलग पोशाकको हकमा कार्यान्वयन हुन नसकेको देखिन्छ। |
| २२ | निर्वाचनमा राजनीतिक दलहरूको गतिविधिहरूलाई स्वच्छ र पारदर्शी बनाउनका लागि आर्थिक व्यवहारलाई पारदर्शी बनाउन पर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गराउन। | संविधानसभा निर्वाचन, २०७० | बैंक खाता अनिवार्य बनाइएको छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| २३ | मतदान केन्द्र तोक्दा सबैलाई पायक पर्ने स्थानमा राख्न । | संविधानसभा निर्वाचन, २०७० | अधिकांश पायक पर्ने स्थानमा रहेको भएतापनि भौगोलिक रुपमा विकट स्थानहरूमा सबैलाई पायक पर्ने गरी हुन नसकेको देखिन्छ । |
| २४ | कुनै पनि धार्मिक स्थलहरूमा मतदान केन्द्र नराख्न । | संविधानसभा निर्वाचन, २०७० | धार्मिक स्थलहरूको अझै वैकल्पिक व्यवस्था हुन नसकेको देखिन्छ । |
| २५ | मतपेटिका ढुवानी तथा भण्डारणमा दलका प्रतिनिधिको पनि पहुँच विस्तार गरी यस्ता किसिमका विवादहरूबाट निर्वाचन प्रक्रियालाई टाढा राख्ने उपयुक्त वैकल्पिक व्यवस्था गर्न, गराउन । | संविधानसभा निर्वाचन, २०७० | प्रभावकारी हुन नसकेको देखिन्छ । |
| २६ | आगामी निर्वाचनदेखि आवश्यक सम्पूर्ण व्यवस्था मिलाई सम्बन्धित निर्वाचन क्षेत्रको मतगणना सोही क्षेत्रमा गर्ने व्यवस्था मिलाउन । | संविधानसभा निर्वाचन, २०७० | कार्यान्वयन हुँदै गएको पाइएको छ । |
| २७ | अभ्यासमा ल्याइएको मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचनलाई सहजतापूर्वक सम्पन्न गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्यो । यद्यपि मतदाता परिचयपत्रको व्यवस्था एवम् वितरणमा द्विविधा भएको तथा त्यसको तयारीमा त्रुटिहरू पाइएको हुँदा आगामी दिनमा त्रुटिरहित एवम् बैज्ञानिक मतदाता परिचयपत्रको व्यवस्था गरी समयमा नै मतदातासमक्ष पुर्‍याउने व्यवस्था गर्न । | संविधानसभा निर्वाचन, २०७० | मतदाता परिचपय पत्र वितरण कार्य भैरहेको, तथ्याङ्क अद्यावधिक भएतापनि प्रभावकारी हुन नसकेको देखिन्छ । |
| २८ | मतदान केन्द्र लैङ्गिक तथा अपाङ्गता भएका व्यक्तिमैत्री बनाउन । | संविधानसभा निर्वाचन, २०७० | केही मतदान स्थानहरूमा स्तनपान कक्ष रहेको, केही भवनहरू अपाङ्गमैत्री भएतापनि पूर्णरुपमा प्रभावकारी हुन नसकेको देखिन्छ । |

### (ग) राजनीतिक दल तथा उम्मेदवार

राजनीतिक दल तथा उम्मेदवारका लागि गरिएका १७ वटा सिफारिसहरूमध्ये निर्वाचनमा बालबालिकाको प्रयोग सम्बन्धमा केही सुधार भएको, राजनीतिक दलहरूबीच सहिष्णुता रहेको, आचारसंहिता पालनामा विगतको तुलानामा सुधार हुँदै गएको भएतापनि विभिन्न सञ्चारमाध्यमहरू, सामाजिक सञ्जाल तथा अनलाईन माध्यमहरूमा आउने अभिव्यक्तिहरू मर्यादित र शिष्ट हुन नसकेको, साथै राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई अझैपनि प्रभावकारी रूपमा अवसर प्राप्त हुन नसकेको देखिन्छ।

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १ | राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई न्यून अवसर दिएको पाइँदा राजनीतिक दलहरू जिम्मेवार हुनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई अझैपनि प्रभावकारी रूपमा अवसर प्राप्त हुन नसकेको देखिन्छ। |
| २ | निर्वाचन प्रचारप्रसारमा ठूला राजनीतिक दलहरूबाट बालबालिकाको प्रत्यक्ष र परोक्षरूपमा प्रयोग भएको देखिँदा बालबालिकाको प्रयोग रोक्न थप संवेदनशील बन्नुपर्ने बालबालिकालाई निर्वाचन प्रचारप्रसार, जुलुस, सभा, सम्मेलन तथा भेलामा प्रयोग गर्ने, गराउने कार्य सदाको लागि अन्त्य गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ३ | राजनीतिक दलका उच्चतहको नेतृत्व र प्रतिस्पर्धीबाट जिम्मेवार बन्नुपर्ने, घृणात्मक अभिव्यक्ति प्रयोग भएको देखिँदा सामाजिक सञ्जाल मार्फत प्रचारप्रसार गर्दा मर्यादित रूपले निर्वाचन आचारसंहिताको उल्लङ्घन नहुने गरी गर्नुपर्ने।<br>दलहरूको गतिविधि लोकतान्त्रिक बनाउन निर्वाचन प्रचारप्रसार कार्यलाई मर्यादित र सहिष्णु बनाउनुका साथै दलले आफ्ना नेता र कार्यकर्ताहरूलाई संयमित राख्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>संविधानसभा निर्वाचन, २०७० | सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार माध्यमहरूबाट व्यक्त गरिने अभिव्यक्तिहरू मर्यादित र शिष्ट हुन नसकेको देखिन्छ। |
| ४ | घोषणापत्रमा उल्लिखित मानव अधिकारको स्थापित मूल्य, मान्यतालाई आत्मसात गरी सो अनुरूप कार्य गरिनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | राजनीतिक दलहरूले घोषणापत्रमा मानव अधिकारका स्थापित मूल्य-मान्यतालाई आत्मसात गरेता पनि सो अनुरुप प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ। |
| ५ | चुनावी प्रचारप्रसारमा हुने ठूलो खर्चलाई घटाउन विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गर्ने, टेलिभिजनहरूमा खुला बहसका कार्यक्रम सञ्चालन गर्ने, स्थानीय एफ.एम रेडियोहरूमार्फत चुनावी प्रतिबद्धता र वाचाहरूलाई मतदाता समक्ष पुर्‍याउने आवश्यक व्यवस्थापन गरिनुपर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ | अनलाइन तथा विभिन्न सञ्चार माध्यमहरूबाट प्रचारप्रसारका कार्यहरू आरम्भ भएतापनि विभिन्न अनलाइन तथा सञ्चार माध्यम र सामाजिक सञ्जालबाट हुन सक्ने भ्रामक दुष्प्रचारहरूको नियमन र व्यवस्थापन हुन नसकेको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ६ | विभिन्न जिल्लाका केही स्थानहरूमा राजनीतिक दलहरूबीच मनमुटाव, झै-झगडा, झडप लगायतका घटना भएका र केही स्थानमा मानिसको मृत्यु समेत भएको देखिएकोले सो स्थानहरूमा निर्वाचन अगावै राजनीतिक दलहरूबीच सदभाव कायम गर्ने।<br>राजनीतिक विचार, आस्था, अभिव्यक्ति आदिको आधारमा द्वन्द्व सिर्जना नगरी शान्ति, सुव्यवस्था कायम राख्न, संयमित रहन तथा लोकतान्त्रिक मूल्य र मान्यताको अनुशरण गर्न।<br>निवार्चन प्रचारप्रसारका क्रममा आ-आफ्ना कार्यक्रमहरू शान्तिपूर्ण तरिकाले गर्न र आम नागरिकहरूको विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४<br>संविधानसभा निर्वाचन २०७० | राजनीतिक दलहरूबीच सर्वदलीय बैठकहरू हुने गरेता पनि आपसी सदभाव कायम हुन नसकेको देखिन्छ।<br>विगतको तुलनामा झडप तथा झै-झगडामा कमी आएको निर्वाचन प्रचार प्रसार शान्तिपूर्ण हुँदै आएको देखिन्छ। |
| ७ | निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न, गराउन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | निर्वाचन आचारसंहिता, २०८२ बमोजिम आचारसंहिता अनुगमन समिति गठन भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |
| ८ | निर्वाचनको समयावधिभर फजुल खर्च, भोज, भतेर र चर्को आवाजयुक्त प्रसार प्रणाली (Sound System) को प्रयोग नगर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | मतदान प्रक्रियामा हुने खर्च मितव्ययी बनाउने सम्बन्धमा बैङ्किङ कारोबार शुरू भएको र Sound System प्रयोग सम्बन्धमा कमी आएको देखिन्छ। |
| ९ | पोष्टर, पम्प्लेट तथा व्यानर प्रयोग नगर्न र वातावरण मैत्री व्यवहार प्रस्तुत गर्न। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | पोष्टर, पम्प्लेट तथा व्यानर प्रयोग शहरी क्षेत्रमा कमी आएको भएपनि ग्रामीण क्षेत्रमा कमी हुन नसकेको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १० | मतदान केन्द्र तथा मतगणना केन्द्रमा खटाइएका प्रतिनिधिलाई समयमा उपस्थित हुन र त्यहाँ हुने कार्यविधिका सम्बन्धमा व्यापक प्रशिक्षण दिन। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७४ | कार्यविधिका सम्बन्धमा प्रशिक्षण कार्य भएको भएतापनि पर्याप्त र प्रभावकारी नभएको देखिन्छ। |
| ११ | स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचनको वेला बन्द, आम हडताल आदि नगरी आफ्ना असहमति शान्तिपूर्ण रूपमा राख्न। | संविधानसभा निर्वाचन, २०७० | निर्वाचनको बेला बन्द, आम हडतालमा कमी आएको देखिन्छ। |
| १२ | आफ्नो आधारक्षेत्र भनी अन्य दलको प्रवेशलाई निषेध नगरी हरेक दलको हरेक स्थानमा पहुँचको सिद्धान्तलाई आत्मसात गर्न र सम्मान गर्न।<br><br>राजनीतिक दलहरूबाट एक-अर्काको चुनावी सभा बिथोल्ने, आधार इलाका हो भनी सहज रूपमा प्रचारप्रसारमा प्रवेश नदिने तथा राजनीतिक दलका कार्यकर्ताहरू समेतबाट मादकपदार्थ सेवन गरी धम्की, कुटपीट तथा झडपहरूसमेत हुने गरेको पाइएको हुँदा आगामी दिनमा हुने निर्वाचनमा त्यस्ता कार्य नगर्न, नगराउन। | संविधानसभा निर्वाचन, २०७०<br>संविधानसभा निर्वाचन, २०६४ | अन्य दलको प्रवेशलाई निषेध गर्ने कार्यहरूमा कमी आएको देखिन्छ। |
| १३ | महिला, आदिबासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, अल्पसङ्ख्यक, मधेसी लगायतका समुदायबाट समानुपातिक प्रतिनिधित्व गराउने व्यावहारिक व्यवस्था गर्न। | संविधानसभा निर्वाचन, २०७० | संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई अझैपनि प्रभावकारी रूपमा अवसर प्राप्त हुन नसकेको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १४ | बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, राष्ट्रिय कानून, आचारसंहिताको उच्च पालना गर्दै बालबालिकालाई निवार्चन अभियानमा प्रयोग नगर्न प्रतिबद्ध रहँदै त्यसलाई व्यवहारमा उतार्न साथै विद्यालयलाई राजनीतिक थलोको रूपबाट बाहिर राखी चुनावी अभियान सञ्चालन गर्न।<br>बालअधिकार सम्बन्धी महासन्धि १९८९ को भावना विपरीत हुने गरी सभा, जुलुसजस्ता राजनीतिक दलका क्रियाकलापमा बालबालिकालाई संलग्न नगर्न, नगराउन। | संविधानसभा निर्वाचन, २०७०<br>संविधान सभा निर्वाचन, २०६४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि विभिन्न सामाजिक सञ्जालमा बालबालिकालाई राजनीतिक प्रयोजनमा प्रयोग भइरहेको देखिन्छ। |

### (घ) अनुगमनकर्ता, पर्यवेक्षक संस्था तथा मानव अधिकारकर्मीहरू

**निर्वाचन अनुगमनकर्ता, पर्यवेक्षक संस्था तथा मानव अधिकारकर्मीहरूका लागि** दिइएका २० वटा सुझाव र गरिएका सिफारिसहरूमध्ये केही विषयमा सुधार हुँदै गएको पाइएतापनि केही विषयहरूमा अझै पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ।

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १ | काम कारबाहीमा निष्पक्षता, तटस्थता कार्यदक्षता, व्यवसायिकता, प्रभावकारिता, जवाफदेहिता बहन गर्न सक्ने व्यक्तिलाई पर्यवेक्षकको रूपमा खटाउने।<br>पर्यवेक्षकको छनोट गर्दा यथासम्भव स्थानीयभन्दा अन्य क्षेत्रलाई प्राथमिकतामा राख्ने, सकेसम्म स्थानीयलाई सोही ठाउँमा नखटाउने व्यवस्था गर्न,<br>निर्वाचनको क्रममा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विषयहरूलाई सुक्ष्मतम रूपमा अनुगमन गरी सार्वजनिक गर्ने, गराउने।<br>पर्यवेक्षक खटाउँदा लैगिक एवं समावेशितामा ध्यान दिई दुर्गम क्षेत्रका स्थानीय तहसम्म पुग्ने गरी परिचालन गरिनु पर्ने। | प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९<br>प्रतिनिधि सभा निर्वाचन, २०७४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |
| २ | निर्वाचनमा पर्यवेक्षकहरूलाई खटाउनुपूर्व अनिवार्य रुपमा तालिम र अभिमुखीकरण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिन,<br>अनुगमन कार्य सुविधाजनक ठाउँ, राजमार्ग क्षेत्र सदरमुकाम केन्द्रित नगरी सबै स्थलमा पहुँच पुर्याउने व्यवस्था गर्न,<br>अन्य अनुगमनकर्ता तथा संस्थाहरूसँग समन्वय गरी समय विभाजन गरी अनुगमनको प्रबन्ध गर्न,<br>खास गरी मतदान आरम्भ हुँदा, मध्य हुँदा र समाप्त हुने बेला यी तीन समय बढी संवेदनशील हुने हुँदा यी समयमा अनुगमनकर्ताको उपस्थिति रहने व्यवस्था गर्न,<br>अनुगमनको कार्य के, कसरी समन्वयात्मक हुन्छ भन्ने कुरामा सम्बन्धित संस्थाहरूको सहकार्यका लागि छलफल गरी समन्वयात्मक कार्यक्रम तर्जुमा गर्न र<br>प्रत्येक मतदान केन्द्रमा पर्यवेक्षक पुग्ने र सम्भव भएसम्म पर्यवेक्षक खाली नहुने गरी समय विभाजन गर्न। | प्रतिनिधि सभा निर्वाचन, २०७४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ।<br>विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |

| क्र.सं. | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| ३ | नागरिकस्तरमा स्वच्छ, स्वतन्त्र र निश्पक्ष निर्वाचनको सुनिश्चितताका लागि निर्वाचन पर्यवेक्षणसम्बन्धी अवधारणा विकास भएको हुँदा पर्यवेक्षकहरूले आफ्ना काम कारवाहीमा निश्पक्षता, व्यवसायिकता, पारदर्शिता र जवाफदेहिता कायम गर्ने,<br>पर्यवेक्षण गर्ने संस्थाहरूले पनि आफ्नो पर्यवेक्षकहरूको कार्यगत निश्पक्षता र व्यवसायिकताको सुनिश्चितता गर्दै त्यसको सुपरिवेक्षण गर्नु,<br>स्वतन्त्र र स्वच्छ निर्वाचनका लागि नागरिक समाजले सहयोगी एवं रचनात्मक भूमिका निर्वाह गर्ने,<br>राजनीतिक दलहरूमा सक्रिय रुपमा रहेको दल र दल विशेषको तर्फबाट निर्वाचन प्रक्रियामा संलग्न रहेका व्यक्तिहरूलाई पर्यवेक्षकको जिम्मेवारी नदिने। | संविधानसभा सदस्य निर्वाचन, २०७० | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |
| ४ | पर्यवेक्षक खटाउँदा आफ्नो काम कारवाहीमा निष्पक्षता, कार्यदक्षता, व्यावसायिकता, प्रभावकारिता, जवाफदेहीता भएको व्यक्ति छनोट गरी खटाउने,<br>पर्यवेक्षण गर्न अनुमति पाएका संस्थाहरूले पर्यवेक्षकको छनोट गर्दा सकेसम्म स्थानीयलाई सोही ठाउँमा नखटाउने व्यवस्था गर्न,<br>निर्वाचनमा पर्यवेक्षकहरूलाई खटाउनुपूर्व अनिवार्य रुपमा तालिम र अभिमुखीकरण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिन,<br>निर्वाचनको क्रममा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विषयहरूलाई सुक्ष्मतम रुपमा अनुगमन गरी सार्वजनिक गर्न, गराउन। | स्थानीय तह निर्वाचन, २०७४ | विगतमा भएका निर्वाचनहरूको अनुपातमा सकारात्मक प्रयास भएता पनि प्रभावकारी हुन नसकेको देखिन्छ। |

### (ङ) सञ्चारकर्मीहरू

विगतका निर्वाचनहरूमा सञ्चारकर्मीहरूका लागि गरिएका २० वटा सुझाव/सिफारिसहरूमध्ये केही विषयमा सुधार हुँदै गएको पाइएतापनि केही विषयहरूमा अझै पनि प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ।

| क्र.सं | सुझाव तथा सिफारिसको विषय | वर्ष | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| १ | मतदाता शिक्षालाई महत्वका साथ प्रकाशन पस्नारण गर्न, गराउन,<br>निर्वाचन आचारसंहिताको विषयलाई उच्च प्राथमिकता दिन,<br>निर्वाचन प्रक्रियासम्बन्धी समाचार तथा सामग्री सम्प्रेषण गर्दा मानव अधिकारको दृष्टिकोणबाट सम्प्रेषण गर्न, गराउन,<br>कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नहुने तर्फ सजग रहन,<br>मतदातालाई निर्वाचनसम्बन्धी प्रक्रिया र गतिविधिबारे निष्पक्ष र प्रभावकारी ढंगले सुसूचित गर्न,<br>जातीय द्वेष, हिंसा र द्वन्द बढाउने खालका सामग्री प्रचारप्रसार नगर्न, नगराउन र<br>सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्दा मर्यादित रूपले एवं निर्वाचन आचारसंहिताको उल्लङ्घन नहुने गरी गर्न। | तिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ | विगतको तुलनामा सुधार हुँदै गएको देखिन्छ। |
| २ | मतदाता शिक्षालाई प्राथमिकता साथ प्रकाशन प्रसारण गर्न/गराउने,<br>निर्वाचन आचारसंहिता र सद्भावपूर्ण सन्देशलाई उच्च प्राथमिकता दिई प्रकाशन एवं प्रशारण गर्ने,<br>मानव अधिकारमैत्री तथा विशेष वर्ग समुदायको मतदानको अधिकार र समावेशी प्रतिनिधित्वको सन्देश/समाचार सम्प्रेषण गर्न, गराउने,<br>कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नगर्ने, नगराउने। | प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९<br>प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४<br>स्थानीय तह निर्वाचन, २०७४ | विगतको तुलनामा सुधार हुँदै गएको पाइएतापनि प्रभावकारी रुपमा हुन नसकेको देखिन्छ। |

| | | | |
|---|---|---|---|
| ३ | निर्वाचन आचारसंहिता र सद्भावपूर्ण सन्देशलाई उच्च प्राथमिकता दिन सम्पूर्ण निर्वाचन प्रक्रियालाई मानव अधिकारको दृष्टिकोणबाट संप्रेषण गर्न, गराउन। | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४<br>स्थानीय तह निर्वाचन, २०७४ | विगतको तुलनामा सुधार हुँदै गएको पाइएतापनि प्रभावकारी रुपमा हुन नसकेको देखिन्छ। |
| ४ | निर्वाचन प्रक्रियासम्बन्धी समाचार तथा सामग्री सम्प्रेषण गर्दा मानव अधिकारको दृष्टिकोणबाट सम्प्रेषण गर्न, गराउन,<br>कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नहुने तर्फ सजग रहन, मतदातालाई निर्वाचनसम्बन्धी प्रक्रिया र गतिविधिबारे निष्पक्ष र प्रभावकारी ढंगले सुसूचित गर्न,<br>जातीय द्वेष, हिंसा र द्वन्द बढाउने खालका सामग्री प्रचारप्रसार नगर्न, नगराउन र<br>सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्दा मर्यादित रूपले एवं निर्वाचन आचारसंहिताको उल्लङ्घन नहुने गरी गर्न। | प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७४ | विगतको तुलनामा सुधार हुँदै गएको पाइएतापनि प्रभावकारी रुपमा हुन नसकेको देखिन्छ।<br>सामाजिक सञ्जाल मार्फत गरिने प्रचार प्रसार मर्यादित, शिष्ट व्यवस्थित अझै हुन नसकेको देखिन्छ। |

परिच्छेद ५

# अनुगमनबाट प्राप्त तथ्यहरू (विषयगत तथा प्रदेशगत रूपमा)

## ५.१ कोशी प्रदेश




कोशी प्रदेश अन्तर्गत चौधवटा जिल्ला (उदयपुर, सुनसरी, मोरङ, झापा, इलाम, धनकुटा, भोजपुर, तेह्रथुम, संखुवासभा, ताप्लेजुङ, पाँचथर, ओखलढुङ्गा, खोटाङ र सोलुखुम्बु) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम कोशी प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन् ।

### ५.१.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्थाको सम्बन्धमा विभिन्न राजनीतिक दलका प्रतिनिधि, निर्वाचन अधिकारी, पत्रकार तथा स्थानीय सरोकारवालासँग सोधपुछ तथा छलफल गरेको र सो विषयमा बाधा अवरोध नभएको पाइयो,
- सञ्चार अनुगमनमा, अनलाइन माध्यमहरूबाट उम्मेदवारहरूले आफ्ना विचार अभिव्यक्ति प्रकट गर्दा अमर्यादित र अशिष्ट भाषा प्रयोग गरेको पाइयो ।

### ५.१.२ मतदानको अवस्था

- मतदाताले स्वतन्त्र र भयहित वातावरणमा मतदान गर्ने व्यवस्था रहेको पाइयो,
- गोप्य मतदानको व्यवस्था प्रभावकारी रूपमा लागू गरिएको पाइयो,

- मतदाता नामावलीमा नाम भएका व्यक्तिहरूलाई मतदानबाट वञ्चित नगरिएको,
- मतदाता परिचयपत्र नभएकालाई नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) लगायतका सरकारी कागजपत्रका आधारमा मतदान गर्न दिइएको पाइयो,
- नेपाली भाषा बोल्न र बुझ्न नसक्ने मतदाताको लागि दोभाषेको व्यवस्था नगरिएको, अधिकांश स्थानमा एकाघरका वा निजहरूले तोकेका सहयोगीहरूलाई मतदानस्थलसम्म लैजान पाउने व्यवस्था रहेको पाइयो,
- झापा जिल्लाको क्षेत्र नं. १, ३ र ४ का केही मतदान केन्द्रहरू र सोलुखुम्बु जिल्लामा समेत आफैं मतदान गर्न सक्ने व्यक्तिले पनि अशक्त वा मतदान गर्न नजानेको बहाना गरी सहयोगी सहित मतदान गर्न खोज्दा विवाद सिर्जना भएको पाइयो,
- संखुवासभा जिल्लामा मतदाता नामावली अद्यावधिक गर्नमा त्रुटि रहेको पाइएको, मतदानस्थलमा पहिले मतदान गर्नेको पनि यसपटक नामावली नभेटिएको, मृत्यु भइसकेकाहरूको नामावली रहेको तर यातायात क्षेत्रमा काम गर्ने र सिजनल कामका लागि भारत तथा अन्य जिल्लामा गई काम गर्ने नागरिकहरू नामावलीमा समावेश नहुँदा मतदान गर्नबाट वञ्चित भएको पाइयो,
- झापा जिल्ला निर्वाचन क्षेत्र नं. ५ स्थित मंगलमय मा.वि., पाडाजुँगीमा मतपेटिका सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीको स्थान मतदाताले गोप्य मतदान गरेको स्थानमा देख्न सक्ने गरी बसेको पाइएकोले आयोगको अनुगमन टोलीले उक्त केन्द्रको मतदान अधिकृतसँग छलफल गरी गोप्य मतदानको सुरक्षा सम्बन्धमा पहल गरेको पाइयो,
- उदयपुर र सुनसरी जिल्लामा निर्वाचन आयोगको मतदाता सूचीमा मृत्यु भइसकेका व्यक्तिहरूको नाम अझै रहेको र केही मतदाताहरूको परिचय पत्र अद्यावधिक नभएको कारण मतदानबाट वञ्चित भएको पाइयो।

### ५.१.३ शान्तिपूर्ण रूपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- सबै राजनीतिक दल तथा उम्मेदवारहरूले स्वतन्त्र रूपमा (भौतिक उपस्थिति वा अन्य माध्यम, अफलाइन वा अनलाइनबाट) निर्वाचन प्रचारप्रसार गर्न पाएको,
- झापा र इलामका केही स्थानमा राजनीतिक प्रतिस्पर्धाका कारण आरोप-प्रत्यारोप तथा राजनीतिक बहस देखिए पनि प्रचारप्रसारमा भौतिक अवरोध वा प्रत्यक्ष हस्तक्षेप नभएको पाइयो।

### ५.१.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- मतदाताहरूको मतदान केन्द्रसम्म निर्बाध आवागमन सुनिश्चित गरिएको पाइयो,
- खोटाङ जिल्लामा भौगोलिक कठिनाईका कारण केही मतदान केन्द्रमा पुग्न ३ घण्टासम्म लाग्ने अवस्था रहेको पाइयो,
- केही जिल्लामा भौगोलिक कठिनाईका कारण मतदान केन्द्रहरू पहुँचमा समस्या रहेको पाइयो।

### ५.१.५ शान्ति सुरक्षाको अवस्था

- निर्वाचनको सुरक्षा तथा आम नागरिकहरूको शान्ति सुरक्षाको लागि सुरक्षाको केन्द्रीय योजना बमोजिम नेपाली सेना, सशस्त्र प्रहरी वल र नेपाल प्रहरीका साथै निर्वाचन प्रहरी सम्मिलित सुरक्षाकर्मी परिचालन गरेको, जिल्लामा सुरक्षा संवेदनशीलताको आधारमा सुरक्षा अवस्था मजबुद बनाई संवेदनशील क्षेत्रमा सशस्त्र प्रहरी र नेपाली सेनाको टोली समेत परिचालन गरेको पाइयो,
- मतगणना तथा मतपेटिका ओसारपसार सुरक्षित रूपमा सम्पन्न भएको पाइयो,
- धम्की, दबाब, हिंसा वा मतदान केन्द्र र मतपेटिका कब्जाको कुनै घटना भएको पाइएन।

### ५.१.६ सूचनाको अधिकार/मतदाता शिक्षा


- कोशी प्रदेशका अधिकांश जिल्लाहरूमा मतदाता शिक्षा प्रदान गरिएको भएतापनि मोरङ, झापा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, तेह्रथुम, इलाम र पाँचथर जिल्लाहरूमा मतदाता शिक्षा रेडियो, टेलिभिजन र पत्रपत्रिका, स्वयंसेवक, मतदाता सम्पर्क व्यक्तिबाट दिइएको तर पर्याप्त नभएको पाइयो,
- ओखलढुङ्गा जिल्लामा मतदाता शिक्षा कार्यक्रम स्वयंसेविकाबाट सञ्चालन भएको, वाट्सएप (WhatsApp) समूह बनाएर नियमित दैनिक प्रतिवेदन र निगरानीको व्यवस्था गरिएको भएतापनि प्रभावकारी नभएको पाइयो,

### ५.१.७ निर्वाचन आचारसंहिताको पालना

- कुनै उम्मेदवार/दल प्रतिनिधि वा कार्यकर्ताहरूले निर्वाचन प्रचारप्रसारको क्रममा कुनै व्यक्तिको घरमा जबर्जस्ती प्रवेश गरी खाने/बस्ने वा डिजिटल/निजी स्पेशको दुरुपयोग गर्ने कार्य गरेको पाइएन।
- सार्वजनिकस्थल र सञ्चारमाध्यममा सबै दलको पहुँच नरहेको,
- कुनै प्रकारको डर, धम्की वा आचारसंहिता उल्लङ्घन भएको नपाइएको,
- केही जिल्लाहरूमा आचारसंहिताको अनुगमन प्रभावकारी नरहेको गुनासो पाइयो,
- ओखलढुङ्गा जिल्लामा निर्वाचनको सिलसिलामा दल वा उम्मेदवारद्वारा निर्वाचन आयोगले जारी गरेको आचारसंहिता पूर्ण रूपमा पालना नगरेको र केही मौखिक उजूरी परेकोमा फोन संवादबाटै समाधान गरिएको पाइयो।

### ५.१.८ समावेशी/सहभागिताको अवस्था

| कुल उम्मेदवार सङ्ख्या | | | प्रतिशतमा (%) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आदिवासी / जनजाति | खसआर्य | थारु | दलित | मधेसी | मुस्लिम |
| ४९५ | | | ५३.३३ | २९.९० | १.८२ | ३.२३ | ८.८९ | २.८३ |
| पुरुष | महिला | अन्य | | | | | | |
| ८८.१% | ११.७% | ०.२% | | | | | | |




स्रोतः निर्वाचन आयोग

- कोशी प्रदेशमा कूल ४९५ जना प्रत्यक्ष तर्फका उम्मेदवार दर्ता भएका, तीमध्ये ८८.१% पुरुष, ११.७% महिला तथा ०.२% अन्य लिङ्ग समूहका उम्मेदवार रहेका छन् । जसमा पुरुषको उल्लेखनीय प्रतिनिधित्व रहेको देखिन्छ भने महिला तथा अन्य लिङ्ग समूहको प्रतिनिधित्व न्यून रहेको देखिन्छ ।
- समावेशी समूहगत प्रतिनिधित्वतर्फ आदिवासी/जनजाति समुदायका उम्मेदवारको संख्या सबैभन्दा बढी ५३.३३% रहेको छ । त्यसपछि खसआर्य समुदायका उम्मेदवार २९.९०% रहेका छन् । मधेसी (८.८९%), दलित (३.२३%), मुस्लिम (२.८३%) तथा थारू (१.८२%) समुदायको प्रतिनिधित्व रहेको देखिन्छ ।

### ५.१.९ निर्वाचनमा बालबालिकाको प्रयोग

- समग्रमा प्रचारप्रसारका क्रममा बालबालिकाको प्रयोग भएको पाइएन,
- ईलाम जिल्ला क्षेत्र नं. १ मा श्रम संस्कृति पार्टीको टिसर्टहरू बालबालिकालाई दिने कार्य भएको विषयमा छलफलबाट समस्या समाधान भएको पाइयो,
- बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरेको आरोपमा प्रमाणसहित उजुरी दिँदा समेत कारबाही नभएको भन्दै सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. १ मा निर्वाचन कार्यालयमा बालबालिका धर्ना बसेकोमा श्रम संस्कृति पार्टीलाई रू.२५,०००।- जरिवाना गराएको निर्वाचन आयोगको प्रेस विज्ञप्तिबारे अवगत गराइएको भन्ने सम्बन्धी जानकारी प्राप्त हुन आएको थियो।

### ५.१.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी)

- महिला उम्मेदवारलाई कुनै अवरोध नभएको साथै महिला सुरक्षाकर्मीको व्यवस्था रहेको,
- अधिकांश मतदान केन्द्रहरू लैङ्गिक तथा अपाङ्गमैत्री हुनुका साथै ज्येष्ठ नागरिक र सुत्केरीलाई आवश्यकता अनुरूप सहयोगीको व्यवस्था गरिएको पाइयो,
- खोटाङ जिल्लामा अपाङ्गता र ज्येष्ठ नागरिकमैत्री पूर्वाधार अपर्याप्त भएकाले केही मतदान केन्द्रमा भौतिक पहुँचमा असहजता रहेको (भिरालो बाटो) र विशेष समूहका लागि प्राथमिकता नदिइएको र विश्रामस्थलको व्यवस्था पर्याप्त नभएको,
- झापा जिल्लामा अधिकांश मतदान केन्द्रहरू विद्यालयमा रहेको, कहिंकतै भवन पूरानो भएका स्थानमा विशेष वर्गका लागि पहुँचमैत्री नबनाइएको,
- धनकुटा र भोजपुर लगायतका जिल्लामा अपाङ्गता भएका व्यक्ति, सुत्केरी तथा गर्भवती महिला र ज्येष्ठ नागरिकलाई प्राथमिकता प्रदान गरी मतदान गर्न दिइएको र सोही अनुरूप मतदान स्थलसम्मको आवतजावतका लागि सवारी पास दिइएको,
- सोलुखुम्बु जिल्लामा भौगोलिक विकटताका कारण अधिकांश मतदान केन्द्र १ घण्टादेखि ३ घण्टासम्मको पैदल दूरीमा रहेका कारण पहुँचयोग्य नरहेको समस्या पाइयो,
- संखुवासभा र तेह्रथुम जिल्लामा अपाङ्गमैत्री मतदान केन्द्र भए पनि मतदानस्थलसम्म जाने अपाङ्गमैत्री बाटो नभएको र टाढाका अशक्त मतदाताहरूलाई मतदान स्थलसम्म पुऱ्याउन पालिकाको पहलमा एम्वुलेन्सको व्यवस्था गरेको समेत पाइयो,
- पाँचथर र ताप्लेजुङ जिल्लामा मतदानस्थल पहुँचयोग्य नभएको पाइयो,
- उदयपुर जिल्लाका ३ वटा मतदानस्थलहरू मतदाताका लागि पहुँचयुक्त नरहेको, मतदाताले मतदानस्थल पुग्न २ घण्टा पैदल हिंड्नुपर्ने समेत जानकारी प्राप्त भयो।

### ५.१.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था

- अधिकांश मतदान केन्द्रहरू विद्यालय परिसरमा रहेको केही स्वास्थ्य केन्द्र र वडा कार्यालयमा व्यवस्थापन भएको पाइयो,

- खोटाङ जिल्लामा मतदान केन्द्रमा प्राथमिक उपचार सामग्रीको अभाव रहेको,
- झापा जिल्लामा मतदान केन्द्रहरूमा प्राथमिक उपचारको प्रभावकारी व्यवस्था नभएको,
- धनकुटा जिल्लाको एक मतदानस्थलमा नेपाल रेडक्रसका प्रतिनिधि रहेको बाहेक अन्य मतदानस्थलमा प्राथमिक स्वास्थ्य सेवाको व्यवस्था नभएको देखिएको,
- भोजपुर जिल्लाका अधिकांश वडाहरूमा रहेका स्वास्थ्य चौकीका सबै कर्मचारीहरू निर्वाचनमा खटिँदा आधारभूत सेवा प्रदान गर्ने स्वास्थ्य चौकीहरूमा ताल्चा लगाएको पाइयो,
- ओखलढुङ्गा जिल्लामा स्वास्थ्य सेवा तर्फका केही कर्मचारीलाई निर्वाचनमा खटाइएको कारण प्राथमिक उपचार सेवा प्रभावित भएको पाइयो,
- उदयपुर र सुनसरी जिल्लाका मतदान केन्द्रहरूमा खानेपानी र शौचालयको व्यवस्था गरिएको तर प्राथमिक उपचारको व्यवस्था गरिएको पाइएन।

### ५.१.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार

- मतदान केन्द्रमा पर्यवेक्षकलाई निर्वाध रूपमा अनुगमन गर्न दिइएको पाइयो,
- मोरङ जिल्लामा भने पर्यवेक्षकहरूलाई मोबाइल प्रयोगमा रोक लगाइएको पाइयो,
- अधिकांश मतगणनास्थलमा पनि राष्ट्रिय पर्यवेक्षकको उपस्थिति रहेको पाइयो,
- तेह्रथुम जिल्लामा सञ्चारकर्मी तथा पर्यवेक्षकको उपस्थिति एकदम न्यूनमात्रामा रहेको पाइयो,
- ओखलढुङ्गा जिल्लामा पर्यवेक्षकहरूको संख्या न्यून रहेको पाइयो,
- उदयपुर र सुनसरी जिल्लामा नियोक, जियोक, ईन्सेक, प्राज्ञिक विद्यार्थी परिषद् जस्ता राष्ट्रिय पर्यवेक्षक र ANFREL (Asian Network for Free Elections) जस्ता अन्तर्राष्ट्रिय पर्यवेक्षहरूले आचारसंहिताको पालना गरी निर्वाधरूपमा पर्यवेक्षण गरेको पाइयो।

### ५.१.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन

- मोरङ जिल्लामा ११६० जना कैदीबन्दीहरूमध्ये १४२ जनाको मतदाता नामावलीमा नाम रहेको त्यसमध्ये २ जनाको नाम दोहोरिएको पाइएकोले १४० जना मात्र रहेको र त्यसमध्ये ९५ जना कैदीबन्दीहरूको मात्र परिचय खुल्ने कागजात रहेकोमा १ जना मतदान अधिकृत समेत गरी जम्मा ९६ जनाले मतदान गरेको पाइयो,
- खोटाङ जिल्लामा १३० जना कैदीबन्दीहरूमध्ये मतदाता नामावली अद्यावधिक नभएको कारण ७७ जनाले मात्र मतदान गरेको पाइयो,
- झापा जिल्ला कारागारको अस्थायी मतदान केन्द्रमा १०७ जना कैदीबन्दीले मात्र मतदान गरेको पाइयो,
- तेह्रथुम जिल्लामा ८६ जना कैदीबन्दीमध्ये ५३ जनाको मतदाता नामावलीमा नाम रहेको साथै तेह्रथुम जिल्ला कारागारमा राजनीतिक दलले वेवास्ता गरी सर्वदलीय बैठकमा समेत दलहरूको उपस्थिति नरहेको भन्ने गुनासो अनुगमन टोलीलाई प्राप्त भएको पाइयो,
- संखुवासभा जिल्लामा अस्थायी मतदान केन्द्र अर्थात् जिल्ला कारागारमा १६८ जना कैदीबन्दी भए

पनि ३४ जनाको मात्र मतदाता नामावलीमा नाम रहेको पाइयो,

- ओखलढुङ्गा जिल्ला कारागार कार्यालयमा रहेको मतदान केन्द्रमा कारागारमा रहेका २६ जना थुनुवा तथा कैदीवन्दीहरूमध्ये २५ जनाले प्रतिनिधिसभाको मतपत्रमा मतदान गरेको पाइयो,

### ५.१.१४ प्राप्त उजुरी/सूचना सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित)

- सोलुखुम्बु जिल्लाको अतिसंवेदनशील क्षेत्र सोताङमा केही युवाहरू मादक पदार्थ सेवन गरी निर्वाचनसम्बन्धी वादविवाद गरिरहेको पाइएकोमा केही समयपछि नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको टोलीले वातावरण शान्त बनाएको पाइयो,
- सोलुखुम्बु जिल्लाको सोताङ क्षेत्रमा नेपाली कांग्रेसको तर्फबाट पैसा वितरण गरेको आरोप सम्बन्धमा एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको भन्ने जानकारी प्राप्त भएको,
- संखुवासभा जिल्लामा आचारसंहिता उल्लङ्घन गरेको भनी १३ वटा उजुरीहरू दर्ता भएकोमा कानून वमोजिम कारबाही भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट जानकारी प्राप्त भएको,
- इलाम जिल्ला निर्वाचन क्षेत्र नं. १ मा मतदान सम्पन्न भएपछि मतपेटिका सङ्कलन पश्चात् सर्वदलीय बैठक बसेकोमा मत गणनाको कार्य शुरू गर्ने प्रक्रियामा प्रत्यक्षतर्फको मतगणना पहिले गर्ने वा समानुपातिकतर्फको मतगणना अथवा दुवै मत गणना सँगसँगै गर्ने भन्ने विषयमा राजनीतिक दलहरूबीच सहमति हुन नसकेकोमा फाल्गुण २२ गते दिउँसोसम्म सहमति नभएपछि राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोली निर्वाचन अधिकृतको कार्यालय पुगि निर्वाचन अधिकृतसँग गरेको छलफल पश्चात् दिउँसो करिब २:०० बजे मतगणना प्रक्रिया शुरू गरिएको र तदनुरूप मतगणना प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको समेत पाइएको,
- झापा जिल्ला निर्वाचन क्षेत्र नं. ५ मा फागुन १४ गते झापा जिल्ला, कमल गा.पा.मा रातोपाटी अनलाइन खबरमा कार्यरत पत्रकार अर्जुन आचार्यमाथि कुटपीट भएको घटनाको सम्बन्धमा आयोगको अनुगमन टोलीले पत्रकार अर्जुन आचार्यसँग फागुन १५ गते छलफल गरी घटनाको सम्बन्धमा जानकारी लिएको थियो। प्राप्त जानकारी बमोजिम नेकपा एमालेका कार्यकर्ताले "भोट कस्लाई" भनि नारा लगाउँदा, नजिकैको पसलमा चटपटे खान आएका केटीहरूले "घण्टीलाई" भनेको कारण उक्त स्थानमा विवाद सुरू भएको पाइएको थियो। सोही क्रममा नीज पत्रकारले भिडियो बनाउन खोज्दा पत्रकारलाई कुटपिट गरी, नीजको मोवाईल खोसी फुटाइएको र हालसम्म पनि फेला नपरेको भन्ने जानकारी प्राप्त हुन आएको,
- ताप्लेजुङ जिल्लामा मतदानको दुई दिन अघि आठराई त्रिवेणी गाउँपालिका वडा नं. २ को पञ्चमीमा शंकास्पद वस्तु फेला परेकोमा सुरक्षा निकायको टोलीले उक्त वस्तुलाई निष्कृय गर्दा रेडबुलको बट्टामा माटो भरेर तार बाहिर निकालिएको भन्ने जानकारी प्राप्त भएको,
- ताप्लेजुङ जिल्ला मेरिङदेन गाउँपालिका वडा नं. ४ लिङ्थेपमा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा फर्जी मत खसेको भनी फोनमार्फत जानकारी प्राप्त भएकोमा प्रमुख जिल्ला अधिकारीले टेलिफोन मार्फत समस्याको समाधान गर्न निर्देशन दिएको जानकारी प्राप्त भएको,
- उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ३ तावाखोला तरकारी तथा फलफूल बिक्री केन्द्रमा

रहेको मतदानस्थलमा सुरक्षाकर्मीले बोकेको बन्दुक पड्केर मतपेटिकामा लागेकोले मतपेटिकामा खसेका ३ मत अर्को मतपेटिकामा सार्दा केही समय रोकिएको मतदान पुनः सुचारू गरिएको जानकारी प्राप्त हुन आएको ।

**५.१.१५ अन्य**

- संखुवासभा जिल्लामा भौगोलिक विकटता र खराब मौसमका कारण २३ गते बिहानमात्र मतपेटिका सङ्कलन गरी सोही दिन दिउँसोदेखि मात्र मतगणना प्रारम्भ भएको पाइयो,
- इलाम जिल्लाको इलाम न.पा. वडा नं. ८, सिङफेङमा नमूना मतदान केन्द्र विकास गर्दै महिला कर्मचारी र सुरक्षाकर्मीहरू खटाइएको पाइयो,
- ताप्लेजुङ जिल्लाको १ मतदानस्थलमा महिलामात्र निर्वाचन कर्मचारी रहेको मतदानस्थलको व्यवस्था गरी उक्त मतदानस्थलमा महिला कर्मचारीहरू मात्र खटाइएको पाइयो,
- ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ गाउँपालिका वडा नं. ७ मा रहेको शहिद स्मृति आधारभूत विद्यालय, सातसल्ले मतदान केन्द्रमा दलका प्रतिनिधि बैठकमा उपस्थित नभएको र मतदान बहिष्कार अभियान चलाएको भन्ने मुख्य निर्वाचन अधिकृतबाट जानकारी प्राप्त भएपश्चात् टोलीले उक्त मतदानस्थल गई मतदान अधिकृत, स्थानीय नेता र केही स्थानीयसँग जानकारी लिएको थियो । सो वडामा अस्पताल बनाउनका लागि स्थानीयले ठूलो परिमाणमा जग्गा उपलब्ध गराएता पनि लामो समयसम्म अस्पताल नबनेको कारण दबाबस्वरूप स्थानीयहरूले मतदान बहिष्कार अभियान चलाएको पाइयो,
- स्वास्थ्य मन्त्रालय र गृह मन्त्रालयको परिपत्र बमोजिम निर्वाचनलाई मध्यनजर गरी निर्वाचनको समयमा स्वास्थ्य विपद् व्यवस्थापन टिम तयारी अवस्थामा राख्नु भन्ने निर्देशन बमोजिम सिद्धिचरण नगरपालिकाका युनाइटेड मिसन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट ट्रष्ट अन्तर्गत सञ्चालित ओखलढुङ्गा सामुदायिक अस्पताल, जिल्ला अस्पताल ओखलढुंगा र मानेभञ्ज्याङ गाउँपालिका‍को स्वास्थ्य चौकी, केतुकेको अनुगमन गर्दा सेवा प्रभावित नहुने गरी निर्वाचन प्रयोजनका लागि स्वास्थ्य सेवा तर्फका न्यून कर्मचारी मात्रै खटाइएको पाइयो ।

## ५.२ मधेश प्रदेश




मधेश प्रदेश अन्तर्गत आठवटा जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ। अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम मधेश प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन्।

### ५.२.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- मधेश प्रदेशमा राजनीतिक दलका नेताहरूले राजनीतिक दलहरूको घोषणापत्र र सभा सम्मेलनका साथै सामाजिक सञ्जालमार्फत आफ्ना एजेन्डाहरू तुलनात्मक रूपमा संयमित र सभ्य शैलीमा प्रस्तुत गरेको पाइयो,
- न्यून मतदान प्रतिशतले नागरिकहरूको असन्तुष्टि वा मतदानमा सहभागी नहुने स्वैच्छिक निर्णयलाई एक प्रकारको मौन अभिव्यक्तिका रूपमा संकेत गरेको देखिएको,
- राजनीतिक दलहरूले निर्वाचनको प्रचारप्रसार भौतिक तथा विद्युतीय माध्यहरूबाट गरेको पाइयो।

### ५.२.२ मतदानको अवस्था

- मधेश प्रदेशमा निर्वाचन आयोगले मतदाताहरूको नाम अद्यावधिक गराउन नसकेको र स्वयम् मतदाता पनि सचेत नभएको पाइयो, धनुषा जिल्लामा पुरानो परिचयपत्र वाहक केही मतदाताले नाम अद्यावधिक नभएको कारण मतदान गर्न नपाएको जानकारी प्राप्त हुन आएको,
- सर्लाही र रौतहट दुबै जिल्लाहरूमा मतदाता र उम्मेदवारहरू (अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति) को सहभागीता न्यून मात्रामा रहेको पाइयो,
- संविधानको स्वतन्त्रताको हक अन्तर्गत धारा १७ ले सुनिश्चित गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता तथा देशको कुनैपनि भागमा आवतजावत गर्ने र पेशा, व्यवसाय गर्ने स्वतन्त्रतामाथि कुनै पनि पक्षबाट अवरोध वा वाधा पुऱ्याएको देखिएन,

- प्रत्येक पालिकामा एम्बुलेन्स तयारी अबस्थामा राखेको भन्ने जानकारी समेत प्राप्त भयो,
- मतगणनास्थलहरूमा सि.सी. क्यामेरा, तारजालीको प्रवन्ध गरी सुरक्षित गरेको पाइयो भने निर्वाचन अनुगमन समिति र निर्वाचन अधिकृतले मतदानस्थल र मतगणना स्थलहरूको अनुगमन गरेको पाइयो,
- भौतिक पहुँचका सन्दर्भमा, धेरैजसो ग्रामीण भेगमा सडक सुविधा पुगेकोले मतदाताहरूलाई मतदान केन्द्रसम्म पहुँच सहज भए तापनि केही विशिष्ट स्थानहरूमा भने पूर्वाधारजन्य चुनौतीहरू देखिएको पाइयो।

### ५.२.३ शान्तिपूर्ण भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा शङ्कास्पद वस्तु विस्फोट हुँदा तीन जनामध्ये दुईजना पैदलयात्री घाइते भएको पाइयो। सो घटनामा विस्फोटको छर्रा लागेर कैलालीको घोडाघोडी-१० घर भई हाल बर्दिबासस्थित वर्कशपमा काम गर्ने १७ वर्षीय सन्देश चौधरी र २४ वर्षीय समीर चौधरी सामान्य घाइते भएको जानकारी प्राप्त हुन आएको साथै नीजहरूको बायाँ खुट्टा र ढाडमा सामान्य चोट लागेको थियो भने दुवैको अवस्था खतरामुक्त रहेको पाइयो, सो घटनास्थलमा करिब २०० ग्राम तौल भएको अर्को शङ्कास्पद वस्तु फेला परेपछि नेपाली सेनाको बम निष्कृय टोलीसँग समन्वय गरी सो वस्तु निष्क्रिय पारिएको थियो। सो घटनाका कारण केही समय सवारी साधनहरूको लागि बैकल्पिक बाटो प्रयोग गरी आवागमन सुचारू गरिएको पाइयो,
- मिति २०८२/११/१९ गते सप्तरी जिल्लाको कंकालिनी नगरपालिका क्षेत्रमा साँझ करिब ५ बजेको समयमा विष्फोटक बस्तु भेटिएको र तत्काल निष्कृय गरिएको जानकारी पाइयो,
- सिरहा जिल्लाको सिरहा-चौराहा सडक खण्ड हुँदै महेन्द्र राजमार्ग जोडिने सडकमा नेपाली काग्रेंसको बिशाल प्रदर्शन र सडक वारपारको र्‍यालीले मानिसहरूको आवतजावतलाई बाधा पुर्‍याएको पाइयो। सवारी साधनहरूको व्यवस्थापनमा नेपाल प्रहरीको भूमिका प्रभावकारी रहेको पाइएन,

### ५.२.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- मधेश प्रदेशका अधिकांश जिल्लामा निर्वाचन प्रयोजनार्थ वर्तमान नेपालको संविधानको स्वतन्त्रताको हक अन्तर्गतको विना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता, नेपालको कुनैपनि भागमा आवतजावत गर्ने स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको कोही कसैबाट अवरोध गरेको पाइएन,
- शहरमा रहेका पसल, बिद्यालय, कल-कारखाना खुलेको पाइएन्। साथै मतदानपूर्व बारा र पर्सासँग जोडिएका पूर्व-पश्चिम राजमार्ग र बारा-पर्सा जिल्ला जोड्ने हुलाकी राजमार्ग लगायत अन्य राजमार्गहरूमा मानिस तथा सवारी साधनहरूको निर्वाधरूपमा आवतजावत भएको पाइयो,
- निर्वाचनका दिन मिति २०८२/११/२१ गते जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सरकारी सवारी साधनहरू, राजनीतिक दलका सवारी साधनहरू, एम्बुलेन्सहरू निर्वाध रूपमा गुडिरहेको देखिन्थ्यो भने बिभिन्न सडकहरूमा ट्राफिक प्रहरीको नगण्य उपस्थिति रहेको र यस बिषयमा सम्बन्धित निकायसँग बुझ्दा सबै प्रहरीहरूलाई निर्वाचन प्रक्रियामा समावेश गरिएकोले सवारी व्यवस्थापनमा

जनशक्तिको अभाव रहेको भन्ने जानकारी प्राप्त हुन आयो।

- सिरहा जिल्लाको सिरहा-चौराहा सडक खण्ड हुँदै महेन्द्र राजमार्ग जोडिने सडकमा राजनीतिक दलहरूको प्रदर्शन र ऱ्यालीको क्रममा मानिसहरूको आवतजावतलाई बाधा पुऱ्याएको पाइयो। ट्राफिक प्रहरीहरूलाई पनि निर्वाचनमा खटाइएको कारण न्यून उपस्थिति रहेको र सडकमा ट्राफिक व्यवस्थापन प्रभावकारी नभएको पाइयो साथै अन्य जिल्लामा पनि राजनीतिक दलहरूले आयोजना गरेका आम-सभाहरूमा ट्राफिक प्रहरी र नेपाल प्रहरीले वैकल्पिक बाटो मार्फत गन्तव्यमा पुग्न सहजीकरण गरेको पाइयो,
- रौतहट र सर्लाही जिल्लाको समग्र सडक सञ्जाल र यातायात व्यवस्थापन सन्तोषजनक रहेको पाइएको र मतदानको दिन जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधनहरू मात्र सञ्चालनमा रहेकोले आवागमन व्यवस्थित देखिएको थियो भने वीरेन्द्र राजमार्ग, भक्ति थापा राजमार्ग, महेन्द्र र हुलाकी राजमार्गको सहज पहुँचले गर्दा निर्वाचन कर्मचारी र सुरक्षा निकायको परिचालनमा सुगमता आएको पाइएको थियो,
- रौतहटको बौधिमाई, फतुवा विजयपुर र गुजरा नगरपालिकाका वन तथा जंगल छेउका बस्तीहरूबाट मतदान केन्द्र ३ देखि ५ किलोमिटरको दूरीमा रहेकोले स्थानीय मतदाताहरूले पैदल यात्रा गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको अनुगमनबाट पुष्टि हुन आएको,
- धनुषा जिल्लाको मिथिला न.पा.को बडहरीमा राखिएको २ वटा विष्फोटक पद्धार्थ पड्कँदा स्थानीय २ जना व्यक्ति घाइते भएका तथा बम राखिएको कारण केही समय सवारी साधनहरू सुरक्षाको कारण रोकिएको पाइयो,
- मोटरसाइकलमा क्षमताभन्दा बढी व्यक्तिहरू (३ जना) चढेका, हेलमेट नलगाएका व्यक्तिहरू भने प्रशस्तै भेटिएका थिए भने उनीहरूको आवागमनलाई प्रहरीले कुनै रोकटोक भने गरेको पाइएन।

### ५.२.५ शान्ति सुरक्षाको अवस्था

- मधेश प्रदेशका मतदानस्थलहरूलाई सुरक्षाको दृष्टिले सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन किसिमले विभाजन गरिएको सुरक्षाकर्मीको संख्या समान रूपमा रहेको र विगतको तुलनामा सुधार भएको पाइयो,
- मतदानस्थलमा आवश्यकताका आधारमा ३० मिनेटभित्र थप सुरक्षाकर्मी पुग्न सक्ने गरी सशस्त्र प्रहरी र नेपाली सेनाको घुम्ति टोली तयारी अवस्थामा राखेको पाइयो,
- पर्सा र बारा जिल्लामा मिति २०८२/११/१९ गते जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सुरक्षा समितिले निर्वाचनका लागि तयार गरेको सुरक्षा व्यवस्थाबीच बीरगञ्ज महानगरपालिकाबाट ३ जनाको समूहबाट बम पड्काउन राखेको ९ वटा सुतली बम र सुंगुरको टाउको भेटिएकोले समुदायहरूबीच द्वन्द्व फैलिन सक्ने अनुमान गरी मिति २०८२/११/२० गते बिहानैदेखि बीरगञ्ज नगरभित्र अघोषित निषेधाज्ञा घोषणा गरिएको पाइयो,
- निर्वाचन आयोगको निर्देशन बमोजिम नेपाली सेना र सशस्त्र प्रहरी बलको टोलीले सक्रिय रूपमा परिचालित भएको पाइयो,

- सर्वसाधारण व्यक्तिहरूको घरमा नागरिकहरू नै असुरक्षित हुनेगरी जवर्जस्ती खाने, बस्ने तथा चन्दा असूलउपर गर्ने जस्ता गतिविधिहरू गरेको नपाइएको,

## ५.२.६ सूचनाको अधिकार/मतदाता शिक्षा

- सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ को मत परिणाम बुझ्न साथै सूचनाको अधिकार र मतदाता शिक्षालाई आम नागरिक सामु पुऱ्याउने उद्देश्यले निर्वाचन कार्यालय पुगेका ग्लोबल टेलिभिजनका एक पत्रकारलाई कार्यालय भित्र प्रवेशमा रोक लगाएपछि निजले सोको विरोध गरी सडकमा प्रदर्शन गरेको पाइयो।
- मतदाता शिक्षा राजनीतिक दलका प्रतिनिधिबाट घरदैलोको क्रममा आफ्नो दलको चुनाब चिन्ह केन्द्रित रहेको पाइयता पनि निर्वाचन आयोगको कार्यालयबाट दिनुपर्ने मतदाता शिक्षा प्रभावकारी र पर्याप्त नभएको पाइयो,
- जिल्ला निर्वाचन कार्यालय, पर्साका अनुसार जिल्लास्थित बिभिन्न पालिकाहरूको समन्वयमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको भन्ने जानकारी पाइयो,
- मतदाता शिक्षाको लागि सामाजिक सञ्जाल र सञ्चार माध्यमहरूको प्रयोग भएको पाइयो,
- मतदाता शिक्षासँग सम्बन्धित सामग्रीहरू मातृभाषामा उपलव्ध भएको पाइएन।

## ५.२.७ निर्वाचन आचारसंहिताको अवस्था


- सर्लाही र रौतहट जिल्लामा केही प्रतिनिधि व्यापारीहरूसँग बुझ्दा कुनैपनि राजनीतिक दलका कार्यकर्ताहरूले सर्वसाधारण व्यक्तिहरूको घरमा जवर्जस्ती खाने, बस्ने, चन्दा असूलउपर गर्ने जस्ता गतिविधिहरू गरेको नपाइएको,
- केही अपवाद बाहेक मनोनयन दर्ता गर्नुपूर्व र पश्चात् व्यक्तिहरूका घरका भित्तामा प्रचार सामग्रीहरू टाँस्ने, राजनीतिक दलहरूले मापदण्ड भन्दा ठूला व्यानर, झण्डा, पम्प्लेटको प्रयोग गर्ने तथा निर्वाचन आचारसंहिता उल्लङ्घनमा कमी आएको देखिंदा विगतका निर्वाचन भन्दा यस पटक मधेश प्रदेशका सबै जिल्लाहरूमा आचारसंहिताको अवस्था सकारात्मक तथा सुधारोन्मुख रहेको पाइयो,
- सर्लाही र रौतहट जिल्लामा मौन अवधि शुरू भएपछि केही विकास निर्माणका सामग्रीहरू वितरण गरेको भन्ने आरोप सम्बन्धमा प्राप्त भएको गुनासोलाई सम्बन्धित मुख्य निर्वाचन अधिकृत र प्रहरी कार्यालयले समेत बुझ्दा पूर्व तर्जुमा भएको योजना अन्तर्गत ती कार्यहरू भएको पाइएतापनि तत्काल रोक्न निर्देशन दिइएको बुझिएको,
- सर्लाही र रौतहट जिल्लामा निर्वाचन चिन्ह अंकित टि-सर्ट र क्याप लगाएको देखिएको तथा राजनीतिक दलहरूले ठाउँ ठाउँमा भोजको व्यवस्था गरेको दृष्य समेत देखिएको थियो,
- सर्लाही र रौतहट जिल्लामा आचारसंहिता विपरीतका केही मौखिक गुनासाहरू आएता पनि लिखित रूपमा कुनै उजूरी नआएको भन्ने सम्बन्धित निकायहरूको भनाई रहेको पाइयो,
- यस पटकको निर्वाचनमा कसैको जीवन, मर्यादामा आँच आउने प्रकारका अभिव्यक्ति कुनै पनि दलबाट नआएको भन्ने प्रायः सबैको समान भनाईहरू प्राप्त भएको तर सर्लाही र रौतहट जिल्लामा ३ वटा घटनाहरूमा शारीरिक रूपमा आघात पुग्नेगरी भएको झडप वा आक्रमण स्वतन्त्रपूर्वक भेला

हुन पाउने, विचार राख्न पाउने, आवत जावत गर्न पाउने, मत माग्न पाउने अधिकारहरूको चुनौतीको रूपमा देखिएको पाइयो,

- ➢ मतदानको दिनमा समेत दलका प्रतिनिधिहरूले कतिपय जिल्लाहरूका मतदान केन्द्रमा मतदाता नामावली लिएर मतदान केन्द्र बाहिर सांकेतिक रूपमा आफ्नो दलको चुनाव चिन्हमा भोट हाल्न सिकाई रहेको पाइयो,
- ➢ ज.स.पा.का उम्मेदवार अशेश्वर यादवलाई निज चढेको गाडीमा नगद सहित २०८२/११/१९ गते १२:४५ बजे पक्राउ गरी निर्वाचन अधिकृतको कार्यालय क्षेत्र नं. ३ मा बुझाइएको र ३ दिनमा स्पष्टिकरण दिनु भनी हाजिर जमानीमा छोडिएको भनी जिल्ला प्रहरी कार्यालय सिरहाबाट जानकारी पाइयो,
- ➢ यो पटकको निर्वाचनमा निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी भएपनि अघिल्लो निर्वाचनको तुलनामा कम खर्च भएको स्थानीय मतदाताहरूको भनाइ रहेको पाइयो,

### ५.२.८ समावेशी/सहभागिताको अवस्था

| कूल उम्मेदवार सङ्ख्या | | | उम्मेदवार संख्या | | | | प्रतिशतमा (%) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आदिवासी /जनजाति | खसआर्य | थारु | दलित | मधेसी | मुस्लिम |
| १०२७ | | | पुरुष | महिला | अन्य | जम्मा | ६.८२ | ५.८४ | ३ | ८.४७ | ६९ | ८ |
| पुरुष | महिला | अन्य | | | | | | | | | | |
| ८९.४% | १०.६% | ०% | ९१८ | १०९ | ० | १०२७ | | | | | | |




स्रोतः निर्वाचन आयोग

- मधेश प्रदेशमा कूल १,०२७ जना प्रत्यक्ष तर्फ उम्मेदवार दर्ता भएका थिए । तीमध्ये ९१८ जना (८९.४%) पुरुष र १०९ जना (१०.६%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको पाइएन । उम्मेदवारी प्रक्रियामा पुरुषको प्रतिनिधित्व उल्लेखनीय रहेको देखिन्छ भने महिलाको प्रतिनिधित्व न्यून रहेको छ र अन्य लिङ्ग समूहको प्रतिनिधित्व शून्य रहेको देखिन्छ ।
- समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा मधेसी समुदायका उम्मेदवारको हिस्सा सबैभन्दा बढी ६९% रहेको छ । त्यसपछि दलित समुदायबाट ८.४७%, मुस्लिम समुदायबाट ८%, खसआर्य समुदायबाट ५.८४%, आदिवासी/जनजाति समुदायबाट ६.८२% तथा थारू समुदायबाट ३% उम्मेदवार दर्ता भएका थिए । मधेश प्रदेशमा मधेसी समुदायको उल्लेखनीय प्रतिनिधित्व रहेको देखिए पनि अन्य समुदायको प्रतिनिधित्व तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ ।

### ५.२.९ निर्वाचनमा बालबालिकाको प्रयोग

- अधिकांश दलहरूले उम्मेदवारी दर्ता प्रक्रिया र प्रचारप्रसार तथा र्‍यालीमा समेत बालबालिकाहरूको प्रयोग गरेको पाइयो । विशेषतः धनुषा र महोत्तरी जिल्लाका धनुषाको मुखियापट्टी मुसहरनियामा र महोत्तरीको सम्सीमा बालबालिकाहरूको प्रयोग गरेको पाइएको थियो । आयोगको अनुगमन टोलीले बालबालिकाहरूको विषयमा जानकारी लिन खोज्दा नीजहरू भागेको पाइयो ।

### ५.२.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यक,ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी)

- अधिकांश मतदान केन्द्रहरू लैङ्गिक तथा अपाङ्गमैत्री हुनुका साथै ज्येष्ठ नागरिक र सुत्केरीलाई आवश्यकता अनुरूप विशेष व्यवस्था गरिएको पाइयो,
- समग्रतामा मधेश प्रदेशको तथ्याङ्कलाई हेर्दा रौतहटमा मधेशी र मुस्लिम समुदायको प्रतिनिधित्व उल्लेख्य रहेको पाइएको,
- सर्लाही जिल्लाको पश्चिमी हुलाकी राजमार्ग निर्माणाधीन अवस्थामै रहेको हुनाले जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान केन्द्रसम्म पुग्न समस्या रहेको पाइयो,
- बारा जिल्लाको मालपोत कार्यालय, कलैयामा रहेको मतदान केन्द्रमा जेष्ठ नागरिकलाई सिंढीका खुड्किला चढ्न नसकिने गरी मतपत्र राख्ने स्थान बनाइएको पाइयो ।
- मतदानस्थल जनसंख्या बसोबासको हिसावले केन्द्रमा रहेको भएतापनि स्थान अभाव, सुरक्षा र गोपनीयताको हकको दृष्टिले उचित नभएको पाइयो ।

### ५.२.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्थाः

- स्वास्थ्य सेवाका कर्मचारीहरू निर्वाचनमा खटाइएको साथै स्वास्थ्य केन्द्रहरूमा मतदानस्थल तोकिएकोले स्वास्थ्य सेवा प्रभावित भएको जानकारी पाइयो,
- सिरहा जिल्लाको नयनपुर नगर अस्पताल, धनगढीमाई न.पा.-९ मुसर्निया मतदान केन्द्रमा भर्ना भएका बिरामी डिस्चार्ज गरी मतदान शुरू भएतापनि आकस्मिक र प्रसुति सेवा भने खुला रहेको, अस्पताल

व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रका कर्मचारीहरू निर्वाचनमा खटाउन नमिल्ने भनी सहजीकरण गरेकोमा सोको वेवास्ता गरिएको भन्ने जानकारी पाइयो।

**५.२.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार**

- मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरू जस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, नियोक, जियोक, सञ्चारकर्मी लगायत अनुमति प्राप्त संस्थाहरूबाट आचारसंहिताको पालना सहित पर्यवेक्षण गरेको पाइयो,
- पर्यवेक्षकहरूलाई पर्याप्त अभिमूखीकरण र तालिमको अभाव रहेको जानकारी प्राप्त भयो।

**५.२.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन:**

- प्रदेशका विभिन्न जिल्लाका कारागारहरूमा रहेका कैदीबन्दीहरूको मतदाता परिचयपत्र आफ्नै जिल्लामा रहेको र निर्वाचन आयोगले आवश्यक समन्वय गर्न नसक्दा अस्थायी नामावली सङ्कलनमा समस्या भइ धैरै कैदीबन्दीहरूको मताधिकारबाट वञ्चित भएको जानकारी पाइयो,
- महोत्तरी जिल्लाको जलेश्वरस्थित् कारागार कार्यालयमा रहेका ३९१ कैदीबन्दीहरूमध्ये जम्मा २१ जनाले मतदान गरेको जानकारी पाइयो।

**५.२.१४ अन्य**

- खसेको मत प्रतिशतको आधारमा कतिपय मतदाताहरू मतदान प्रक्रियामा सहभागी नै नभएको अवस्था रहेको पाइयो,
- निर्वाचन आयोगले बिगतमा प्रयोगमा आएका बिद्यालय भवन, सामुदायीक भवन, आँपका खुल्ला बगैंचाहरू, पुराना नाम समेत नफेरी प्रा.वि. स्तरका बिद्यालयहरूमा रहेको पाइयो,
- कतिपय मतदानस्थल छनोट गर्दा राजनीतिक प्रभाव र दवावका कारण निर्धारण गरेको पाइयो,
- बारा जिल्लाका केही मतदान केन्द्रहरूमा निर्माण सामग्रीहरू थुपारिएको पाइयो,
- बारा जिल्लामा अनुगमन गरिएका अधिकांश मतदानस्थलहरू मानव अधिकारमैत्री रहेतापनि बारा जिल्लाको हनुमान धर्मशाला, कलैयामा रहेको मतदान केन्द्र साँघुरो रहेको र सानो ठाउँमै ३ वटा मतदान केन्द्रहरू रहेको हुनाले आवत जावतमा मतदाताहरूलाई कठिनाई रहेको पाइयो।

## ५.३ बागमती प्रदेश




बागमती प्रदेश अन्तर्गत १३ वटा जिल्ला (दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाडौं) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ। अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम बागमती प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन्।

**अनुगमनबाट प्राप्त तथ्यहरू**

### ५.३.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- बागमती प्रदेशका अधिकांश जिल्लाहरूमा उम्मेदवार, राजनीतिक दल तथा तिनका प्रतिनिधिहरूले शान्तिपूर्ण र व्यवस्थितरूपमा मर्यादित र सभ्य भाषाको प्रयोग गरी निर्वाचन प्रचारप्रसार गरेको भएता पनि सामान्य आरोप प्रत्यारोप गरेको पाइयो,
- निर्वाचन प्रचारप्रसारका क्रममा परम्परागत माध्यमको तुलनामा डिजिटल प्लेटफर्महरू सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरूको प्रयोग उल्लेख्य रूपमा भएको पाइयो,
- सञ्चारमाध्यम तथा पत्रकारहरूसँग समन्वय गरी निर्वाचन अधिकारीहरूले घृणाजन्य अभिव्यक्ति नियन्त्रण गर्न पहल गरेको पाइयो।

### ५.३.२ मतदानको अवस्था

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा मतदाताहरूले स्वतन्त्र, निर्भय तथा अवरोधरहित वातावरणमा मतदान गरेको पाइयो। मतदान प्रक्रियामा सहभागी हुन कुनै पनि मतदाता वा समुदायलाई प्रत्यक्ष रूपमा रोक लगाइएको वा भेदभाव गरिएको अवस्था देखिएन,
- मतदान प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायका मतदाताहरूको सहभागितामा कुनै कानूनी वा प्रशासनिक अवरोध देखिएन,
- काठमाडौंको किर्तिपुर न.पा. दक्षिणकाली, त्रिभुवन आर्दश आवसीय मा.वि. फर्पिङ र चन्द्रागिरी नवदुर्गा प्रा.वि. खहरे मतदान केन्द्र ख मा पुरानो मतदाता परिचय पत्र अनुसार विगतको निर्वाचनमा मतदान गरेको तर यस पटकको निर्वाचनमा मतदाता नामावली अद्यावधिक नहुँदा मतदान गर्न वञ्चित रहेको पाइयो,
- त्यसैगरी नवज्योति आधारभूत विद्यालयमा पुरानो मतदाता परिचय पत्र अनुसार हालको मतदाता नामावलीमा क्रमसंख्या नमिलेका ५ जना रहेता पनि उनीहरूले मतदान गर्ने अधिकार उपभोग गरेको जानकारी पाइयो। क्रमसंख्या नमिल्दा एउटै नामका धेरै व्यक्ति हुँदा केही झण्झट भएता पनि मतदानको अधिकारबाट बञ्चित हुन नपरेको जानकारी पाइयो,
- काठमाडौंको शिव मन्दिर नागढुँगा मतदान स्थल खुल्ला सडकमा पाल टागेर मतदान केन्द्र बनाइको पाइयो।

### ५.३.३ शान्तिपूर्ण रूपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- बागमती प्रदेशका सबै जिल्लाहरूमा राजनीतिक दल तथा उम्मेदवारहरूले शान्तिपूर्ण रूपमा कोणसभा, घरदैलो, अन्तरक्रिया तथा अन्य निर्वाचनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न पाएको पाइयो। कुनै पनि दल वा उम्मेदवारलाई सभा सम्मेलन आयोजना गर्न प्रत्यक्ष अवरोध गरिएको देखिएन,
- निर्वाचन अवधिभर अधिकांश जिल्लाहरूमा झडप, हिंसा, तोडफोड वा सार्वजनिक शान्ति भंग हुने प्रकृतिका घटना नदेखिएकाले शान्तिपूर्ण रूपमा भेला हुने र सभा सम्मेलन गर्ने अधिकारको उपभोग गरेको पाइयो,
- निर्वाचनको क्रममा ठूला आमसभा, ऱ्याली कार्यक्रमहरूको आयोजना न्यून भएको तथा प्रचारप्रसार गर्दा घरदैलो, साना सभा तथा डिजिटल माध्यममा केन्द्रित रहेको पाइयो,
- केही जिल्लाहरूमा महिला तथा सीमान्तकृत समुदायका व्यक्तिहरूको निर्वाचन प्रचारप्रसार, नेतृत्व तथा निर्णय प्रक्रियामा प्रभावकारी सहभागीता रहेको पाइएन।

### ५.३.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- बागमती प्रदेशका अधिकांश जिल्लाहरूमा मतदाता, उम्मेदवार, राजनीतिक दल तथा तिनका समर्थकहरूले निर्वाचन गतिविधिमा सहभागी हुन तथा मतदान केन्द्रसम्म पुग्न स्वतन्त्र र अवरोधरहित रूपमा आवतजावत गरेको पाइयो। शान्ति सुरक्षाको अवस्था सामान्य रहेकाले आवागमनमा कुनै प्रतिबन्ध वा अवरोध पाइएन,

- अधिकांश मतदान केन्द्रहरू पहुँचयुक्त स्थानमा रहेका तथा सुरक्षा निकायले आवश्यक सुरक्षा व्यवस्था मिलाएकाले मतदाताहरूलाई मतदान केन्द्रसम्म पुग्न सहज वातावरण रहेको पाइयो । साथै, कुनै पनि राजनीतिक दल वा उम्मेदवारलाई प्रचारप्रसारका क्रममा आवतजावत गर्न रोक लगाइएको पाइएन,
- केही दुर्गम क्षेत्रमा मतदान केन्द्रहरू टाढा रहेका कारण मतदाताहरूले लामो दूरी पैदल यात्रा गर्नुपरेको पाइयो । विशेषगरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी तथा सुत्केरी महिलाहरूलाई मतदान केन्द्रसम्म पुग्न व्यावहारिक कठिनाइ भएको पाइयो,
- सुरक्षा संवेदनशीलताका आधारमा मतदान स्थल तथा केन्द्रहरूको वर्गीकरण गरी सुरक्षा व्यवस्था मिलाइएको भए तापनि यसले नागरिकहरूको आवतजावतको अधिकारमा प्रत्यक्ष असर पारेको वा मतदान प्रक्रियामा सहभागी हुन अवरोध सिर्जना गरेको पाइएन ।

### ५.३.५ शान्ति सुरक्षाको अवस्था

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा निर्वाचनपूर्व तथा निर्वाचन अवधिभर शान्ति सुरक्षाको अवस्था सामान्य रहेको भएता पनि मतदानका दिन दोलखा जिल्लाको तामाकोशी गा.पा वडा नं.-४ मा रहेको गुल्मेश्वर महादेव माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रमा नेपाली कांग्रेस र एमाले कार्यकर्ता बिच भनाभन हुदा ३ घण्टाका लागि मतदान स्थगन भएकोमा सर्वदलीय छलफल पछि पुन: मतदान भएको जानकारी पाइयो । अन्य स्थानहरूमा राजनीतिक दल, उम्मेदवार तथा समुदायबीच आपसी सौहार्दपूर्ण वातावरण कायम रहेको पाइयो,
- निर्वाचनको सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा निर्वाचन प्रहरी बीच प्रभावकारी समन्वय कायम गरी मतदान स्थल तथा मतदान केन्द्रहरूमा आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको पाइयो । सुरक्षा संवेदनशीलताका आधारमा मतदान केन्द्रहरूको वर्गीकरण गरी सोअनुरूप सुरक्षा व्यवस्था गरिएको देखियो,
- प्राप्त सूचना तथा अनुगमनका क्रममा निर्वाचन प्रक्रियालाई प्रभावित पार्ने प्रकृतिका गम्भीर सुरक्षा घटना, संगठित अवाञ्छित गतिविधि वा सार्वजनिक शान्ति खल्बल्याउने कार्यहरू भएको पाइएन ।

### ५.३.६ सूचनाको अधिकार/मतदाता शिक्षा

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन भएको पाइएन । विशेषगरी ग्रामीण तथा सीमान्तकृत वर्गसम्म मतदाता शिक्षाको पहुँच सीमित रहेको पाइयो ।
- निर्वाचनसम्बन्धी सूचना प्रवाहका लागि डिजिटल माध्यम तथा सञ्चारमाध्यमहरूको प्रयोग गरिएको पाइए तापनि सबै समुदायको समान पहुँच र स्थानीय भाषा तथा समुदाय केन्द्रित सूचना सामग्रीको अभावका कारण केही समूहहरू मतदाता शिक्षाबाट वञ्चित भएको पाइयो ।
- मतदाता शिक्षाको लागि केही स्थानमा नमूना मतपत्र वितरण तथा स्वयंसेवकहरू परिचालन भएता पनि प्रभावकारिता र पहुँचमा पर्याप्तता नरहेको जानकारी पाइयो ।

### ५.३.७ निर्वाचन आचारसंहिताको पालना


- बागमती प्रदेशका अधिकांश जिल्लाहरूमा राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला

निकायहरूले निर्वाचन आचारसंहिताको समग्र रूपमा पालना गरेको पाइयो,

- अधिकांश जिल्लाहरूमा निर्वाचन प्रचारप्रसारका क्रममा कुनै पनि राजनीतिक दल वा उम्मेदवारलाई अवरोध गरिएको, डर धम्की दिइएको वा अनुचित प्रभाव पारिएको अवस्था नरहेको पाइयो,
- केही जिल्लाहरूमा सामाजिक सञ्जालमार्फत आरोप-प्रत्यारोप तथा अस्वस्थ अभिव्यक्तिहरू व्यक्त भएको भन्ने जानकारी पाइयो । जिल्ला निर्वाचन कार्यालयहरूले घृणाजन्य अभिव्यक्ति तथा आचारसंहिता उल्लङ्घनका सम्भावित घटनाप्रति सतर्कता अपनाएको जानकारी पाइयो,
- सिन्धुपाल्चोक जिल्लामा भित्ते लेखनसम्बन्धी आचारसंहिता उल्लङ्घनको लिखित उजुरी परेको र निर्वाचन आयोगबाट सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिइएको जानकारी प्राप्त भयो ।
- यसबाहेक अधिकांश जिल्लाहरूमा आचारसंहिता उल्लङ्घनसम्बन्धी गम्भीर उजुरी वा विवाद दर्ता भएको पाइएन ।

### ५.३.८ समावेशी/सहभागिताको अवस्था

<table>
<tr><th colspan="3" rowspan="2">कुल उम्मेदवार सङ्ख्या</th><th colspan="4" rowspan="2">उम्मेदवार संख्या</th><th colspan="6">प्रतिशतमा (%)</th></tr>
<tr><th>आदिवासी /जन जाति</th><th>खसआर्य</th><th>थारु</th><th>दलित</th><th>मधेसी</th><th>मुस्लिम</th></tr>
<tr><td colspan="3">७३१</td><td rowspan="2">पुरुष</td><td rowspan="2">महिला</td><td rowspan="2">अन्य</td><td rowspan="2">जम्मा</td><td rowspan="3">४५.१४</td><td rowspan="3">५०.०७</td><td rowspan="3">१</td><td rowspan="3">२.६०</td><td rowspan="3">२</td><td rowspan="3">०</td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>अन्य</td></tr>
<tr><td>८५.२%</td><td>१४.८%</td><td>०%</td><td>६२३</td><td>१०८</td><td>०</td><td>७३१</td></tr>
</table>




स्रोतः निर्वाचन आयोग

- बागमती प्रदेशमा कूल ७३१ जना प्रत्यक्ष तर्फको उम्मेदवार दर्ता भएका थिए। तीमध्ये ६२३ जना (८५.२%) पुरुष र १०८ जना (१४.८%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको पाइएन। यसले उम्मेदवारी प्रक्रियामा पुरुषको उल्लेखनीय प्रतिनिधित्व रहेको र महिलाको न्यून र अन्य लिङ्ग समूहको प्रतिनिधित्व शून्य रहेको देखिन्छ।
- समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा खसआर्य समुदायका उम्मेदवारको प्रतिनिधित्व सबैभन्दा बढी ५०.०७% रहेको छ। त्यसपछि आदिवासी/जनजाति समुदायबाट ४५.१४%, दलित समुदायबाट २.६०%, थारू समुदायबाट १% तथा मधेसी समुदायबाट २% उम्मेदवार दर्ता भएका थिए। मुस्लिम समुदायबाट भने कुनै पनि उम्मेदवार (०%) दर्ता नभएको देखिन्छ। यसले खसआर्य र आदिवासी/जनजाति समुदायको उल्लेखनीय प्रतिनिधित्व रहेको भए पनि दलित, थारू र मधेसी समुदायको प्रतिनिधित्व न्यून रहेको छ भने मुस्लिम समुदायको प्रतिनिधित्व शून्य रहेको देखिन्छ।

### ५.३.९ निर्वाचनमा बालबालिकाको प्रयोग

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसार, जुलुस, सभा तथा अन्य निर्वाचन गतिविधिहरूमा बालबालिकाको छिटपुट रुपमा प्रयोग गरेको पाइयो,
- निर्वाचनपूर्व तथा निर्वाचन अवधिमा बालबालिकालाई राजनीतिक गतिविधिमा सहभागी गराइएको वा उनीहरूको प्रयोगमार्फत निर्वाचन प्रचारप्रसार गरिएको सम्बन्धमा कुनै गम्भीर उजुरी वा घटना नभएको पाइयो।

### ५.३.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी)

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिहरूलाई मतदान तथा निर्वाचन प्रक्रियामा सहभागी हुन कुनै प्रत्यक्ष विभेद वा अवरोध नभएको जानकारी पाइयो,
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी तथा सुत्केरी महिलाहरूका लागि आवश्यक सहजीकरणका प्रयास गरिए तापनि अधिकांश मतदान केन्द्रमा अपाङ्गमैत्री भौतिक पूर्वाधार, पहुँचयुक्त बाटो तथा यातायात सुविधाको अभाव पाइयो,
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूलाई निर्वाचन प्रक्रियामा सहभागी हुन प्रत्यक्ष अवरोध वा विभेद भएको भन्ने गुनासो पाइएन। साथै यस समुदायको सहभागीता र प्रभावकारी प्रतिनिधित्वका लागि लक्षित कार्यक्रमहरू गरेको पाइएन।

### ५.३.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था

- निर्वाचन अवधिमा शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार तथा अन्य आधारभूत सार्वजनिक सेवाहरू निरन्तररूपमा सञ्चालन भएको पाइयो।
- स्वास्थ्य संस्थाहरूले नियमित स्वास्थ्य सेवा प्रदान गरिरहेको तथा आकस्मिक स्वास्थ्य सेवासमेत

सञ्चालनमा रहेको, सर्वसाधारण नागरिकले नियमित स्वास्थ्य सेवा निर्वाचन अवधिमा समेत पाइरहेको पाइयो ।

- केही विद्यालय तथा शैक्षिक संस्थाहरूका भवन मतदान केन्द्रका रूपमा प्रयोग गरिए तापनि शैक्षिक गतिविधि र शिक्षा सेवामा न्यून प्रभाव पर्ने गरी व्यवस्थापन गरिएको पाइयो ।

### ५.३.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार

- मतदान केन्द्र र मतगणना स्थलमा राष्ट्रिय पर्यवेक्षकको उपस्थिति रहेको, निर्वाध रूपमा निर्वाचन आचारसंहिता तथा कार्यविधिको पालना गर्दै अनुगमन गरेको पाइयो,
- अनुगमनका क्रममा पर्यवेक्षकहरूले राजनीतिक दल, उम्मेदवार तथा मतदाताप्रति समान व्यवहार अपनाएको र निर्वाचन प्रक्रियामा अनावश्यक हस्तक्षेप गरेको पाइएन ।

### ५.३.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन

- रामेछाप जिल्लामा कर्मचारीहरू र कैदी बन्दीहरूका लागि समानुपातिकमा मतदान गर्नको लागि १ वटा अस्थायी मतदान केन्द्र रहेको पाइयो,
- मकवानपुर जिल्लामा अस्थायी मतदान केन्द्र, कारागार कार्यालय भिमफेदीमा रहेका ९६३ जना नेपाली कैदीबन्दीहरू मध्ये १९१ जनाको मात्र मतदाता नामावलीमा नाम रहेको पाइयो । त्यसैगरी कारागार कार्यालय चितवनमा रहेका ६६८ जना कैदीबन्दीहरू मध्ये ११५ जनाको मात्र मतदाता नामावलीमा नाम रहेको पाइयो ।

### ५.३.१४ प्राप्त उजुरी  तथा विवाद सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित)

- अनुगमन गरिएका अधिकांश जिल्लाहरूमा निर्वाचनसँग सम्बन्धित गम्भीर प्रकृतिका उजुरी वा विवाद दर्ता भएको पाइएन,
- केही स्थानमा प्राप्त सामान्य प्रकृतिका मौखिक गुनासो तथा विवादहरू सम्बन्धित निकाय र सरोकारवालाहरूबीच समन्वय तथा संवादमार्फत समाधान गरिएको पाइयो,
- दोलखा जिल्लाको तामाकोशी गाउँपालिका-४ स्थित एक मतदान केन्द्रमा मतदान प्रक्रियासम्बन्धी विवादका कारण केही समय मतदान स्थगित भएको भए पनि स्थानीय प्रशासनको सहजीकरणमा सर्वदलीय सहमतिपछि पुनः मतदान सञ्चालन गरिएको पाइयो,
- निर्वाचन आचारसंहिता उल्लङ्घन तथा सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित केही गुनासोहरू प्राप्त भए तापनि निर्वाचनको समग्र निष्पक्षता, विश्वसनीयता तथा शान्तिपूर्ण वातावरणमा उल्लेखनीय असर परेको देखिएन ।

### ५.३.१५ अन्य

- निर्वाचन प्रक्रिया समग्र रूपमा स्वतन्त्र, निष्पक्ष, समावेशी तथा भयमुक्त वातावरणमा सम्पन्न भएको पाइयो ।
- मतदाताको गोपनीयता, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला तथा आवतजावत गर्न पाउने अधिकारको समग्र रूपमा सम्मान भएको देखियो ।

## ५.४ गण्डकी प्रदेश




गण्डकी प्रदेश अन्तर्गत ११ वटा जिल्ला (गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी, बागलुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत मनाङ र मुस्ताङ बाहेकका ९ वटा जिल्लाहरूमा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम गण्डकी प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन् ।

### अनुगमनबाट प्राप्त तथ्यहरू

### ५.४.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- नेपालको संविधानको विभिन्न धाराहरू मध्ये स्वतन्त्रताको हक अन्तर्गत पर्ने विचार अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता, राजनीतिक दल खोल्न पाउने स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता अनुगमन गर्दाको अवधिसम्म कोही कसैवाट बाधा विरोध वा अवरोध गरेको पाइएन । प्रतिनिधि सभा सदस्य निर्वाचनमा सबै राजनीतिक दलहरूले स्वतन्त्र रुपमा भाग लिएको पाइयो ।

### ५.४.२ मतदानको अवस्था

- मतदाताले स्वतन्त्र र भयरहित वातावरणमा तथा गोप्य मतदान गर्न पाएको भन्ने जानकारी पाइयो,

- मतदानका क्रममा कतिपय मतदान केन्द्रमा मतदाताको परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएर मतदानको अधिकारबाट बञ्चित भएको पाइयो,
- स्याङ्जाको वालिङ नगरपालिका-१० स्थित बालज्योति आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा निर्वाचन अधिकृतको हस्ताक्षर नभएको मतपत्र फेला परेपछि विवाद चर्किएको र निर्वाचन अधिकृतका अनुसार सो केन्द्रमा १७१ मत खसेको र मतपेटिकालाई सिलबन्दी गरी छुट्टै गणना गर्ने सहमतिपश्चात् करिब दुई घण्टा रोकिएको मतदान पुनः सञ्चालन भएको जानकारी पाइयो,
- मतदानस्थल रहेका केही विद्यालयमा सबै क्षेत्रलाई निगरानी गर्ने गरी पहिलेबाट नै सिसिटिभी क्यामेरा जडान गरिएको पाइएको हुँदा मतदान गर्ने स्थान र मत खसाल्ने कार्यलाई उक्त सिसिटिभी क्यामेराहरूले फूटेज कैद गर्ने वा नगर्ने कुराको यकीन गर्न मतदान अधिकृत तथा सुरक्षा निकायका कर्मचारीहरूलाई आयोगको अनुगमन टोलीले ध्यानाकर्षण गराएपश्चात् कतिपय स्थानका सिसिटिभी क्यामेरा बन्द गरिएको र कतिपय मत खसाल्ने स्थानको फूटेज कैद हुने मतदानकेन्द्रलाई परिवर्तन गरी गोप्य ठाउँमा सारिएको पाइयो,
- मतदानस्थल धेरै साँगुरो स्थानमा रहेको पाइएको, नजिकै फराकीलो सरकारी भवन/विद्यालय भएपनि पहिलेदेखि रहेको मतदानस्थल समेत प्रयोग भएको पाइएको,
- नयाँ संरचना भएका, मतदानस्थल राख्न उपयुक्त भवन बनेका ठाउँमा मतदानस्थल परिवर्तन गर्न निर्वाचन आयोगलाई मतदाताको सुझाव रहेको पाइयो,
- लामो समय सञ्चालनमा नरहेका विद्यालयहरूमा पनि मतदान केन्द्र रहेको, राजनीतिक दलहरूको दबावका कारण जिल्ला निर्वाचन कार्यालयले त्यस्ता मतदान केन्द्रहरू उपयुक्त नभए पनि परिवर्तन गर्न नसकेको जानकारी पाइयो ।

### ५.४.३ शान्तिपूर्णरुपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- राजनीतिक दल तथा उम्मेदवारहरूलाई निर्वाचन प्रचारप्रसार कार्यक्रममा आमसञ्चारका साधन, सार्वजनिक स्थलको प्रयोग तथा डिजिटल सामग्रीहरू प्रयोगमा कुनै रोक नभएको र निर्वाध रूपमा आचारसंहिता पालना सहित शान्तिपूर्ण रुपमा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गरेको पाइयो,
- कतिपय जिल्लाहरूमा निर्वाचनको प्रचारप्रसारको लागि गाडीमा माइकिङ गरी ध्वनिप्रदुषण गर्न रोक लगाए तापनि केही उम्मेदवारहरूले अनुगमनको क्रममा माइकिङ गरेको पाइएकोले ती उम्मेदवारहरूलाई तत्कालै सचेत गराइएको भन्ने जानकारी पाइयो ।

### ५.४.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- निर्वाचनको अवधिभर कहिं-कतै, कुनै पक्षबाट अवरोध सिर्जना हुने गरी आवात-जावतमा रोक लगाइएको पाइएन,
- सवारी पास भएका सवारी साधन बाहेक अन्य पास नलिएका सवारी साधनको कडा रूपमा निगरानी गरिएको पाइयो,
- बाटोको सुविधा भएका केही स्थानका जेष्ठनागरिक, अशक्त व्यक्ति, गर्भवती, सुत्केरी महिलालाई

दलहरूले पास लिई सवारी साधनको व्यवस्था गरेको पाइयो,

- नवलपरासी, गोरखा लगायत केही जिल्लाहरूमा बाटोको सुविधा भएतापनि मतदानस्थल धेरै साँघुरो ठाउँमा भएकोले मतदानस्थलसम्म पुग्न समस्या रहेको पाइयो,
- भौगोलिक कठिनाईका कारण केही मतदान केन्द्रहरूको पहुँचमा आम नागरिक लगायत जेष्ठनागरिक, असक्त व्यक्ति, गर्भवती र सुत्केरी महिलालाई कठिनाई रहेको पाइयो ।

### ५.४.५ शान्ति सुरक्षाको अवस्था

- सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनका लागि सबै सुरक्षा निकायहरूबीच प्रभावकारी समन्वय तथा सहकार्यमा सुरक्षा संयन्त्रको बैठक नियमित रूपमा बस्ने गरेको र केही दुर्गम स्थानमा रहेका मतदानस्थलहरूमा नेपाली सेनाले नियमित गस्ती गरेको पाइयो,
- लमजुङ जिल्लाको मध्य नेपाल नगरपालिका वडा नं. १० मा मिति २०८२/११/१९ गते सर्वदलीय बैठकमा सो वडा बाहेक वडा नं. ६ को प्रतिनिधि (रास्वपाका प्रतिनिधि) सहभागी हुँदा सर्वदलीय बैठकमा विवाद सिर्जना भइ निज प्रतिनिधिलाई सुरक्षाकर्मीले स्कर्टिङ्ग गरी सुरक्षित रूपमा पठाइएको जानकारी पाइयो,
- गोरखा जिल्लाको भिमसेन थापा गाउँपालिका-१ मसेलस्थित विरेन्द्र आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा दलका प्रतिनिधि तथा मतदातहरूबीच असमझदारी भइ विवाद भएको हुँदा मतदानस्थलमा खटिएका मतदान अधिकृतले सुरक्षाकर्मी कम भएको जानकारी गराएपछि आयोगको टोलीले जिल्ला सुरक्षा निकायसँग समन्वय गरे पश्चात् प्रहरी नायव उपरीक्षकको कमाण्डमा थप सुरक्षाकर्मी खटाइएपछि मतदान सुचारूरूपमा सम्पन भएको पाइयो ।

### ५.४.६ सूचनाको अधिकार/मतदाता शिक्षा

- मतदाता शिक्षाको लागि निर्वाचन आयोगले २०८२ साल फागुन ४ गतेदेखि १७ गतेसम्म स्थानीयस्तरमा स्वयम् सेवकहरूलाई तालिम दिई परिचालन गरेको भन्ने जानकारी पाइयो,
- भौगोलिक रूपमा टाढा रहेका अधिकांश क्षेत्रमा स्वयम् सेवकहरू नपुगेको, मतदाता शिक्षा पर्याप्तरूपमा पुग्न नसकेको, मत बदर हुने संभावित स्थानहरू पहिचान गरी मतदाता शिक्षा प्रदान हुन नसकेको भन्ने मतदाताहरूबाट जानकारी पाइयो,
- सबै स्थानमा मतदाता शिक्षा प्रभावकारी नहुँदा हालसम्म सम्पन्न भएका निर्वाचनको तुलनामा बदर मत प्रतिशत बढी रहेकोले मतदाता शिक्षा प्रभावकारी नभएको पाइयो,
- टेलिफोन, मोबाइल तथा रेडियोमा जिङ्गल बजाउने जस्ता कार्यबाट निर्वाचन सम्बन्धी चेतनामूलक कार्यक्रम भने प्रवाह भएको पाइयो ।


### ५.४.७ निर्वाचन आचारसंहिताको पालना

- निर्वाचन आचारसंहिताको अनुगमनका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख र सहायक प्रमुख जिल्ला अधिकारीलाई तोकिएको र निजहरूबाट अनुगमन गरेको भन्ने जानकारी पाइयो,
- राजनीतिक दलका नेता तथा उम्मेदवारहरूबाट कुनै पनि लिखित उजुरी नपरेको जानकारी पाइयो ।

मौखिक रूपमा स्थानीय नागरिक र राजनीतिक दलहरूले गरेका गुनासाहरू उपर सम्बन्धित पक्षलाई सर्वदलीय बैठकमा सम्झाउने गरेको र त्यस्ता गतिविधि नगर्न र नगराउन सचेत गराइएको जानकारी पाइयो।

### ५.४.८ समावेशी/सहभागिताको अवस्था

| | | | | | | | प्रतिशतमा (%) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल उम्मेदवार सङ्ख्या | | | उम्मेदवार | | | | आदिवासी / जनजाति | खसआर्य | थारु | दलित | मधेसी | मुस्लिम |
| २३४ | | | पुरुष | महिला | अन्य | जम्मा | ४४.४४ | ४५.७३ | १ | ८.५५ | ० | ० |
| पुरुष | महिला | अन्य | | | | | | | | | | |
| ८६.८% | १३.२% | ०% | २०३ | ३१ | ० | २३४ | | | | | | |




स्रोतः निर्वाचन आयोग

- गण्डकी प्रदेशमा कूल २३४ जना प्रत्यक्ष तर्फ उम्मेदवार दर्ता भएका थिए। तीमध्ये २०३ जना (८६.८%) पुरुष र ३१ जना (१३.२%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको पाइएन। यसले उम्मेदवारीमा पुरुषको प्रतिनिधित्व उल्लेखनीय रहेको देखिन्छ भने महिलाको प्रतिनिधित्व न्यून रहेको, अन्य लिङ्ग समुहको प्रतिनिधित्व शून्य रहेको देखिन्छ।
- समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा खसआर्य समुदायका उम्मेदवारको प्रतिनिधित्व संख्या सबैभन्दा बढी ४५.७३% रहेको छ। त्यसपछि आदिवासी/जनजाति समुदायबाट ४४.४४%,

दलित समुदायबाट ८.५५% तथा थारू समुदायबाट १% उम्मेदवार दर्ता भएको देखिन्छ। मधेसी तथा मुस्लिम समुदायबाट कुनै पनि उम्मेदवार दर्ता नभएको देखिन्छ।

**५.४.९ निर्वाचनमा बालबालिकाको प्रयोग**

- निर्वाचनमा अनुगमनको क्रममा कुनै पनि पक्षबाट बालबालिकाको प्रयोग गरेको पाइएन।

**५.४.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत/ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)**

- अशक्त, गर्भवती, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई मतदानमा सहभागी गराउन प्रयास भएपनि विशेषगरी भौगोलिक विकटता भएका जिल्लामा अधिकांश मतदानस्थल घरवाट टाढा भएको अपाङ्गमैत्री तथा पहुँचयोग्य नभएको पाइयो,
- अशक्त, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई मतदानस्थलसम्म आवागमनको सहजता आफन्त र उम्मेदवार आफैंले गरेको पाइयो,
- अशक्त विरामी, गर्भवति, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक मतदाताहरूलाई मतदान केन्द्रसम्म पुऱ्याउन कठिनाई भएको हुँदा आगामी निर्वाचनमा हरेक मतदान केन्द्रहरूमा एउटा ह्विल चेयरको प्रबन्ध मिलाउनु पर्ने आवश्यकता रहेको पाइयो।

**५.४.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवाप्रवाहको अवस्था**

- नवलपरासी बर्दघाट सुस्तापूर्व जिल्लामा खटिएका निर्वाचन कर्मचारीहरूमध्ये कतिपयको काम गर्ने क्रममा टाउको दुखेको, सामान्य रूघाखोकी र ज्वरो आएको पाइयो तर सो सम्वन्धमा निर्वाचन कार्यालयले प्राथमिक उपचार किट्स उपलब्ध नगाराएको प्राप्त हुन आएको,
- अधिकांश मतदान केन्द्रहरूमा समेत प्राथमिक उपचार किट्स उपलब्ध गराइएको पाइएन,
- धेरैजसो मतदान केन्द्रहरू शिक्षण संस्थाहरूमा रहेको, निर्वाचनमा शिक्षकहरूलाई समेत परिचालन गरिएको कारण सरकारले दिएको सार्वजनिक विदाभन्दा धेरै समय बिद्यालयहरू बन्द रहेको अनुगमनबाट जानकारी पाइयो,
- लामो समय बिद्यालयहरू बन्द रहेकोले बालबालिकाहरू शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित भएको पाइयो भने स्वास्थ्य-कर्मीहरूलाई पनि निर्वाचनमा खटाइएकोले नागरिकहरूको स्वास्थ्यको अधिकारमा समेत प्रभाव परेको पाइएको /देखिएको।

**५.४.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार**

- निर्वाचनमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पर्यवेक्षण गरेको नपाइएको,
- मतदानको दिन केही स्थानमा पर्यवेक्षणमा नियोक, इन्सेक, गैससका प्रतिनिधिहरू खटिएको र निर्वाचन आयोगबाट समेत विशेष अनुगमन टोली खटिएको पाइयो,
- तनहुँमा नियोकले १२ जनालाई निर्वाचन पर्यवेक्षण कार्यमा छनोट गरेतापनि १ जनाले पर्यवक्षेकको आचारसंहिता उल्लङ्घन गरेको पाइएकोले निजलाई पर्यवेक्षण गर्नबाट हटाई परिचयपत्र रद्द गरिएको भन्ने जानकारी प्राप्त हुन आयो,

- अधिकांश पर्यवेक्षकहरूले निर्वाचन आयोगले तोकेको विधि र प्रक्रिया बमोजिम नै पर्यबेक्षण गरेको तथा कुनै किसिमको आचारसंहिता विपरीत काम गरेको पाइएन।
- तनहुँमा नियोकले १२ जनालाई निर्वाचन पर्यवक्षेण कार्यमा खटाइएकोमा १ जनाले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएकोले निजलाई पर्यवेक्षण गर्न बञ्चित गरी परिचयपत्र समेत रद्द गरिएको जानकारी पाइयो।

### ५.४.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन

- मतदाता नामावलीमा अस्थायी रूपमा नाम दर्ता भएका निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदी बन्दीहरूले अस्थायी मतदान केन्द्रमा समानुपातिकतर्फ स्वतन्त्रतापूर्वक मतदान गर्न पाएको जानकारी पाइयो,
- लमजुङमा मानव सेवा आश्रममा रहेका २५ जनाको मतदाता नामावलीमा नाम नभएकोले कसैले पनि मतदान गर्न नपाएको भन्ने जानकारी पाइयो,
- लमजुङ जिल्लामा रहेको सर्वोदय सेवाश्रममा आश्रित २१ जनामध्ये ५ जनाको मात्रै मतदाता नामावलीमा नाम भएको र १६ जना मतदानबाट बञ्चित भएको पाइयो।

### ५.४.१४ प्राप्त उजूरी/सूचना सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित)

- बागलुङ जिल्लाको क्षेत्र नं. २ श्री रमुआ आधारभूत विद्यालय मतदान केन्द्रमा खटिएका मतदान अधिकृतले निर्वाचनमा खटिएका मतदान अधिकृतहरूको Whatsapp Group मा मतदान अधिकृतहरूको मनोबल गिराउने कार्य गरेको भनी मुख्य निर्वाचन अधिकृतको कार्यालयले निजलाई मतदान अधिकृतको जिम्मेवारीबाट हटाई अर्को मतदान अधिकृतको व्यवस्था गरेको भन्ने जानकारी पाइयो,
- निर्वाचनमा सबै उम्मेदवारहरूलाई निर्वाचनमा खर्च भएको रकमको विवरण उपलब्ध गराउनको लागि छुट्टै बैंक खाता खोल्न अनिवार्य गरिएकोमा अधिकांशले खाता खोलेको भन्ने जानकारी पाइयो,
- मतदान पूर्व, मतदानको दिन र मतदान पश्चात् मतदान केन्द्र वरपर कुनै पार्टीको पोस्टर र ब्यानरहरू नदेखिएको,
- निर्वाचन अधिकृतहरूका अनुसार आचारसंहिता उल्लङ्घनको सम्बन्धमा लिखित उजुरी नपरेको र कुनै विषयमा मौखिक उजुरी परेकोमा मौखिक रूपमा नै सम्झाउने तथा सजग गराउने गरिएको भन्ने जानकारी पाइयो।

### ५.४.१५ अन्य

- मतदाताहरूले नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, राहदानी, लाइसेन्स र लालपूर्जा गरी ६ वटा पहिचान खुल्ने कागजातहरूमध्ये एउटा कागजात साथमा लिई आएमा मतदान गर्न पाउने भनी निर्वाचन आयोगको सूचनामा उल्लेख गरिएकोमा निर्वाचन आयोगले ती कागजातहरूको साथै स्थायी करदाता परिचयपत्रलाई पनि मतदानको लागि आधिकारीक कागजात बनाउनु पर्ने जनसुझाव रहेको पाइयो,

- मतदान सकिएपछि व्यवस्थित रूपमा मुचुल्का गरी मतपेटिकाहरू सुरक्षित रूपमा सङ्कलन गरिएपनि गोरखाको निर्वाचन क्षेत्र नं. १ चुमनुब्री गाउँपालिकाको भौगलिक बिकटताका कारण २ दिनपछि हेलिकोप्टर मार्फत मतपेटिका ल्याइएपछि मत गणना प्रारम्भ भएको पाइयो,
- गोरखाको निर्वाचन क्षेत्र नं. २ स्थित बालज्योति आधारभूत विद्यालयमा रहेको मत गणनाको क्रममा मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र फेला परेपछि उत्पन्न बिवादको विषयलाई लिएर मतगणना प्रक्रिया समेत अवरूद्ध भएको थियो। अवरूद्ध भएको मतगणना आयोगको समन्वयपश्चात् सर्वदलीय सहमति भएपछि मतगणना पुन:सञ्चालन गरिएको थियो।

## ५.५ लुम्बिनी प्रदेश




लुम्बिनी प्रदेश अन्तर्गत १२ वटा जिल्ला (नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुमपूर्व, रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम लुम्बिनी प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन् ।

**अनुगमनबाट प्राप्त तथ्यहरू**

### ५.५.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- सामाजिक सञ्जालमा घृणात्मक अभिव्यक्तिहरू आएता पनि कुनै गुनासो र विवाद भएको पाइएन्,

### ५.५.२ मतदानको अवस्था

- मतदानस्थल प्रायः सहज पहुँचयुक्त भएता पनि भौगोलिकताको कारण कहि २/३ घण्टा पैदल यात्रा गर्नुपर्ने केही स्थलहरू साँघुरो र अपाङ्गमैत्री नभएको पाइयो,
- सबै मतदाताहरूले स्वतन्त्र, गोप्य, निर्भीक तथा भयरहित वातावरणमा मतदान गर्ने अवसर पाएका र कुनै उम्मेदवार वा दलले मतदातामा दबाब वा डर उत्पन्न गर्ने प्रयास गरेको पाइएन,
- अनुगमन गरिएका जिल्लाहरूमा उम्मेदवारहरूले स्वतन्त्र रूपमा मनोनयन दर्ता गर्न पाएको र स्वतन्त्र प्रतिस्पर्धाको वातावरण रहेको पाइयो,
- कुनै दल वा उम्मेदवारहरूले मतदाताहरूलाई डर, धम्की वा आर्थिक प्रलोभन प्रयोग गरेको पाइएन्,
- मतदानका दिन महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्ति वा धार्मिक समुदायका मतदाताहरूलाई मतदानबाट बञ्चित गरिएको पाइएन्,
- केही अवस्थामा अशक्त/ज्येष्ठ नागरिकको सट्टा सहयोगीले मतदान गरेको पाइयो जसले गोपनीयताको

प्रश्न उठाएको पाइयो,

- स्वस्तिक चिन्हको छाप नियमित रूपमा जाँच गरिएको थियो,
- मुस्लिम बाहुल्य क्षेत्रहरूमा रोजाको कारणले मतदाताहरूको उपस्थिति न्युन रहेको पाइयो,
- दाङ जिल्लाको बबई गाउँपालिकाको देउती मा.वि. मलइ र बबई गाउँपालिका १ को जनता आधारभुत विद्यालय मतदान केन्द्र मध्यवर्ती क्षेत्रका प्रभावित मतदाताहरूले मतदान बहिष्कार भएको जानकारी पाइयो ।

### ५.५.३ शान्तिपूर्ण रूपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- पाल्पा, गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), लगायतका जिल्लाहरूमा उम्मेदवारहरूले आचारसंहिता विपरीत बाजागाजा सहित उम्मेदवारी मनोनयन स्थलमा भेला भए पनि कुनै झडप वा हिंसा भएको पाइएन् र अन्य जिल्लाहरूमा शान्तिपूर्णरूपमा भएको पाइयो,
- उम्मेदवार तथा राजनीतिक दलले स्वतन्त्र रूपमा घरदैलो तथा प्रचारप्रसार गर्न पाएका र गालीगलौज, हिंसा वा विवाद उत्पन्न भएको पाइएन,
- केही जिल्लाहरूमा विगतको भन्दा तुलनात्मक रूपमा माइक, डिजे, पोस्टरको प्रयोग कम गरेको भएता पनि प्रचारप्रसारको क्रममा चर्को आवाजमा माइकिङ्ग गरेको पाइयो,

### ५.५.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- मतदान केन्द्रसम्म पुग्न मतदाताहरूले सामान्यतः स्वतन्त्र आवागमन गर्न पाएका तथापी भौगोलिक विकटताका कारण केही मतदान केन्द्रहरूमा पुग्न ३ घण्टासम्म पैदल यात्रा गर्न परेको जानकारी पाइयो ।

### ५.५.५ शान्ति सुरक्षाको अवस्था

- एकीकृत सुरक्षा रणनीति अपनाई मतदान केन्द्रहरूमा सम्वेदनशिलताका आधारमा पर्याप्त सुरक्षाकर्मी (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, निर्वाचन प्रहरी) खटाइएको पाइयो, मतदानका दिन बाह्य हस्तक्षेप, हातहतियार लिएर हिंड्ने वा बल प्रयोग हुने घटना भएको पाइएन,
- प्यूठान जिल्लामा बैद्य समूहका कार्यकर्ताहरूलाई निर्वाचन बहिष्कारका लागि प्रचारप्रसार गरिरहेको अवस्थामा प्रशासनले पक्राउ गरी हिरासतमा राखेको पाइयो,
- रोल्पा जिल्लामा तालिमको क्रममा सामान्य कुटपीट भएको तर त्यसमा संलग्न प्रहरीलाई तत्काल निलम्बन गरी विभागीय कारवाही गरिएको जानकारी प्राप्त भयो,
- प्यूठान जिल्लामा निर्वाचन बहिष्कारका लागि प्रचार गर्ने व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको पाइयो,
- सम्भावित झडप (विशेष गरी दलहरूबीच) रोक्न सुरक्षा निकाय सजग रहेको र सामाजिक सञ्जालबाट हुन सक्ने जोखिमको निगरानी गरिरहेको पाइयो,
- मतदान, मतगणना र मतपेटिका सङ्कलन र ढुवानी सुरक्षित रूपमा सम्पन्न भएको पाइयो ।

### ५.५.६ सूचनाको अधिकार/मतदाता शिक्षा

- मतदाता शिक्षा प्रदान गर्न प्रत्येक वडामा १ जना स्वयंसेवक खटाइ मतदाता शिक्षाका कार्यक्रम सञ्चालन गरिएको भएता पनि अधिकांश स्थानीय स्तरमा पर्याप्त स्रोत साधनको अभावका कारण

अभिमुखीकरण कार्यक्रममा कमि भएको गुनासो पाइयो, कतिपय जिल्लाहरूमा सामाजिक सञ्जाल, रेडियो/एफएममार्फत् मतदाता शिक्षा र सचेतनामूलक सूचना प्रसारण भएको, मतदाता शिक्षामा लक्षित वर्गलाई विशेष प्राथमिकता दिइएको, केही जिल्लाहरूमा डिजिटल माध्यमबाट मात्र शिक्षा उपलब्ध गराउँदा सोको प्रभावकारीता सीमित रहेको गुनासो पाइयो।


- ➢ दलहरूले आफ्नै चिन्ह केन्द्रित नमूना मतपत्र प्रचार गर्दा मतदातामा अन्योलता सिर्जना भएको पाइयो,

### ५.५.७ निर्वाचन आचारसंहिताको पालना

- ➢ निर्वाचनको क्रममा आचारसंहिता पालना भएको, उम्मेदवार, दलहरूले स्वतन्त्र रूपमा कार्य गर्न पाउनुको साथै कुनै प्रकारको धाक धम्की वा बल प्रयोगका घटनाहरू भएको पाइएन,
- ➢ भारतसँग सीमा जोडिएका केही जिल्लाहरूमा भारतीय सवारी साधन र पर्चा पम्पलेटको प्रयोग भएको जानकारी पाइयो,
- ➢ केही स्थानमा अत्याधिक भीड, जुलुस, बालबालिकाको प्रयोग जस्ता आचारसंहिता उल्लंङ्घनका दृष्यहरू अनुगमन टोलीले पाएको।

### ५.५.८ समावेशी/सहभागिताको अवस्था

| कुल उम्मेदवार सङ्ख्या | | | उम्मेदवार | | | | प्रतिशत (%) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आदिवासी/जनजाति | खस आर्य | थारु | दलित | मधेसी | मुस्लिम |
| ५८२ | | | पुरुष | महिला | अन्य | जम्मा | २२.५१ | ४२.१० | ४.३० | ८.५९ | १५.२९ | ७.२२ |
| पुरुष | महिला | अन्य | | | | | | | | | | |
| ९१% | ९% | ०% | ५२९ | ५३ | ० | ५८२ | | | | | | |




स्रोतः निर्वाचन आयोग

- लुम्बिनी प्रदेशमा कूल ५८२ जना प्रत्यक्ष तर्फ उम्मेदवार दर्ता भएका थिए। तीमध्ये ५२९ जना (९१%) पुरुष र ५३ जना (९%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको पाइएन। यसले उम्मेदवारी प्रक्रियामा पुरुषको प्रतिनिधित्व उल्लेखनीय रहेको देखिन्छ भने महिलाको प्रतिनिधित्व न्यून रहेको र अन्य लिङ्ग समूहको प्रतिनिधित्व शून्य रहेको देखिन्छ।
- समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा खसआर्य समुदायका उम्मेदवारको संख्या सबैभन्दा बढी ४२.१०% रहेको छ। त्यसपछि आदिवासी/जनजाति समुदायबाट २२.५१%, मधेसी समुदायबाट १५.२९%, दलित समुदायबाट ८.५९%, मुस्लिम समुदायबाट ७.२२% तथा थारू समुदायबाट ४.३०% उम्मेदवार दर्ता भएका छन्। यसले लुम्बिनी प्रदेशमा उम्मेदवारी दर्ता प्रकियामा समावेशी भएको देखिए पनि खसआर्य समुदायको प्रतिनिधित्व तुलनात्मक रूपमा बढी रहेको तथा अन्य समुदायको प्रतिनिधित्व न्यून रहेको देखिन्छ।

### ५.५.९ निर्वाचनमा बालबालिकाको प्रयोग

- विगतका निर्वाचनको तुलनामा बालबालिकाको प्रयोग सीमित भएको पाइएतापनि केही जिल्लाहरूमा बालबालिकाको प्रयोग भएको पाइयो,
- कपिलवस्तु जिल्लामा मनोनयन जुलुसमा बालबालिकाको प्रयोग भएको पाइयो।

### ५.५.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत/ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, जेष्ठ नागरिक, बिरामी र सुत्केरी)

- गर्भवती, सुत्केरी, दृष्टिविहीन, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको लागि मतदान केन्द्रमा प्राथमिकता र विश्रामका लागि कुर्सी तथा बेन्चको व्यवस्था गरेको पाइयो, साथै अन्य विशेष वर्गको अधिकार उल्लङ्घन भएको पाइएन,
- मतदानमा धार्मिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूलाई अवरोध भएको पाइएन्,
- महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू र अन्य संवेदनशील समूहलाई मतदानमा कुनै अवरोध नभएको पाइएको,
- मतदान केन्द्रमा सहयोग आवश्यक पर्ने मतदाताहरूका लागि स्वयंसेवक वा परिवारजनको सहयोग उपलब्ध गराएको पाइयो,
- केही स्थानहरू (परिवारको सदस्यहरूले बाहेक) मा सहयोगीले मतदाताको इच्छाअनुसार नभई आफ्नै स्वेच्छाले मतदान गरेको भन्ने गुनासो गरेको पाइयो,
- शौचालयको व्यवस्था अधिकांश केन्द्रहरूमा रहेको तथापी स्तनपानकक्षको उपलब्धता नभएको र आवश्यक पर्नेहरूको लागि स्यानेटरी प्याड, प्राथमिक उपचार सामग्री आदिको अभाव रहेको गुनासो पाइयो।

### ५.१.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था

- स्वास्थ्य सेवा प्रभावित नहुने गरी स्वास्थ्यकर्मी समेत परिचालन गरिएको जानकारी पाइयो,
- निर्वाचनमा समावेशी कर्मचारी छनोट गरी परिचालन गरिएको पाइयो,

### ५.३.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार

- मतदानको दिन पर्यवेक्षक र अनुगमनकर्ताहरूलाई स्वतन्त्र रूपमा कार्य गर्न अनुमति दिइएको पाइयो,

### ५.३.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन

- अस्थायी मतदाता, सुरक्षाकर्मी तथा कैदीबन्दीहरूले स्वतन्त्र रूपमा मतदान गर्न पाएका थिए।

### ५.३.१४ अन्य

- मत गणना प्रक्रियामा सर्वदलीय सहमति बमोजिम सूचना उपलब्ध गराइएको थियो,
- निर्वाचन खर्च बैंकमार्फत गर्ने सम्बन्धी प्रावधान पूर्णरूपमा पालना भएको पाइएन्,
- निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूले समानुपातिक मतदान सुनिश्चित गरेको पाइएको थियो,
- मूल्यवृद्धि, कृत्रिम अभाव जस्ता विषयमा स्थानीय प्रशासन सजग भई बजार अनुगमन गरिरहेको पाइयो,
- निर्वाचनमा खटिएका कर्मचारीहरूले स्वतन्त्रतापूर्वक कार्य गरेको र निजहरूको मतदाताप्रतिको व्यवहार सम्मानजनक रहेको पाइयो,
- राजनीतिक दलका नेता र कार्यकर्ताहरूको व्यवहार शान्तिपूर्ण र सहभागितामूलक रहेको पाइएको थियो।
- रोल्पा जिल्लामा तालिमको क्रममा कुटपीटको घटना भएको र सो विषयमा तत्काल कारबाही गरिएको जानकारी प्राप्त हुन आएको,
- केही स्थानहरूमा नक्कली बम रहेको भन्ने जस्ता घटनाले मनो-वैज्ञानिक त्रास सिर्जना गरेको जानकारी पाइयो।

## ५.६ कर्णाली प्रदेश




कर्णाली प्रदेश अन्तर्गत १० वटा जिल्ला (रूकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम कर्णाली प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन् ।

### अनुगमनबाट प्राप्त तथ्यहरू

### ५.६.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- निर्वाचन प्रचारप्रसारका क्रममा परम्परागत माध्यमको तुलनामा डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरूको प्रयोग उल्लेख्य रूपमा भएको पाइयो,
- निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्थाको सम्बन्धमा विभिन्न राजनीतिक दलका प्रतिनिधि, निर्वाचन अधिकारी, पत्रकार तथा स्थानीय सरोकारवालासँग सोधपुछ तथा छलफल गरेको र सो विषयमा बाधा अवरोध नभएको पाइयो ।

### ५.६.२ मतदानको अवस्था

- समग्रमा मतदाताले स्वतन्त्र र भयरहित वातावरणमा गोप्य मतदानको माध्यमबाट मतदान गर्न पाएता पनि हुम्ला जिल्लाको सिमकोट गाउँपालिका वडा नं. ५ मा रहेको भिमसेन आधारभूत विद्यालय र

वडा नं. ४ मा रहेको बालविकास आधारभूत विद्यालयको मतदानस्थलमा अधिकांश मतदाताहरूले आफ्नो मत गोप्य रूपमा खसाल्न नपाएको र तोकिएको समयभन्दा पछिसम्म मतदान गरेको जानकारी पाइयो,

- मतदाता परिचयपत्र नभएकाहरूलाई नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी-चालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) लगायत सरकारी कागजपत्रका आधारमा मतदान गर्न दिइएको पाइयो,
- डोल्पा जिल्लाको शेफोक्सुण्डो गा.पा.को वडा नं.८ स्थित् छेक्पाका मतदाताहरूले मतदानको लागि आवतजावत गर्न करिब १४ घण्टाको पैदल यात्रा गरी सोही वडाको साइजलस्थित तापिरिचा मा.वि. पुग्नुपर्ने अवस्था रहेको पाइयो,
- हुम्ला जिल्लामा अधिकांश मतदाताहरूलाई मतदानस्थलसम्म पुग्न करिव ५-८ घण्टासम्मको पैदल यात्रा गरी पुग्नुपर्ने अवस्था रहेको पाइयो,
- दुर्गम भौगोलिक अवस्थाका कारण विशेषगरी मुगु जिल्लाका केही बस्तीका मतदाताहरूलाई मतदान केन्द्रसम्म पुग्न लामो दूरी पार गर्नुपर्ने अवस्था रहेको समेत पाइयो ।

### ५.६.३ शान्तिपूर्णरूपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- केही छिटपुट घटना बाहेक यस प्रदेशमा शान्तिपूर्ण भेला, सभा सम्मेलन गर्न पाउने अधिकार उपभोगमा अवरोध भएको पाइएन्,
- डोल्पा जिल्लाको माथिल्लो क्षेत्रमा परेको हिउँको कारणले तल्लो डोल्पाबाट पैदल वा घोडाको प्रयोग गरी माथिल्लो डोल्पा आवतजावत गर्न कठिनाई भएकोले, कुनैपनि उम्मेदवार फोक्सुण्डो तालभन्दा माथिको क्षेत्रमा प्रचारप्रसार गर्न जान नसकेको भन्ने जानकारी पाइयो,
- सामान्यत: निर्वाचन परिणाम घोषणा पश्चात् विजय जुलुसहरू शान्तिपूर्ण रहेको तथा विपक्षी उम्मेदवार वा दलमाथि हिंसात्मक व्यवहार भएको घटना नदेखिएको ।

### ५.६.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- मतदाताहरूको मतदान केन्द्रसम्म निर्वाध आवागमन सुनिश्चित गरिएको पाइयो यसमा कोही, कुनै पक्षबाट अवरोध सिर्जना गरेको पाइएन् ।

### ५.६.५ शान्ति सुरक्षाको अवस्था

- मतदानलाई सुरक्षित बनाउन सुरक्षा निकायहरू परिचालन गरिएको र अधिकांश स्थानहरूमा सुरक्षाको अवस्था सामान्य तथा सन्तोषजनक रहेको पाइयो,
- मतदाताहरूलाई मतदान केन्द्रसम्मको निर्वाध आवागमनमा कुनै किसिमको अवरोध सिर्जना गरिएको पाइएन भने मतगणनास्थलमा तारजाली र सि.सी. क्यामेरा सहितको सुरक्षाको पर्याप्त व्यवस्था भएको पाइयो,
- जुम्ला जिल्लाको देवाल गाउँमा शंकास्पद बस्तु भेटिंदा निर्धारित समय भन्दा १ घण्टा ४५ मिनेटपछि मतदान सुरू भएको र उक्त शंकास्पद बस्तु बम नभएर सामान्य कागजको बलमात्र रहेको भन्ने नेपाली

सेनाको टोलीले निष्क्रिय गर्दा थाहा हुन आएको जानकारी पाइयो,

- हुम्ला जिल्लाको चंखेली गा.पा. र अदानचुली गा.पा.का मतदान केन्द्रहरूमा मतदाताप्रति राजनीतिक दलका कार्यकर्ताहरूको व्यवहारका कारण मतदाता र स्वयंसेवकबीच सामान्य झडप हुँदा केही समय मतदान रोकिएकोमा पुन: शान्तिपूर्णरुपमा मतदान सूचारू भएको जानकारी पाइयो,
- हुम्ला जिल्लाको नाम्खा गाउँपालिका वडा नं. ६ मा रहेको सुनखानी प्रा.वि. हल्जीस्थित मतदान केन्द्र/स्थलमा स्थानीय राजनीतिक दलका कार्यकर्ता तथा दलका प्रतिनिधिहरूले ६ जना विरामी मतदाताहरूको अनुपस्थितिमा मतदान गर्न पाउनु पर्ने भन्दै मतदान अधिकृत लगायत सबै निर्वाचनमा खटिएका सुरक्षाकर्मीहरू तथा कर्मचारीहरूको लत्ता कपडा खानेकुरा लगायतका सामानहरू फालिदिई उनीहरूलाई धम्काएको कारण असुरक्षा महशुस गरेकोले नेपाली सेनाको हेलिकोप्टरबाट सदरमुकाम ल्याएको जानकारी पाइयो,
- मतदान केन्द्रमा मतदान सम्पन्न भइसकेपछि मतपेटिका सङ्कलन गरी सुरक्षित तरिकाले मतगणना स्थलसम्म पुऱ्याएको र सर्वदलीय बैठकपश्चात् मत गणना प्रारम्भ भएको जानकारी पाइयो।

### ५.६.६ सूचनाको अधिकार/मतदाता शिक्षा


- मतदाता शिक्षा सम्बन्धमा निर्वाचन आयोगले सामाजिक सञ्जाल र मोवाइल तथा टेलिफोन सेवामार्फत समेत प्रचारप्रसार गरेको भए पनि स्थानीय स्तरमा मतदाताहरूमा मतदाता शिक्षाको अभाव रहेको पाइयो,
- मतगणना स्थलको सुरक्षा र मत गणनासम्बन्धी सूचना सम्प्रेषणको उचित व्यवस्थापन मिलाइएको पाइयो।

### ५.६.७ निर्वाचन आचारसंहिताको पालना

- दल वा उम्मेदवारबाट कुनै प्रकारको डर, धाक, धम्की दिने जस्ता कार्य भएको नपाइएको,
- मौन अवधिमा डोल्पा जिल्लाको त्रिपुरासुन्दरी न.पा.को त्रिपुराबगर क्षेत्रमा नेकपा र ठुलीभेरी न.पा.को जुफाल क्षेत्रमा एमाले कार्यकर्ताबाट मतदातालाई प्रलोभनमा पार्ने प्रयास गरेको भन्ने जानकारी पाइयो,
- डोल्पा जिल्लाको जिल्ला प्रहरी कार्यालयको आसपासमा नेकपाका उम्मेदवार र निर्वाचन चिन्ह अंकित पोष्टरहरू भित्तामा टाँसिएको पाइयो,
- हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकास्थित् शंकर आधारभूत विद्यालय थालीमा वडा नं. २ का वडा अध्यक्षबाट घरघरमा निर्वाचन प्रचार गर्ने, निर्वाचनमा खटिएका कर्मचारीहरूलाई धम्क्याउने कार्य गरेको भन्ने जानकारी पाइयो,
- हुम्ला जिल्लाको सिमकोट गाउँपालिका वडा नं. ५ मा रहेको भिमसेन आधारभूत विद्यालयको मतदान स्थलममा ५ जना पुरूष र २ जना महिलाले पटक-पटक गरी एक जनाले ६/७ पटक मत खसालेको भन्ने जानकारी पाइयो, साथै मतदाताहरूले मतदान गर्दा स्वयंसेवक आफैं उपस्थित भई छाप लगाउन सहयोग गर्ने, मतपत्र पट्टयाई मत खसालिदिने समेत गरेको पाइयो।

### ५.६.८ समावेशी/सहभागिताको अवस्था

| कुल उम्मेदवार सङ्ख्या | | | उम्मेदवार | | | | आदिवासी / जनजाति | खसआर्य | थारु | दलित | मधेसी | मुस्लिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३१ | | | पुरुष | महिला | अन्य | जम्मा | १४.५० | ७१.७६ | ० | १३.७४ | ० | ० |
| पुरुष | महिला | अन्य | | | | | | | | | | |
| ९१.६% | ८.४% | ०% | १२० | ११ | ० | १३१ | | | | | | |




स्रोतः निर्वाचन आयोग

- कर्णाली प्रदेशमा कूल १३१ जना प्रत्यक्ष तर्फ उम्मेदवार दर्ता भएका थिए। तीमध्ये १२० जना (९१.६%) पुरुष र ११ जना (८.४%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार दर्ता भएको पाइएन।
- समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा खसआर्य समुदायका उम्मेदवारको सहभागिता ७१.७६% रहेको छ, आदिवासी/जनजाति समुदायबाट १४.५०% तथा दलित समुदायबाट १३.७४% उम्मेदवार दर्ता भएका थिए। थारू, मधेसी तथा मुस्लिम समुदायबाट कुनै पनि उम्मेदवार दर्ता नभएको देखिन्छ।

### ५.६.९ निर्वाचनमा बालबालिकाको प्रयोग

- दैलेख जिल्लामा निर्वाचन पूर्वको अवस्था अनुगमनका सिलसिलामा ने.क.पा.(माओवादी) ले सांस्कृतिक कार्यक्रममा बालबालिकाको प्रयोग गरेको जानकारी प्राप्त पश्चात अनुगमन टोलीले मुख्य निर्वाचन अधिकृतलाई जानकारी गराएको र सो पश्चात् राजनीतिक दलले बालबालिका प्रयोग नगरेको

जानकारी पाइयो,

- हुम्ला जिल्लामा मतदानको दिन सिमकोट गाउँपालिका वडा नं. ५ मा रहेको भिमसेन आधारभूत विद्यालयको मतदानस्थलमा अन्दाजी १४-१५ बर्षको देखिने बालकले मत खसालेको पाइयो।

**५.६.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी):**

- प्राय सबै मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, अशक्त, गर्भवती तथा सुत्केरी महिलालाई प्राथमिकताका साथ मतदानको पहुँच दिइएको पाइयो,
- हुम्ला जिल्लामा मतदानको दिन मतदाताहरू मध्ये विशेषत्: ज्येष्ठ नागरिक र महिलाहरूले बालबालिका साथमा लिएर आएको पाइयो जसको कारण महिला मतदाताहरूले अधिकांश मतदान केन्द्रहरूमा स्वतन्त्र रूपमा मतदान गर्न नपाएको भन्ने जानकारी पाइयो,
- हुम्ला जिल्लाको केही मतदान केन्द्रमा मतदाता नामावलीमा नाम रहि जिल्ला बाहिर रहेका व्यक्तिहरू र अशक्तहरूको सट्टामा अन्य व्यक्तिहरूले नीजहरूले विश्वास गरेका भनिएका सहयोगी व्यक्तिहरूले चाहेको स्थानमा मतदान गरेको भन्ने बुझियो।

**५.६.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था**

- स्वास्थ्य सेवाका कर्मचारीहरूलाई निर्वाचनमा खटाइएको कारण स्वास्थ्य सेवा प्रभावित रहेको पाइयो,
- डोल्पा जिल्लामा जिल्लाका ७० वटा मतदान केन्द्रहरूमध्ये सातवटा मतदान केन्द्रहरूमा स्वास्थ्यकर्मीलाई मतदान अधिकृत बनाइ खटाएको पाइयो,
- अधिकांश मतदान केन्द्रहरू विद्यालयमा नै रहेको पाइयो।

**५.६.१२ पर्यवेक्षकको भूमिका र व्यवहार**

- निर्वाचन पर्यवेक्षकहरूले आचारसंहिता पालना गरी पर्यवेक्षण गरेको पाइयो,
- दैलेख र कालिकोट जिल्लामा नियोकका प्रतिनिधि तथा जिल्लागत रूपमा इन्सेकबाट पर्यवेक्षक खटिएको र पर्यवेक्षकहरू आफ्नो मतदाता नामावली भएको मतदान केन्द्रमा दिनभरी नै पर्यवेक्षण गरेको पाइयो,
- हुम्ला जिल्लामा नियोकका ११ जना पर्यवेक्षकहरू बाहेक अधिकांश पर्यवेक्षकहरू सञ्चारकर्मी रहेको तर पहिचान सहितको उपस्थिति रहेको पाइएन।

**५.६.१३ अस्थायी मतदानकेन्द्रको व्यवस्थापनः**

- मतदाता नामावलीमा अस्थायी रूपमा नाम दर्ता भएका र निर्वाचनमा खटिएका कर्मचारी/सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदी बन्दीहरूले समानुपातिकतर्फ स्वतन्त्रपूर्वक मतदान गरेको पाइयो,
- डोल्पा जिल्लामा मतदाता नामावलीमा अस्थायी रुपमा नाम दर्ता भएका करिब ११८६ अस्थायी मतदाता मध्ये ५२८ ले मात्र समानुपातिक तर्फ मतदान गरेको पाइयो,
- मुगु र जुम्ला जिल्लाका अस्थायी मतदान केन्द्रहरूमा मतदाता नामावलीमा अधिकाशं कर्मचारी तथा

सुरक्षाकर्मीको नाम छुटेको कारण करिब ९० प्रतिशत कर्मचारी तथा सुरक्षाकर्मीहरू मतदान गर्नबाट बञ्चित रहेको पाइयो।

**५.६.१४ प्राप्त उजुरी/सूचना सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित)**

- जुम्ला जिल्लामा राजनीतिक दलहरूले पर्चा, पम्पेलेट टाँस गरी निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको भनी उजुरी परेको सम्बन्धमा जिल्ला निर्वाचन आचारसंहिता अनुमगन समितिले ९ जना उम्मेदवारलाई स्पष्टीकरण सोधेको र ५ जनाले स्पष्टीकरण पेश गरेको भन्ने जानकारी पाइयो।

**५.६.१५ अन्य विषयहरू**

- निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरूले खाना र खाजाको लागि समय व्यवस्थापन गर्न कठिनाई रहेको गुनासो पाइयो,
- कतिपय मतदान केन्द्रमा प्राथमिक उपचारका सामग्री उपलब्ध नभएको पाइयो।

## ५.७ सुदूरपश्चिम प्रदेश




सुदूरपश्चिम प्रदेश अन्तर्गत ९ वटा जिल्ला (बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली) रहेकोमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न अनुगमन टोली मार्फत प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मानव अधिकार दृष्टिकोणबाट निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ। अनुगमनका लागि आयोगले तयार गरेको रूजूसूची बमोजिम सुदूरपश्चिम प्रदेश अन्तर्गत खटिएका अनुगमन टोलीहरू मार्फत प्राप्त गरेका तथ्यहरू निम्न बमोजिम रहेका छन्।

### अनुगमनबाट प्राप्त तथ्यहरू

### ५.७.१ निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

- सुदूरपश्चिम प्रदेशका १६ वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण र भयरहित रूपमा मनोनयन दर्ता कार्य सम्पन्न भएको र उम्मेदवारी दर्ता शान्त तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको जानकारी पाइयो,

### ५.७.२ मतदानको अवस्था

- आयोगबाट स्थलगत अनुगमन गरिएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको कार्यालय पहुँचयोग्य रहेको पाइयो जसका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सहज पहुँच भएको पाइयो,
- पहाडी तथा हिमाली जिल्लाका अधिकांश पालिकाहरूका मतदान केन्द्रहरू करिव आधा घण्टादेखि २/२ घण्टासम्म दूरीमा रहेको जानकारी पाइयो,
- डडेल्धुरा जिल्लाको अमरगढी न.पा. स्थित स्वास्थ चौकी भवन, स्याउलेमा रहेको मतदानस्थल निकै साँघुरो रहेको पाइयो,

- दार्चुला जिल्लाको नागु वासीले एक महिनादेखि नागुमा सडक लगायतका विकास निर्माणको माग राख्दै नौगाड गाउँपालिका-१ नागु गाउँको गौरीशंकर मा.वि. मतदान केन्द्र र अपिहिमाल गाउँपालिका-३ झुस्कु गाउँको दुधिला आधारभूत विद्यालय मतदान केन्द्रका मतदाताले अधिकांश वस्तीलाई अपायक पर्ने ठाउँमा सेवा मुकाम रहेको र सेवा लिनकै लागि एकरात वास बस्नुपर्ने दूरीमा वडा कार्यालयहरू रहेको पीडाले निर्वाचन वहिष्कार गरेको भन्ने जानकारी पाइयो।

### ५.७.३ शान्तिपूर्णरूपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

- निर्वाचनको समयावधिमा स्वतन्त्र र निर्भिकताका साथ प्रचारप्रसार सौहार्दपूर्ण रूपमा भएको, कसैबाट पनि अवरोध नभएको पाइयो,
- मिति २०८२ फाल्गुण १३ गते बैतडी जिल्लाको डिलासैनी गाउँपालिका वडा नं. ७ लेकममा नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरूबीच सामान्य झडप भएको, सो पश्चात सर्वदलीय तथा सर्वपक्षीय बैठक बसी सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न सार्वजनिक अपिल गरेको पाइयो।

### ५.७.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

- निर्वाचनमा सवारी साधन नचलेको कारण बाटोको सुविधा भएका स्थानमा समेत अशक्त र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई असहज भएको पाइयो,
- निर्वाचनको दिन आवतजावतमा कही कतैबाट अवरोध नभएको भएता पनि अधिकांश स्थानमा सवारी पास नलिएका दुई पाङ्ग्रे र छिटपुट रूपमा चार पाँङग्रे सवारी साधनबाट मतदातालाई घरबाट मतदान केन्द्रसम्म पुऱ्याइएको पाइयो।

### ५.७.५ शान्ति सुरक्षाको अवस्था

- प्रदेश भरीका मतदान केन्द्रहरूको सुरक्षा संवेदनशीलता छुट्याई अति संबेदनशील, संबेदनशील र सामान्य गरी ३ तहमा विभाजन गरी सोही अनुसार सुरक्षाकर्मी परिचालन गरिएको जानकारी पाइयो,

### ५.७.६ सूचनाको अधिकार/मतदाता शिक्षा

- निर्वाचन आयोगले निश्चित समयावधि तोकेर मतदाता शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रमहरू टेलिफोन, मोबाइल तथा रेडियोमा जिङ्गलका माध्यमबाट सञ्चालन भएको जानकारी पइएता पनि दुर्गम क्षेत्रहरूमा पर्याप्त र प्रभावकारी हुन नसकेको भन्ने गुनासो पाइयो,
- समुदायमा मतदाता शिक्षा प्रभावकारी विगतको निर्वाचनको तुलनामा यसपटकको मतपत्र बदर प्रतिशत बढेको भन्ने जानकारी पाइयो,

### ५.७.७ निर्वाचन आचारसंहिताको पालना


- निर्वाचन आचारसंहिता उल्लंङ्घनका सम्बन्धमा कुनै प्रकारको लिखित उजूरी नपरेको र मौखिक रूपमा सामान्य उजूरी प्राप्त हुने गरेको प्राप्त उजूरीका सम्बन्धमा आवश्यक कारबाही गर्ने गरेको बताउनु भएको पाइयो,
- निर्वाचनमा भाग लिएका उम्मेदवार तथा दलहरूले आफ्नो प्रचारप्रसारको क्रममा कसैको नीजि घर,

पसल, कम्पाउण्ड, पर्खाल, विद्यालय आदिको जबर्जस्ति प्रयोग नगरेको,

- ➢ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, अविभाज्यता, धर्म-निरपेक्षता र समावेशिताको सिद्धान्त विपरीत कार्य भएको नपाइएको।

### ५.७.८ समावेशी/सहभागिताको अवस्था

| कुल उम्मेदवार सङ्ख्या | | | उम्मेदवार | | | | प्रतिशत (%) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आदिवासी / जनजाति | खसआर्य | थारु | दलित | मधेसी | मुस्लिम |
| २०६ | | | पुरुष | महिला | अन्य | जम्मा | ८.७४ | ७१.६९ | ११ | ८.२२ | ० | ० |
| पुरुष | महिला | अन्य | | | | | | | | | | |
| ९१.३% | ८.७% | ०% | १८८ | १८ | ० | २०६ | | | | | | |




स्रोतः निर्वाचन आयोग

- ➢ सुदूरपश्चिम प्रदेशमा कूल २०६ जना प्रत्यक्ष तर्फ उम्मेदवार दर्ता भएका थिए। तीमध्ये १८८ जना (९१.३%) पुरुष र १८ जना (८.७%) महिला रहेका छन् भने अन्य लिङ्ग समूहबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको पाइएन। यसले उम्मेदवारी दर्ता प्रक्रियामा पुरुषको प्रतिनिधित्व संख्या बढी रहेको देखिन्छ भने महिलाको प्रतिनिधित्व न्यून र अन्य लिङ्ग समूहको प्रतिनिधित्व शून्य नै रहेको देखिन्छ।
- ➢ समावेशी समूहगत प्रतिनिधित्वको अवस्थालाई हेर्दा खसआर्य समुदायका उम्मेदवारको प्रतिनिधित्व संख्या सबैभन्दा बढी ७१.६९% रहेको छ। त्यसपछि थारू समुदायबाट ११%, आदिवासी/जनजाति

समुदायबाट ८.७४% तथा दलित समुदायबाट ८.२२% उम्मेदवार दर्ता भएका थिए। मधेसी तथा मुस्लिम समुदायबाट कुनै पनि उम्मेदवार (०%) दर्ता भएको देखिएन ।

**५.७.९ निर्वाचनमा बालबालिकाको प्रयोग**

- अधिकांश जिल्लाहरूमा सर्वदलीय सर्वपक्षीय बैठक बसी निर्वाचनमा बालबालिकाको प्रयोग नगर्ने भन्ने निर्णय बमोजिम निर्वाचनमा बालबालिकाको प्रयोग नभएको पाइयो।

**५.७.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी)**

- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतलाई प्राथमिकतामा राखेर मतदान गर्ने व्यवस्था गरेको जानकारी पाइयो,
- ज्येष्ठ नागरिकहरूले मतदान केन्द्रहरूमा स्वतन्त्र रूपले मतदान गर्न पाएको भएता पनि ज्येष्ठता र अशक्तताको कारण देखाउँदै उनीहरूको सट्टा सहयोगी व्यक्तिहरूले मतदान गरिदिएको भन्ने जानकारी पाइयो,
- महिला, दलित, मधेशी, आदिबासी जनजाति, अल्पसङ्ख्यक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, शारीरिक अपाङ्गता भएका व्यक्ति वा धार्मिक समुदायहरू मतदानबाट बञ्चित हुन नपरेको जानकारी पाइयो,
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला लगायतलाई मध्यनजर गरी यातायातको व्यवस्था गरको पाइएन, अशक्त, जेष्ठ नागरिकहरू उकालोओरालो हिंड्न कठिनाईको कारण मतदान गर्न नआएको भन्ने जानकारी स्थानीयबाट पाइयो,

**५.७.११ सरकारी निकायबाट प्रदान गरिने शिक्षा, स्वास्थ्यलगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था**

- प्रदेशका ९५ प्रतिशतभन्दा बढी मतदान केन्द्रहरू शैक्षिक संस्थाहरूमा रहेको साथै निर्वाचनमा शिक्षकहरूलाई परिचालन गरिएको हुँदा एक हप्ताभन्दा बढी समयसम्म बिद्यालयहरू बन्द रहेकोले बालबालिकाहरू शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित भएको भन्ने जानकारी पाइयो,
- स्वास्थ केन्द्रमा मतदानस्थल राखिएको साथै निर्वाचनमा अधिकांश स्वास्थ्यकर्मीहरूलाई खटाइएकोले नागरिकहरूको स्वास्थ्यको अधिकार प्रभावित भएको भन्ने जानकारी पाइयो।

**५.७.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार**

- पर्यवेक्षकहरूको भूमिका र व्यवहार समान्य रहेको साथै आचारसंहिताको उलङ्घन गरेको पाइएन।

**५.७.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन**

- मतदाता नामावलीमा अस्थायी रूपमा नाम दर्ता भएका निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदी बन्दीहरूले अस्थायी मतदान केन्द्रमा समानुपातिकतर्फ स्वतन्त्रतापूर्वक मतदान गर्न पाएको अनुगमन टोलीले सम्बन्धित सरोकारवाला निकाय, विभिन्न संघ संस्था तथा व्यक्तिहरूबाट जानकारी प्राप्त गरेको थियो,
- सबै जिल्ला स्थित कारागारहरूमा अस्थायी मतदान केन्द्र मार्फत कैदी बन्दीहरूलाई मतदान गर्ने व्यवस्था मिलाईएको पाइयो।

परिच्छेद ६

# विश्लेषण तथा निष्कर्ष

आवधिक निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो, जसले जनताको सार्वभौमसत्तालाई व्यवहारमा उतार्ने काम गर्छ । नेपालमा संसदको कार्यकाल पाँच वर्षको हुने व्यवस्था संविधानमा नै उल्लेख छ । जस अनुसार २०७९ सालमा भएको निर्वाचनपछि २०८४ सालमा निर्वाचन हुनुपर्ने थियो । तर २०८२ साल भाद्र २३ र २४ गते भएको नवयुवा पुस्ता (जेनजी) समूहको प्रदर्शन र त्यसपछि संसद विघटन पश्चात अन्तरिम सरकार गठन भई २०८२ फागुन २१ गतेलाई प्रतिनिधिसभा सदस्य निर्वाचन मिति घोषणा गरी निर्वाचन सम्पन्न भइसकेको अवस्था छ । स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचनले मात्र वास्तविक जनमत प्रतिबिम्बित गर्दै जनउत्तरदायी शासन व्यवस्थाको सुनिश्चितता गर्छ । निर्वाचन प्रक्रियालाई पारदर्शी, विश्वसनीय र सबैका लागि पहुँचयोग्य बनाउनु राज्यको प्रमुख दायित्व हो ।

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने संवैधानिक कार्यादेश अनुसार राष्ट्रिय मानव अधिकार आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को मानव अधिकारका दृष्टिकोणबाट अनुगमन गरेको छ । नेपालका ७७ जिल्ला मध्ये ७५ जिल्लाको मतदानस्थलको अवलोकन तथा अनुगमनबाट प्राप्त तथ्यहरू, निर्वाचन अनुगमन (निर्वाचनपूर्व, मतदानको दिन तथा निर्वाचन पश्चात) रुजुसूचीका विभिन्न सूचकहरू, सञ्चार माध्यम, अनलाइन पोर्टल र सरोकारवालासँगको अन्तरक्रियाबाट प्राप्त सूचनाको आधारमा निम्न बमोजिम मानव अधिकारका विषयहरूमा विश्लेषण गरिएको छ ।

## क. तथ्यगत विश्लेषण

### ६.१ विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था

अनुगमन गरिएका जिल्लाहरूमा निर्वाचनमा विचार र अभिव्यक्ति स्वतन्त्रताको अवस्था सकारात्मक र शान्तिपूर्ण रहेको देखिन्छ । प्रचारका क्रममा डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल तथा सञ्चार माध्यमको प्रयोग उल्लेखनीय रूपमा बढेको देखिन्छ । राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालाहरूले आफ्ना विचार र एजेन्डा सार्वजनिक गर्न विनाअवरोध पर्याप्त अवसर प्राप्त गरेको पाइयो । मधेश प्रदेशमा विगतको तुलनामा राजनीतिक दलहरूले आफ्ना घोषणापत्र, सभा सम्मेलन तथा सामाजिक सञ्जालमार्फत संयमित र सभ्य ढङ्गले विचार प्रस्तुत गरेको देखिन्छ । बागमती प्रदेशका अधिकांश जिल्लाहरूमा निर्वाचन प्रचारपूरसार मर्यादित र सभ्य वातावरणमा सम्पन्न भएपनि सामान्य राजनीतिक आरोपप्रत्यारोप गालीगलौज र अपमानजनक अभिव्यक्ति दिएको पाइएको छ । यसले निर्वाचन अवधिमा डिजिटल माध्यमको दुरुपयोग बढ्दो चुनौतीका रूपमा देखा परेको देखिन्छ ।

निर्वाचन अधिकारीहरूले सञ्चार माध्यम र पत्रकारहरूसँग समन्वय गरी घृणाजन्य अभिव्यक्ति नियन्त्रणका लागि पहल गरेको तथ्य पनि सकारात्मक पक्षका रूपमा देखिन्छ । लुम्बिनी प्रदेशमा कार्यरत राजनीतिक दलका प्रतिनिधीहरूले सामाजिक सञ्जालमा केही घृणात्मक अभिव्यक्तिहरू दिएको देखिएपनि सो सम्बन्धमा कुनै औपचारिक गुनासो वा विवाद नदेखिनुले समग्र निर्वाचन वातावरणमा ठूलो असर

नपरेको सङ्केत गर्दछ । सबै निर्वाचन क्षेत्रमा मनोनयन दर्ता प्रक्रिया शान्तिपूर्ण, भयरहित तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएकोबाट निर्वाचन प्रक्रियाप्रति सहभागीहरूको विश्वास र सुरक्षा अवस्थालाई प्रतिबिम्बित गर्दछ ।

समग्रमा निर्वाचन अवधिमा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास भएको, राजनीतिक प्रतिस्पर्धा मुख्यतः शान्तिपूर्ण र मर्यादित रहेको, तथा डिजिटल माध्यमको प्रभाव उल्लेखनीय रूपमा बढेको निष्कर्ष निकाल्न सकिन्छ । यद्यपि सामाजिक सञ्जालमा घृणात्मक अभिव्यक्तिको जोखिमका विषयहरू भविष्यमा थप ध्यान दिनुपर्ने पक्षका रूपमा देखिएका छन् ।

## ६.२ मतदानको अवस्था

मतदान प्रक्रियामा अधिकांश स्थानमा मतदाता नामावलीमा नाम भएका मतदाताले स्वतन्त्र, भयरहित र गोप्य वातावरणमा मतदान गर्न पाएको देखिए पनि केही जिल्लाहरूमा प्रक्रियागत तथा व्यवस्थापकीय कमजोरीहरू देखिएका छन् । हुम्ला जिल्लाको सिमकोट गाउँपालिका वडा नं. ५ स्थित भीमसेन आधारभूत विद्यालय र वडा नं. ४ स्थित बालविकास आधारभूत विद्यालयका मतदान केन्द्रमा मतदाताले पूर्ण रूपमा गोप्य मतदान गर्न नपाएको तथा तोकिएको समयभन्दा पछिसम्म पनि मतदान सञ्चालन गरिएको पाइयो । झापा जिल्लाको निर्वाचन क्षेत्र नं. १, २ र ३, सोलुखुम्बु जिल्लाका केही मतदान केन्द्रहरूमा आफैँ मतदान गर्न सक्षम व्यक्तिहरूले समेत असक्त वा अशिक्षित भएको बहाना बनाई सहयोगीसहित मतदान गर्न खोज्दा विवाद उत्पन्न भएको देखियो । यसले सहयोगीमार्फत मतदानको व्यवस्थाको दुरुपयोग हुनसक्ने जोखिमलाई सङ्केत गर्दछ ।

सङ्खुवासभा जिल्लामा मतदाता नामावली अद्यावधिक प्रक्रियामा त्रुटि पाइयो । अघिल्लो निर्वाचनमा मतदान गरिसकेका मतदाताको नाम यसपटक नामावलीमा नभेटिनु, मृत्यु भइसकेका व्यक्तिहरूको नाम कायम रहनु तथा रोजगारीका लागि विदेश गएका वा अन्य जिल्लामा सिजनल काम गर्न गएका नागरिकहरूको नाम समावेश नहुनुले कतिपय नागरिक मतदान अधिकारबाट वञ्चित भएका देखिन्छ । उदयपुर, सुनसरी तथा धनुषा जिल्लामा समेत मृत्यु भइसकेका व्यक्तिको नाम मतदाता सूचीमा कायम रहेको, पुरानो मतदाता परिचयपत्र बोकेर आएका केही मतदाताको विवरण अद्यावधिक नभएका कारण मतदान गर्न नपाएको जानकारी प्राप्त भयो । यी घटनाले मतदाता नामावली अद्यावधिक प्रक्रियालाई अझ प्रभावकारी, नियमित र विश्वसनीय बनाउन आवश्यक रहेको देखाउँछ ।

निर्वाचन आयोगले मतदाता परिचयपत्र, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र र जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) मध्ये कुनै एक कागजातका आधारमा मतदान गर्न दिने व्यवस्था गरेको पाइयो । तथापि राहदानी र लालपूर्जा जस्ता कागजात सबै नागरिकसँग सहज रूपमा उपलब्ध नहुने भएकाले स्थायी लेखा नम्बर (PAN) परिचयपत्रलाई समेत आधिकारिक पहिचान कागजातका रूपमा मान्यता दिएमा नागरिकलाई सहज हुने देखिन्छ । अस्थायी मतदाता नामावलीमा दर्ता भएका निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदीबन्दीहरूले समानुपातिकतर्फ स्वतन्त्र रूपमा मतदान गरेको पाइयो । निर्वाचन अवधिमा  विभिन्न क्षेत्रमा खटिए पनि मताधिकारको सुनिश्चितताको यो अभ्यासलाई सकारात्मक रूपमा लिन सकिन्छ । यद्यपि समानुपातिकतर्फ मात्र नभई प्रत्यक्षतर्फ समेत मतदानको अधिकार प्रत्याभूत गराउने संयन्त्रको विकास गर्न सकेमा मताधिकारको पूर्ण सुनिश्चितता हुने

देखिन्छ ।

निर्वाचनमा न्यून मतदान प्रतिशत देखिनुमा नागरिक असन्तुष्टि, राजनीतिक निराशा वा मतदान प्रक्रियामा सहभागी नहुने स्वेच्छिक निर्णयको मौन अभिव्यक्तिका रूपमा पनि व्याख्या गर्न सकिने देखिन्छ । ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ गाउँपालिका वडा नं. ७ स्थित सहिद स्मृति आधारभूत विद्यालय सातसल्ले मतदान केन्द्रमा दलका प्रतिनिधिहरू बैठकमा अनुपस्थित रहेको तथा "नो भोट" अभियान सञ्चालन भएको जानकारीपछि अनुगमन टोलीले स्थलगत अवलोकन गरेको थियो । स्थानीयवासीहरूले अस्पताल निर्माणका लागि पर्याप्त जग्गा उपलब्ध गराए पनि लामो समयसम्म अस्पताल निर्माण नभएकाले दबाब सिर्जना गर्न उक्त अभियान सञ्चालन गरिएको बताएका थिए । स्थानीय मतदाताले आफूहरूलाई मतदान नगर्न कुनै डर, धम्की वा दबाब नभएको तर विकासका माग पूरा नभएसम्म सामूहिक असन्तुष्टि प्रकटस्वरूप मतदान नगर्ने मनस्थिति रहेको बताएका थिए ।

महोत्तरी जिल्लामा "नो भोट" लाई विचार अभिव्यक्तिको स्वतन्त्रतासँग जोडिए पनि मतपत्रमा "नो भोट" को छुट्टै विकल्प समावेश नभएको पाइयो । तथापि कम मतदान प्रतिशत तथा मतदान प्रक्रियामा सहभागी नहुने प्रवृत्ति देखिएको छ ।

दार्चुला जिल्लाका दुई मतदान केन्द्रमा स्थानीयवासीहरूले मतदान बहिष्कार गरेका थिए । नौगाड गाउँपालिका वडा नं. १ स्थित गौरीशङ्कर माध्यमिक विद्यालय मतदान केन्द्र तथा अपिहिमाल गाउँपालिका वडा नं. ३ स्थित दुधिला आधारभूत विद्यालय मतदान केन्द्रका मतदाताले सेवा केन्द्र अत्यन्त टाढा रहेको, सामान्य सेवा लिनसमेत एक रात बस्नुपर्ने बाध्यता रहेको भन्दै निर्वाचन बहिष्कार गरेका थिए । स्थानीय सञ्चारकर्मी तथा प्रशासनका अनुसार राज्य सेवाको पहुँच र स्थानीय पूर्वाधार विकासप्रति असन्तुष्टि नै मतदान बहिष्कारको प्रमुख कारण रहेको देखिन्छ । यस घटनाले लोकतान्त्रिक सहभागीता केवल मतदान प्रक्रियासँग मात्र नभई राज्यद्वारा प्रदान गरिने आधारभूत सेवा, विकास र पहुँचसँग पनि प्रत्यक्ष रूपमा जोडिएको तथ्य उजागर गरेको छ ।

नागरिकहरूको स्वतन्त्र र भयरहित निर्वाचन प्रक्रियामा सहभागी हुन पाउने मौलिक हक अधिकारहरूको उपभोगमा अवरोध सिर्जना भए गरेको देखिएन । दुर्गम भौगोलिक अवस्थाका कारण केही हिमाली र पहाडी जिल्लाहरूका मतदान केन्द्रसम्म पुग्नको लागि लामो दूरी पार गर्नुपर्ने देखियो । जस्तैः डोल्पा जिल्लाको शे फोक्सुण्डो गापाको वडा नं. ८ स्थित छेक्पाका मतदाताहरूले मतदानको लागि आवतजावत गर्न करिब १४ घण्टाको पैदल यात्रा गरी सोही वडाको साइजल स्थित तापिरिचा मावि पुग्नुपर्ने अवस्था रहेको पाइयो । हुम्ला जिल्लामा अधिकांश मतदाताहरूलाई मतदानस्थलसम्म पुग्न ५-८ घण्टा सम्मको पैदल यात्रा गरी पुग्नुपर्ने अवस्था रहेको पाइयो । सोलुखुम्बु र खोटाङ जिल्लामा अधिकांश मतदान केन्द्र १ देखि ३ घण्टासम्मको पैदल दूरीमा रहेका कारण पहुँचयोग्य नरहेको पाइयो । तसर्थ मतदानको सहज पहुँच सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

लमजुङमा मानव सेवा आश्रमका २५ जनाको मतदाता नामावलीमा नाम नभएकोले कसैले पनि मतदान गर्न नपाएको भन्ने जानकारी पाइयो । लमजुङ जिल्लामा रहेको सर्वोदय सेवाश्रममा आश्रित २१ जनामध्ये ५ जनाको मात्रै मतदाता नामावलीमा नाम भएको र १६ जनामध्ये पनि कसैको पनि नागरिकता नभएको

हुँदा राज्यबाट प्रदान हुने अन्य सुविधाहरूबाट समेत वञ्चित हुनुपरेको अवस्था रहेको पाइयो। नेपालभरि रहेका आश्रममा आश्रितहरू प्रायको जन्मदर्ता, नागरिकता जस्ता कागजातहरू नभएको जसले गर्दा मतदान मात्र नभइ उनीहरूले राज्यबाट पाउने सेवा सुविधाहरू पनि पाएका छैनन्। यसर्थ नेपाल सरकारले घुम्ती टोली खटाई आवश्यक प्रक्रिया पुर्याएर जन्मदर्ता, नागरिकता प्रदान गरेमा यो समस्या समाधान हुन सक्ने देखिन्छ।

## ६.३ शान्तिपूर्ण रुपमा भेला, सभा सम्मेलन गर्न पाउने अधिकार

केही स्थानमा राजनीतिक प्रतिस्पर्धाका कारण आरोप प्रत्यारोप तथा राजनीतिक बहस भएपनि प्रचारप्रसार, सभा सम्मेलनमा भौतिक अवरोध वा प्रत्यक्ष हस्तक्षेप भएको घटना नघटेको हुँदा शान्तिपूर्ण भेला, सभा सम्मेलन गर्न पाउने अधिकार उपभोगमा समस्या भएको पाइएन। तथापि डोल्पा जिल्लाको माथिल्लो क्षेत्रमा परेको हिउँ पग्लिनसक्दा तल्लो डोल्पाबाट पैदल वा घोडाको प्रयोग गरी माथिल्लो डोल्पा आवतजावत गर्न अवरोध भएकोले कुनैपनि उम्मेदवार फोक्सुण्डो तालभन्दा माथिको क्षेत्रमा प्रचारप्रसार गर्न जान नसकेको बुझियो। भौगोलिक विकटता भएको स्थानमा मौसमको प्रतिकूल असरको कारण उम्मेदवारहरूले प्रचारप्रसार गर्न माथिल्लो क्षेत्रमा पुग्न नसकेको भन्ने अवस्थालाई ध्यानमा राख्दै निर्वाचनको मिति देशका सबै भूभागको लागि समायानुकूल हुने गरी तोक्न उपयुक्त देखिन्छ।

## ६.४ स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार

मतदाताहरूको मतदान केन्द्रसम्म निर्वाध आवागमन सुनिश्चित गरिएको पाइयो। यद्यपि निर्वाचनमा सवारी साधन नचलेका कारण बाटोको सुविधा भएका स्थानमा अशक्त, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती सुत्केरीहरूलाई मतदान केन्द्रसम्म पुग्न असहज भएको देखिन्छ। आवतजावतमा कही कतैबाट अवरोध नभएको भएता पनि अधिकांश ठाँउमा सवारी पास नलिएका दुई पाङ्ग्रे र छिटपुट रूपमा चार पाँङग्रे सवारी साधन प्रयोग गरी मतदातालाई घरबाट मतदान केन्द्रसम्म पुर्‍याएको पाइयो। सो क्रियाकलापको सन्दर्भमा निर्वाचन आयोगद्वारा कि त सवारी पासको उपलब्धता सहज बनाइनु पर्छ अन्यथा निर्वाचन आचारसंहिता विपरित भएका यस्ता क्रियाकलापलाई कानूनी दायरामा ल्याउनुपर्छ। विशेषतः अशक्त, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरीको मताधिकार सुनिश्चित गर्न मतदान केन्द्रसम्म पुग्नको लागि निर्वाचन आयोगले सवारी साधन पासको व्यवस्था मिलाउनु उपयुक्त हुने देखिन्छ।

## ६.५ शान्ति सुरक्षाको अवस्था

निर्वाचनलाई शान्तिपूर्ण, सुरक्षित र विश्वसनीय बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेना गरी तीनवटै सुरक्षा निकाय परिचालन गरिएको थियो। अधिकांश मतदानस्थलमा सुरक्षा अवस्था सामान्य र सन्तोषजनक रहेको देखियो। मतदान केन्द्रसम्म मतदाताको निर्वाध आवागमन सुनिश्चित गरिएको तथा कुनै किसिमको अवरोध सिर्जना भएको पाइएन। मतगणना स्थलहरूमा तारजाली, सिसिटिभी क्यामेरा तथा सुरक्षाकर्मीको पर्याप्त व्यवस्था मिलाइएको थियो। मतदान सम्पन्न भएपछि मतपेटिकाहरू सुरक्षित रूपमा सङ्कलन गरी मतगणना स्थलसम्म पुर्‍याइएको तथा सर्वदलीय बैठकपछि मतगणना सुरु गरिएको देखियो। निर्वाचन परिणाम घोषणा पश्चात् विजय जुलुसहरू अधिकांश स्थानमा शान्तिपूर्ण रहेको तथा विपक्षी उम्मेदवार वा दलमाथि हिंसात्मक व्यवहार भएका घटना देखिएनन्।

यद्यपि केही जिल्लाहरूमा शङ्कास्पद वस्तु, विस्फोटक सामग्री तथा स्थानीय तनावका घटनाले सुरक्षा चुनौतीको अवस्था देखिन्छ । जुम्ला जिल्लाको देवाल गाउँमा मतदान प्रारम्भ हुनुअघि शङ्कास्पद वस्तु फेला परेपछि नेपाली सेनाले डिस्पोज गर्दा उक्त वस्तु सामान्य कागजको बल मात्र रहेको पुष्टि भएको थियो । तथापि यस घटनाले मतदान प्रक्रिया निर्धारित समयभन्दा १ घण्टा ४५ मिनेट ढिलो सुरु भएको पाइयो । ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी गाउँपालिका वडा नं. २ मा मतदानको दुई दिनअघि भेटिएको शङ्कास्पद वस्तु पनि पछि रेडबुलको बट्टामा माटो भरेर तार निकालिएको सामग्री भएको पुष्टि भएको थियो । सप्तरी जिल्लाको कङ्कालिनी नगरपालिका क्षेत्रमा पनि मतदानको पूर्वसन्ध्यामा विस्फोटक वस्तु फेला परेको र तत्काल निष्क्रिय गरिएको जानकारी प्राप्त भयो ।

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका तथा पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने रातु पुल क्षेत्रमा शङ्कास्पद वस्तु विस्फोट हुँदा पैदलयात्री घाइते भएका घटनाले निर्वाचन अवधिमा सुरक्षासम्बन्धी जोखिम अझै विद्यमान रहेको सङ्केत गरेको छ । पर्सा र बारा जिल्लामा निर्वाचनको पूर्वसन्ध्यामा विरगञ्ज महानगरपालिकामा सुतली बम तथा सुँगुरको टाउको फेला परेको घटना दुई समुदायबीच द्वन्द्व सिर्जना गर्ने उद्देश्यले गराइएको हुनसक्ने प्रारम्भिक अनुमान सुरक्षा निकायले गरेको थियो । त्यसपश्चात् वीरगञ्ज क्षेत्रमा अघोषित निषेधाज्ञासमेत जारी गरिएको थियो । यी घटनाहरूले निर्वाचनका समयमा सामाजिक सद्भाव भड्काउने तथा त्रास सिर्जना गर्ने प्रयास हुनसक्ने अवस्थाप्रति सुरक्षा संयन्त्र सजग रहेको देखिन्छ ।

हुम्ला जिल्लामा केही मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ता तथा स्थानीय स्वयंसेवकबीच सामान्य झडप भएको पाइयो । हुम्ला जिल्लाको चङ्खेली गाउँपालिका र अदानचुली गाउँपालिकाका मतदान केन्द्रमा विवादका कारण केही समय मतदान अवरुद्ध भए पनि पछि पुनः शान्तिपूर्ण रूपमा मतदान सञ्चालन गरिएको जानकारी प्राप्त भयो । हुम्ला जिल्लाकै नाम्खा गाउँपालिका वडा नं. ६ स्थित सुनखानी प्राथमिक विद्यालय, हल्जी मतदान केन्द्रमा स्थानीय राजनीतिक दलका कार्यकर्ता तथा प्रतिनिधिहरूले अनुपस्थित बिरामी मतदाताको नाममा मतदान गराउनुपर्ने माग राख्दै मतदान अधिकृत, सुरक्षाकर्मी तथा कर्मचारीमाथि दुर्व्यवहार गरेका थिए । उनीहरूले निर्वाचनमा खटिएका सुरक्षाकर्मीहरू तथा कर्मचारीहरूको लत्ता कपडा खानेकुरा लगायतका सामानहरू फाल्नुका साथै धम्कीपूर्ण व्यवहार गरेको जानकारी प्राप्त भयो । मतदानको अन्तिम समयमा विवाद उत्पन्न भएको र अधिकांश मतदाताले मतदान गरिसकेको अवस्थामा पुनः केही व्यक्तिले दोहोर्‍याएर मतदान गर्न खोज्दा मतदान अधिकृतले रोकेको पाइयो । त्यसपछि सुरक्षाको दृष्टिले निर्वाचनमा खटिएका कर्मचारीहरूलाई नेपाली सेनाको हेलिकप्टरमार्फत सदरमुकाम फिर्ता ल्याइएको थियो । यस घटनाले मतदान प्रक्रियामा अनुशासनहीनता, प्रभाव पार्ने प्रयास तथा निर्वाचन कर्मचारीमाथिको असुरक्षाको जोखिमलाई उजागर गरेको छ ।

उदयपुर जिल्लाको कटारी नगरपालिका वडा नं. ३ स्थित तावाखोला तरकारी तथा फलफूल बिक्री केन्द्रमा रहेको मतदान केन्द्रमा सुरक्षाकर्मीले बोकेको बन्दुक पड्केर मतपेटिकामा लागेको थियो । उक्त घटनामा मतपेटिकाभित्र खसेका तीन मत सुरक्षित रूपमा अर्को मतपेटिकामा स्थानान्तरण गरी केही समय रोकिएको मतदान पुनः सञ्चालन गरिएको जानकारी प्राप्त भयो । यसले सुरक्षा निकाय परिचालनसँगै हतियारको सुरक्षित व्यवस्थापनमा थप सतर्कता आवश्यक रहेको देखिन्छ ।

रोल्पा र प्युठान जिल्लामा निर्वाचन बहिष्कार प्रयास तथा तालिमका क्रममा सामान्य झडप जस्ता केही

हिंसात्मक घटना भए तापनि मतदान प्रक्रियामा ठूलो असर पारेको देखिएन ।

समग्रमा हेर्दा निर्वाचनका क्रममा सुरक्षा व्यवस्थालाई मतदान केन्द्रहरूको संवेदनशीलताको आधारमा "अति संवेदनशील", "संवेदनशील" र "सामान्य" गरी वर्गीकरण गरी सोहीअनुसार परिचालन गरिएको पाइयो । अधिकांश स्थानमा सुरक्षा निकायको प्रभावकारी समन्वयका कारण मतदान तथा मतगणना प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि केही जिल्लामा भएका शङ्कास्पद वस्तु, स्थानीय तनाव, धम्की तथा अव्यवस्थित व्यवहारका घटनाले भविष्यमा सुरक्षा व्यवस्थापन, जोखिम पूर्वानुमान तथा निर्वाचन आचारसंहिताको कार्यान्वयनलाई अझ सुदृढ बनाउन आवश्यक रहेको देखिन्छ ।

## ६.६ सूचनाको अधिकार/मतदाता शिक्षा

मतदाता शिक्षा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलिरहित बनाई मतदाताहरूले गरेको मतदानलाई सही तरिकाले प्रयोग हुने विधि हो । अनुगमन गरिएका जिल्लाहरूमा यस कार्यले प्राथमिकता पाउन सकेको देखिएन । मतदाता शिक्षा सम्बन्धमा निर्वाचन आयोगले सामाजिक सञ्जाल र मोवाईल तथा टेलिफोन सेवा मार्फत समेत प्रचारप्रसार गरेको भएपनि स्थानीय स्तरमा मतदाताहरूमा मतदाता शिक्षाको अभाव रहेको पाईयो । निर्वाचन आयोगले २०८२ फागुन ४ गतेदेखि १७ गतेसम्म मतदाता शिक्षाको लागि स्थानीयस्तमा स्वयम सेविकाहरूलाई तालिम दिई परिचालन गरेको भनिएपनि मतदाता शिक्षा सन्तोषजनक र प्रभावकारी हुन नसकेको र अति सीमित रुपमा मात्र मतदाता शिक्षा सञ्चालन भएको बुझियो । मतदाता शिक्षा प्राथमिकतामा भन्दा औपचारिकतामा बढी सीमित रहेको देखियो । यस सम्बन्धमा निर्वाचन कार्यालयले दलहरू र दलहरूले निर्वाचन कार्यालयलाई देखाएर पञ्छिने गरेको देखिन्छ । मतपत्रमा एक वा सो भन्दा वढी चिन्हमा स्वस्तिक छाप लगाएको, कतै औँठाछाप लगाएको कारण बदर मत यस पटक पनि पाइएको छ । मतदाता शिक्षाको पहुँच वृद्धि गर्न मतदाता शिक्षालाई निर्वाचन घोषणा भएको मितिदेखि नै निरन्तर सञ्चालन गर्ने संयन्त्र हरेक जिल्ला निर्वाचन कार्यालय भित्र रहनु पर्ने देखिन्छ ।

## ६.७ निर्वाचन आचारसंहिताको पालना

निर्वाचन प्रक्रियामा हिंसा, डरधम्की वा बालबालिकाको प्रयोग भएको अवस्थामा विगतको तुलनामा कम भएपनि विभिन्न जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घन, मतदातामाथि प्रभाव पार्ने प्रयास तथा मतदान प्रक्रियामा अनियमितता भएका घटनाहरू देखिएका छन् । डोल्पा जिल्लामा मौन अवधिमा मतदातालाई प्रलोभनमा पार्ने प्रयास भएको, सार्वजनिक स्थानमा उम्मेदवारका पोस्टर टाँसिएको तथा धार्मिक विश्वास र देउता भकाउनेजस्ता अभ्यास अझै कायम रहेकोले स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रक्रियामाथि अप्रत्यक्ष प्रभाव पार्ने सम्भावना देखाउँछ । त्यसैगरी हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकामा वडा नं. २ का वडा अध्यक्षद्वारा घरदैलो प्रचार तथा निर्वाचन कर्मचारीलाई धम्क्याउने कार्य भएको बुझिएको छ, जसले निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको देखिन्छ ।

विशेषगरी हुम्ला जिल्लाको सिमकोट गाउँपालिका वडा नं. ५ स्थित मतदानस्थलमा एक व्यक्तिले पटक-पटक मतदान गरेको, स्वयंसेवकले मतदाताको सट्टा मतपत्रमा छाप लगाइदिने तथा मत खसालिदिने जस्ता गतिविधि भएको तथ्य मानव अधिकार तथा प्रचलित कानूनी व्यवस्थाको विपरीत रहेको छ । यस्ता कार्यले नागरिकको स्वतन्त्र मतदानको अधिकार, गोपनीयता तथा आत्मनिर्णयको अधिकारलाई प्रत्यक्ष रूपमा

कुण्ठित गरेको छ। साथै मतदान प्रक्रियामा आवश्यक निगरानी, नियन्त्रण तथा उत्तरदायित्व कमजोर रहेको देखिन्छ, जसले निर्वाचनको विश्वसनीयता र लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रश्न उठाउने अवस्था सिर्जना गरेको छ।

सिन्धुपाल्चोक जिल्लामा भित्तेलेखनसम्बन्धी लिखित उजुरी परेको र निर्वाचन आयोगले सम्बन्धित दललाई सो हटाउन निर्देशन दिएको पाइयो। ओखलढुङ्गा लगायतका जिल्लामा मौखिक उजुरीहरू आउने गरेको र फोन संवादबाटै समाधान गरिएको जानकारी प्राप्त भयो। पाल्पा, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा उम्मेदवारहरूले बाजागाजासहित जुलुस, प्रदर्शन गरे पनि हिंसात्मक घटना भने भएको देखिएन। प्युठानमा निर्वाचन बहिष्कारका लागि प्रचार गर्ने व्यक्तिलाई प्रशासनले नियन्त्रणमा लिएको अवस्था पनि देखिन्छ। समग्र रूपमा हेर्दा निर्वाचन वातावरण शान्तिपूर्ण रहे पनि आचारसंहिता कार्यान्वयन, मतदाता स्वतन्त्रता संरक्षण, मतदान प्रक्रियाको निगरानी तथा उजुरी व्यवस्थापनमा संस्थागत कमजोरीहरू विद्यमान रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## ६.८ समावेशी/सहभागिताको अवस्था

प्रदेशगत रुपमा प्रत्यक्षतर्फ उम्मेदवारीको चयन तथ्याङ्कलाई हेर्दा सबै प्रदेशमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सन्तुलित हुन नसकेको देखिन्छ। सातै प्रदेशमा पुरुष उम्मेदवारको बाहुल्यता रहेको छ भने महिला उम्मेदवारको सहभागीता करिब ८ देखि १५ प्रतिशतसम्म मात्र सिमित रहेको पाइन्छ। सबैभन्दा बढी महिला उम्मेदवारी १४.८% (बागमती प्रदेशमा) रहेको र सबैभन्दा कम ८.४% (कर्णाली प्रदेशमा) रहेको छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह (अन्य) बाट कोशी प्रदेशमा १ जनाको उम्मेदवारी दर्ता भएको बाहेक बाँकी प्रदेशमा यस समूहको प्रतिनिधित्व शून्य रहेको छ।

समावेशी समूहगत उम्मेदवारी हेर्दा प्रदेशअनुसार फरक-फरक समुदायको वर्चस्व देखिन्छ। कोशी प्रदेशमा आदिवासी/जनजाति समुदायको सबैभन्दा बढी ५३.३३% उम्मेदवारी रहेको छ भने मधेश प्रदेशमा मधेसी समुदायको ६९.००% उम्मेदवारी रहेको छ। बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा खसआर्य समुदायको उम्मेदवारी सबैभन्दा उच्च रहेको देखिन्छ। यसले जनसङ्ख्याको संरचनागत प्रभाव उम्मेदवारी चयनमा प्रतिविम्बित भएको देखिए पनि सबै समुदायको समावेशी प्रतिनिधित्व समान रूपमा सुनिश्चित हुन नसकेको देखिन्छ।

निर्वाचन मत परिणाम बमाजिम राजनीतिक दलहरूले प्राप्त गरेको मत परिणाम अनुसार समानुपातिक प्रणालीतर्फको तथ्याङ्कलाई हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको ५७ सिटमा पुरुष ९ जना, महिला ४८ जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा १७, आदिवासी जनजाति १६, दलित ८, मधेसी ९, थारु ४, मुस्लिम ३, पिछडिएको क्षेत्रबाट २, अपाङ्गता भएको व्यक्ति१) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

नेपाली कांग्रेसले प्राप्त गरेको २० सिटमा पुरुष ५ जना, महिला १५ जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा ६, आदिवासी जनजाति ६, दलित ३, मधेसी ३, थारु १, मुस्लिम १, पिछडिएको क्षेत्रबाट १, अपाङ्गता भएको व्यक्ति१) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

ने.क.पा एमाले प्राप्त गरेको १६ सिटमा पुरुष ६ जना, महिला १० जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा ५, आदिवासी जनजाति ४, दलित २, मधेसी ३, थारु १, मुस्लिम १, पिछडिएको क्षेत्रबाट १, अपाङ्गता भएको व्यक्ति१) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

ने.क.पाले प्राप्त गरेको ९ सिटमा पुरुष ५ जना, महिलाले ४ जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा ३, आदिवासी जनजाति २, दलित २, मधेसी १, थारु १, अपाङ्गता भएको व्यक्ति१) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

श्रम संस्कृति पार्टीले प्राप्त गरेको ४ सिटमा पुरुष १ जना, महिला ३ जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा १, आदिवासी जनजाति १, दलित १, मधेसी १) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

रा.प्र.पाले प्राप्त गरेको ४ सिटमा पुरुष २ जना, महिला २ जना (समावेशी समूहको तथ्याङ्कलाई हेर्दा खस आर्यमा २, आदिवासी जनजाति १, मुस्लिम १) समानुपातिक प्रणालीतर्फ उम्मेदवार निर्वाचित भएको देखिन्छ।

नेपालको संविधानले समानुपातिक समावेशी प्रतिनिधित्व तथा सहभागितामूलक लोकतन्त्रको परिकल्पना गरेको सन्दर्भमा प्रस्तुत तथ्याङ्कले उम्मेदवारी चयन प्रक्रियामा ती संवैधानिक मूल्य मान्यताहरूको पूर्ण कार्यान्वयन हुन नसकेको देखिन्छ। विशेषगरी महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह (अन्य), दलित, मुस्लिम, थारू तथा केही प्रदेशमा मधेसी र आदिवासी/जनजाति समुदायको प्रत्यक्षतर्फ न्यून र शून्य प्रतिनिधित्व रहेको छ भने समानुपातिक प्रणालीतर्फको उम्मेदवारी चयनमा केही हदसम्म समावेशी प्रतिनिधित्व भएको देखिन्छ। सबै समुदायको समान सहभागीता सुनिश्चित गर्न राजनीतिक दलहरूले आगामी निर्वाचनमा उम्मेदवार छनोट प्रक्रियामा समावेशी सिद्धान्तको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

## ६.९ निर्वाचनमा बालबालिकाको प्रयोग

अनुगमनका क्रममा विभिन्न जिल्लामा निर्वाचन प्रचारप्रसार तथा निर्वाचन गतिविधिमा बालबालिकाको प्रयोग भएका घटनाहरू बाल अधिकार तथा निर्वाचन आचारसंहिताको उल्लङ्घनका रूपमा देखिन्छ। दैलेख जिल्लामा ने.क.पा. (माओवादी)ले सांस्कृतिक कार्यक्रममा बालबालिकाको प्रयोग गरेको पाइएपछि मुख्य निर्वाचन अधिकृतलाई जानकारी गराइएको र आयोगको निर्देशनपछि उक्त कार्य रोकिएको अवस्था देखिन्छ, जसले समयमै निगरानी र हस्तक्षेप भएमा उल्लङ्घन नियन्त्रण गर्न सकिने देखिएको छ।

पर्सा, धनुषा, महोत्तरी तथा कपिलवस्तु जिल्लामा विभिन्न राजनीतिक दलहरूले निर्वाचन प्रचारप्रसार, जुलुस तथा कार्यक्रमहरूमा बालबालिकाको प्रयोग गरेको पाइयो। धनुषाको मुखियापट्टी मुसहरनियामा ने.क.पा. (एमाले) र नेपाली कांग्रेस तथा महोत्तरीको सम्सी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा बालबालिका प्रयोग गरिएको देखिएको थियो। कपिलवस्तुमा मनोनयन जुलुसमा बालबालिकाको सहभागीता देखिनुले विशेष वर्ग तथा बालअधिकार संरक्षणमा चुनौती रहेको स्पष्ट पार्छ। निर्वाचन गतिविधिमा बालबालिकाको प्रयोगले उनीहरूको शिक्षा, मानसिक अवस्था तथा स्वतन्त्र विकासमा नकारात्मक प्रभाव पार्न सक्ने

भएकाले यस्तो अभ्यास बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता विपरीत मानिन्छ।

सुनसरी जिल्लामा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गरेको आरोपमा प्रमाणसहित उजुरी दिंदा पनि कारबाही नभएको भन्दै बालबालिकाले धर्ना दिएको घटना उत्तरदायित्व र कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ । यद्यपि निर्वाचन आयोगले श्रम संस्कृति पार्टीलाई रु. २५,००० जरिवाना गरेको जानकारीले उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया सुरु भएको देखाए पनि त्यस्ता घटनालाई प्रभावकारी रूपमा रोक्न अझ सशक्त निगरानी तथा कारबाही आवश्यक देखिन्छ । समग्रमा निर्वाचन प्रक्रियामा बालबालिकालाई निर्वाचन तथा राजनीतिक गतिविधिमा प्रयोग भौतिक रुपमा र विद्युतीय रुपमा विभिन्न सामाजिक सञ्जालको माध्यमबाट भइहेको आयोगलाई प्राप्त उजुरीहरूबाट समेत देखिएको छ। राजनीतिक गतिविधिमा बालबालिको प्रयोगलाई कानूनले कसूर मानेको भएपनि अझै पनि पूर्ण रूपमा नियन्त्रण हुन नसकेको देखिँदा बाल अधिकार संरक्षणका लागि निर्वाचन आयोग, राजनीतिक दल र प्रशासनबीच थप समन्वय तथा संवेदनशीलता आवश्यक रहेको देखिन्छ।

## ६.१० विशेष वर्ग वा समूहको अधिकार (अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बिरामी र सुत्केरी)

अनुगमनका क्रममा अधिकांश मतदान केन्द्रहरूमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, गर्भवती तथा सुत्केरी महिलालाई प्राथमिकताका साथ मतदान गर्ने व्यवस्था गरिएको पाइयो। साथै महिला, दलित, मधेशी, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति वा धार्मिक समुदायका आधारमा कसैलाई मतदानबाट वञ्चित गरेको नदेखिएकोले समावेशी सहभागिताको प्रयास सकारात्मक रहेको देखिन्छ । यसले निर्वाचन प्रक्रियामा समान पहुँच सुनिश्चित गर्ने संवैधानिक तथा मानव अधिकारसम्बन्धी दायित्वप्रति सम्बन्धित निकाय केही हदसम्म संवेदनशील रहेको सङ्केत गर्दछ। यद्यपि हुम्ला जिल्लामा भने अवस्था पूर्णतः सन्तोषजनक देखिएन। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, गर्भवती, सुत्केरी तथा दृष्टिविहीन मतदाताका लागि प्राथमिकता, सहज पहुँच तथा विश्रामको व्यवस्था गरिएको पाइएन। विशेषतः बालबालिका साथमा लिएर आएका महिला मतदाता तथा ज्येष्ठ नागरिकहरूले स्वतन्त्र र गोप्य रूपमा मतदान गर्न कठिनाइ भोग्नुपरेको देखियो। कतिपय अवस्थामा "मत बिग्रने", "मतदान गर्न नआउने" वा "अशक्त" भएको कारण देखाउँदै मतदाताले विश्वास गरेको भनिएका सहयोगी व्यक्ति भनेर राजनीतिक दलका एजेन्ट तथा स्वयंसेवकसमेत संलग्न रही मतदाताको इच्छाविपरीत मतदान गरिदिएको गुनासो प्राप्त भएको छ। यस्तो अभ्यासले स्वतन्त्र, गोप्य तथा स्वेच्छिक मतदानको सिद्धान्तमा प्रतिकूल असर पार्नुका साथै मतदाताको अधिकार कमजोर बनाएको देखिन्छ।

मतदान केन्द्रहरूलाई लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउनुपर्ने विषयमा सम्बन्धित निकायमा अवधारणात्मक समझदारी भए पनि कार्यान्वयन तहमा आवश्यक तथ्याङ्क तथा पूर्वतयारीको अभाव रहेको देखियो । विशेषगरी मतदाता नामावली सङ्कलनका क्रममा मतदाताको लिङ्ग, अपाङ्गताको अवस्था, विशेष सहायताको आवश्यकता जस्ता विवरण स्पष्ट रूपमा अभिलेखीकरण नहुँदा निर्वाचन व्यवस्थापनमा कठिनाई उत्पन्न भएको देखिन्छ । तसर्थ भविष्यमा मतदाता नामावली सङ्कलन गर्दा लिङ्ग, शारीरिक अवस्था तथा विशेष सहयोग आवश्यक पर्ने अवस्थालाई स्पष्ट रूपमा समेट्ने व्यवस्था गर्न आवश्यक देखिन्छ। उम्मेदवारी दर्ताको क्रममा लिङ्ग पहिचान हुने व्यवस्था भए पनि

अपाङ्गता भएका उम्मेदवारको अवस्था स्पष्ट खुल्ने प्रणाली नदेखिएकाले यसतर्फ निर्वाचन आयोगले आवश्यक सुधार तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

### ६.११ सरकारी निकायबाट शिक्षा, स्वास्थ्य लगायतका महत्त्वपूर्ण सेवा प्रवाहको अवस्था

अनुगमनका क्रममा निर्वाचन व्यवस्थापनका लागि स्वास्थ्यकर्मी तथा शिक्षकहरूलाई व्यापक रूपमा परिचालन गरिएको कारण नागरिकहरूको आधारभूत स्वास्थ्य सेवा तथा शिक्षा प्राप्त गर्ने अधिकारमा प्रत्यक्ष असर परेको देखिन्छ। विशेषगरी डोल्पा जिल्ला मा रहेका ७० मतदान केन्द्रमध्ये सात वटा केन्द्रमा स्वास्थ्यकर्मीलाई मतदान अधिकृतका रूपमा खटाइएको पाइयो। भोजपुर जिल्लाका अधिकांश स्वास्थ्य चौकीका सम्पूर्ण कर्मचारी निर्वाचन कार्यमा परिचालित हुँदा आधारभूत स्वास्थ्य सेवा नै अवरुद्ध भई स्वास्थ्य चौकीहरूमा ताला लगाउन पर्ने अवस्था सिर्जना भएको देखिन्छ। सिरहा जिल्ला अन्तर्गत धनगढीमाई-९ मुसर्नियास्थित नयनपुर नगर अस्पतालमा मतदान सञ्चालनका लागि भर्ना भएका बिरामीलाई डिस्चार्ज गरिएको पाइयो। यद्यपि आकस्मिक तथा प्रसूति सेवा भने सञ्चालनमै रहेको पाइयो। एम्बुलेन्स चालकसमेत निर्वाचन कार्यमा खटाइएको जानकारी अस्पतालका मेडिकल अफिसर मन्सुर आलमले दिनुभएको थियो। डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. १ स्थित स्याउले स्वास्थ्य चौकी भवनमा रहेको मतदानस्थल अत्यन्त साँघुरो रहेको तथा स्वास्थ्य संस्थामै मतदान केन्द्र राखिएका कारण निर्वाचन अवधिभर नागरिकहरू नियमित स्वास्थ्य सेवा प्राप्त गर्नबाट वञ्चित हुन पुगेको अवस्था देखिएको छ। यस्ता घटनाले निर्वाचन व्यवस्थापनका लागि स्वास्थ्य क्षेत्रका जनशक्ति प्रयोग गर्दा नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने संवैधानिक अधिकार प्रभावित भएको स्पष्ट देखिन्छ।

अधिकांश मतदान केन्द्रहरू विद्यालय परिसरमा राखिएको तथा शिक्षकहरूलाई निर्वाचनमा परिचालन गरिएको कारण सरकारले दिएको सार्वजनिक बिदाभन्दा लामो समयसम्म विद्यालय बन्द रहेको देखिन्छ। अनुगमनबाट प्रदेशका ९५ प्रतिशतभन्दा बढी मतदान केन्द्र शिक्षण संस्थामा रहेको र शिक्षकहरू निर्वाचन कार्यमा खटिँदा कतिपय विद्यालय एक हप्ताभन्दा बढी समय बन्द रहेको तथ्य देखिएको छ। यसले बालबालिकाको नियमित शिक्षामा अवरोध सिर्जना गरी शिक्षा प्राप्त गर्ने अधिकारमा प्रतिकूल असर पारेको देखिन्छ।

नेपालको भौगोलिक जटिलता, पूर्वाधारको सीमितता तथा आर्थिक अवस्थाका कारण निर्वाचनका लागि छुट्टै संरचना निर्माण तत्काल सहज नदेखिए पनि नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रतिबद्धतालाई विचार गर्दा विद्यालय तथा स्वास्थ्य संस्थालाई स्थायी मतदान केन्द्रको रूपमा प्रयोग गर्ने अभ्यास क्रमशः न्यून गर्दै वैकल्पिक संरचनाको विकासतर्फ राज्यले ध्यान दिन आवश्यक देखिन्छ। विद्यालयलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्ने तथा स्वास्थ्य उपचार केन्द्रमा मतदान स्थल नराख्ने नीति अवलम्बन गरिनु उपयुक्त देखिन्छ। निर्वाचन व्यवस्थापन र आधारभूत सार्वजनिक सेवाबीच आवश्यक सन्तुलन कायम गर्न राज्य संयन्त्र अझ संवेदनशील हुनुपर्ने देखिन्छ।

### ६.१२ पर्यवेक्षकहरूको भूमिका र व्यवहार

निर्वाचन पर्यवेक्षकहरूले निर्वाचन आयोगले तोकेको विधि र प्रक्रिया भित्र रही आचारसंहिताको पालना गरी निर्वाध रुपमा पर्यवेक्षण गरेको पाइयो। निर्वाचन पर्यवेक्षकको भूमिकामा अधिकांश नियोकका प्रतिनिधि

र जिल्लागत रुपमा इन्सेकबाट पर्यवेक्षक खटिएको पाइयो । तनहुँ जिल्लामा भने नियोकद्वारा निर्वाचन पर्यवक्षेणका लागि छनौट भएका १२ जना पर्यवक्षेक मध्ये १ जना पर्यवक्षेकले आचारसंहिता उल्लङ्घन गरेको हुनाले निजलाई पर्यवेक्षकको भूमिकाबाट हटाइ परिचयपत्र समेत रद्द गरिएको भन्ने जानकारी प्राप्त हुन आएको देखिन्छ ।

## ६.१३ अस्थायी मतदान केन्द्रको व्यवस्थापन

निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा कारागारमा रहेका कैदीबन्दीहरूलाई अस्थायी मतदान केन्द्रको व्यवस्थापन गरी मतदानको अवसर प्रदान गरिएको भएतापनि यसको प्रभावकारिता न्यून देखिन्छ । विभिन्न जिल्लाका तथ्याङ्कले ठूलो सङ्ख्यामा कैदीबन्दी तथा अस्थायी मतदाताहरू मतदाता नामावलीमा समावेश हुन नसकेको, नामावली अद्यावधिक नभएको, परिचयपत्र तथा अन्य पहिचानसम्बन्धी कागजातको अभाव रहेको र सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय प्रभावकारी रूपमा हुन नसकेकोले मतदान गर्न योग्य व्यक्तिहरू मताधिकार प्रयोग गर्नबाट वञ्चित भएका छन् । लमजुङका आश्रयस्थलहरूमा आश्रित व्यक्तिहरूको नाम मतदाता नामावलीमा समावेश नहुनुले सीमान्तकृत तथा संस्थागत रूपमा आश्रित समूहहरू निर्वाचन पहुँचबाट अझ बढी प्रभावित भएको देखिन्छ ।

मतदाता नामावलीमा नाम समावेश भएका कर्मचारी, सुरक्षाकर्मी तथा कैदीबन्दीहरूले स्वतन्त्र र भयरहित रूपमा मतदान गर्न पाएको तथ्यले मतदान केन्द्रको व्यवस्थापन, सुरक्षा व्यवस्था तथा मतदान प्रक्रियामा निष्पक्षता रहेको देखिन्छ । अस्थायी मतदान केन्द्रको व्यवस्थाले मताधिकार सुनिश्चित गर्ने दिशामा सकारात्मक पहल भए पनि मतदाता दर्ता, नामावली अद्यावधिक, परिचय प्रमाणीकरण तथा सम्बन्धित निकायको समन्वयमा कमजोरीका कारण यसको पूर्ण लाभ लक्षित समूहसम्म पुग्न नसकेको देखिन्छ । आगामी निर्वाचनहरूमा अस्थायी मतदाताको पहिचान र दर्ता प्रक्रियालाई थप व्यवस्थित, समयमै अद्यावधिक तथा समन्वयमुखी बनाउन सके मात्र यस व्यवस्थाले मताधिकारको प्रयोग सुनिश्चित गर्न सक्ने देखिन्छ ।

## ६.१४ प्राप्त उजुरी/ सूचना सम्बन्धमा (निर्वाचनसँग सम्बन्धित)

निर्वाचन आचारसंहिता कार्यान्वयनका क्रममा विभिन्न जिल्लाबाट प्राप्त घटनाक्रमहरूले निर्वाचन आयोगको सक्रिय अनुगमन, जवाफदेहिता कायम गर्ने प्रयास तथा निष्पक्ष निर्वाचनप्रति संवेदनशीलता प्रष्ट पारेको छ । जुम्ला जिल्लामा राजनीतिक दलहरूले पर्चा तथा पम्प्लेट टाँसेर निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको विषयमा परेको उजुरी उपर जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिले ९ जना उम्मेदवारसँग स्पष्टिकरण माग गरेको र तीमध्ये ५ जनाले स्पष्टीकरण पेश गरेको तथ्यले आचारसंहिताको प्रभावकारी कार्यान्वयनतर्फ पहल भएको देखिन्छ । यद्यपि सबै उम्मेदवारबाट जवाफ प्राप्त नभएको अवस्थाले अनुगमन तथा आचारसंहिता पालना प्रक्रियामा अझ कडाइ आवश्यक रहेको देखिन्छ । सङ्खुवासभा जिल्लामा आचारसंहिता उल्लङ्घनसम्बन्धी १३ वटा उजुरी दर्ता भई कानून बमोजिम कारबाही गरिएको जानकारीले निर्वाचन आयोग उजुरी व्यवस्थापन तथा कानूनी कार्यान्वयनमा सक्रिय रहेको पुष्टि गर्दछ । यसले निर्वाचन प्रक्रियालाई मर्यादित, पारदर्शी तथा उत्तरदायी बनाउन निगरानी संयन्त्रले प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ ।

बागलुङ जिल्लाको क्षेत्र नं. २ अन्तर्गत श्री रमुआ आधारभूत विद्यालय मतदान केन्द्रमा खटिएका मतदान अधिकृतले मतदान अधिकृतहरूको WhatsApp समूहमा मनोबल कमजोर पार्ने गतिविधि गरेको भन्ने गुनासो प्राप्त भएपछि निजलाई जिम्मेवारीबाट हटाई अर्को व्यक्तिलाई प्रतिस्थापन गरिएको घटनाले निर्वाचन आयोग कर्मचारीको आचरणप्रति संवेदनशील रही शून्य सहनशीलताको नीति अवलम्बन गरेको देखिन्छ । निर्वाचनको निष्पक्षता केवल राजनीतिक दलहरूको व्यवहारमा मात्र नभई निर्वाचनमा खटिएका कर्मचारीहरूको आचरणमा समेत निर्भर रहने भएकाले यस्तो निर्णयले निर्वाचनप्रति जनविश्वास कायम राख्न सहयोग पुगेको देखिन्छ । समग्र रूपमा यी घटनाहरूले निर्वाचन आचारसंहिता कार्यान्वयनमा निगरानी, कारबाही र सुधारात्मक हस्तक्षेप समानान्तर रूपमा अघि बढिरहेको देखिन्छ ।

## ६.१५ अन्य

आप्रवासी कामदारको रुपमा नेपाल बाहिर विभिन्न देशहरूमा रहेका लाखौँ नेपाली श्रमिकहरूको मताधिकार सुनिश्चत हुनुपर्दछ भनी सरोकारवालाहरूबीच छलफलहरू विगतको निर्वाचन देखि हुँदै आएको साथै सम्मानित सर्वोच्च अदालतको आदेश (रिट नं. ०७३-WO-११४९, आदेश मिति २०७४/१२/२) समेत रहेको छ । यस पटक पनि उनीहरूको मताधिकार सुनिश्चित गर्ने तर्फ सरकारको तर्फबाट कानूनी व्यवस्था सहित संरचनात्मक व्यवस्था समेत हुन नसकेको पाइयो । विश्वका कयौ मुलुकहरूले विदेशमा रहेका आफ्ना नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गरि मतदान गर्ने प्रबन्ध मिलाएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम आप्रवासी कामदारहरूको मताधिकार सुनिश्चित गर्नु आवश्यक देखिन्छ ।

कोशी प्रदेश अन्तर्गत सङ्खुवासभा जिल्लामा भौगोलिक विकटता र प्रतिकूल मौसमका कारण मतपेटिका सङ्कलन तथा मतगणनामा ढिलाइ भएको पाइयो । इलाम र ताप्लेजुङ जिल्लामा महिला कर्मचारी तथा सुरक्षाकर्मी मात्र परिचालन गरिएका नमूना मतदान केन्द्रहरू लैङ्गिक समावेशिताका सकारात्मक अभ्यासका रूपमा लिन सकिन्छ । ओखलढुङ्गा जिल्लामा स्थानीय विकासका माग सम्बोधन नभएको कारण मतदान बहिष्कार अभियान सञ्चालन गरिएको पाइयो ।

मधेश प्रदेशका कतिपय मतदाताहरू मतदान प्रक्रियामा सहभागी नभएको देखियो । केही मतदानस्थल पुराना तथा अनुपयुक्त संरचनामा सञ्चालन गरिएको र राजनीतिक प्रभावका आधारमा मतदानस्थल छनोट भएको भन्ने पाइयो । बारा जिल्लाका केही मतदान केन्द्रमा निर्माण सामग्री थुपारिएको तथा साँघुरो स्थानमा मतदान केन्द्रहरू सञ्चालन हुँदा मतदातालाई आवतजावतमा कठिनाइ भएको पाइयो ।

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको दुर्गम क्षेत्रमा मतपेटिका ढुवानीमा कठिनाइ हुँदा मतगणना ढिलो सुरु भएको पाइयो । मतगणनाका क्रममा हस्ताक्षर नभएको मतपत्रका कारण विवाद उत्पन्न भई प्रक्रिया केही समय अवरुद्ध भए पनि निर्वाचन आयोगको समन्वय र सर्वदलीय सहमतिपछि पुनः सञ्चालन गरिएको देखिन्छ ।

लुम्बिनी प्रदेशमा मतगणना प्रक्रियामा आवश्यक सूचना सर्वदलीय सहमतिअनुसार उपलब्ध गराइएको पाइयो । निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीले निष्पक्ष रूपमा जिम्मेवारी निर्वाह गरेको पाइयो । स्थानीय प्रशासन बजार अनुगमनमा सक्रिय रहेको र राजनीतिक दल तथा कार्यकर्ताहरूको व्यवहार

शान्तिपूर्ण तथा सहभागितामूलक रहेतापनि निर्वाचन खर्च बैंकमार्फत गर्ने प्रावधान पूर्ण रूपमा कार्यान्वयन भएको पाइएन।

कर्णाली प्रदेशमा निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरूले खाना तथा खाजा खानको लागि पर्याप्त समय नपाएको गुनासो गरेका थिए। साथै केही मतदान केन्द्रहरूमा प्राथमिक उपचार सामग्रीको अभाव रहेको भन्ने गुनासो पाइयो।

## ख. कानूनी विश्लेषण

नेपालको संविधानको प्रस्तावनामा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार तथा आवधिक निर्वाचनलाई समाजवाद प्रतिबद्ध समृद्ध राष्ट्र निर्माणको आधार मानिएको छ। यसै अन्तर्गत रही नेपालको संविधानमा मौलिक हकको धारा १७ को उपधारा (२) को (क) ले विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, (ख) मा बिना हातहतियार शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता तथा (ग) मा राजनीतिक दल गठन गर्ने स्वतन्त्रताको प्रत्याभूति गरेको छ।

संविधानले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न विभिन्न समूहरूको राजनीतिक सहभागितालाई विशेष संरक्षण प्रदान गरेको छ। संविधानको धारा ३८(४) ले राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक सुनिश्चित गरेको छ भने धारा ४० ले दलित समुदायलाई पनि राज्यका सम्पूर्ण निकायमा सोही सिद्धान्तअनुसार सहभागी हुने अधिकार प्रदान गरेको छ। साथै, धारा ४२ अन्तर्गत सामाजिक न्यायको हकले सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत समुदाय, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रूपमा विपन्न खसआर्य समुदायलाई राज्यका निकायहरूमा समावेशी सिद्धान्तका आधारमा सहभागिताको अधिकार प्रदान गरेको छ।

लोकतान्त्रिक मूल्य मान्यतालाई राष्ट्र निर्माणको आधार मानेको संवैधानिक व्यवस्था आत्मसात् गरेको राज्यमा लोकतन्त्रको सुदृढ र प्रभावकारी कार्यन्वयन गर्दै संस्थागत विकासका लागि स्वतन्त्र तथा निष्पक्ष निर्वाचन प्रमुख आधारस्तम्भका रूपमा रहेको छ।

यसै सन्दर्भमा विकास लकाई खड्का समेत विरुद्ध सम्माननीय अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ने.का.प. २०७०, अंक १०, नि.नं. ९०६९ मा सम्मानित सर्वोच्च अदालतले लोकतन्त्रमा जनताको अभिव्यक्तिको महत्त्वलाई थप व्याख्या गर्दै,"मतदान गर्न पाउने अधिकारलाई संविधानमा नै व्यवस्था गरिएको हुँदा हाम्रो देशमा यस अधिकारलाई संवैधानिक हकको रूपमा मान्यता दिएको पाइन्छ। यो अधिकार विचार तथा अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत निसृत हुने हुँदा यो उक्त स्वतन्त्रताकै एक अभिन्न अङ्गको रूपमा रहेको हुन्छ। तसर्थ नागरिकले मतपत्रमार्फत आफ्नो विचार अभिव्यक्त गर्न पाउने हुनाले मतदान गर्न पाउने यस अधिकारको विचार तथा अभिव्यक्तिको स्वतन्त्रतासँग अन्योन्याश्रित सम्बन्ध रहन्छ। वास्तवमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता व्यक्तिको निजी जीवनको मात्र अपरिहार्य विषयवस्तु नभएर समग्र समाज तथा राष्ट्रकै लागि विभिन्न नीति निर्माण प्रक्रियामा जनताको सहभागिताको निम्ति पनि आवश्यक हुन्छ। प्रजातान्त्रिक शासनमा जनताको सहभागिताको

लागि विविध विषयमा जनताको अभिमतको सर्वेक्षण गर्न, जनताको इच्छा एवं राय बुझ्न, जनमत सङ्ग्रह गर्न मात्र नभएर सरकारको नीति, नियम एवं कानून निर्माण कार्यमा समेत जनताको इच्छा अभिव्यक्त हुनुपर्ने मान्यता रहिआएको छ। तसर्थ, यस्तो अवस्थामा पनि नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको प्रत्याभूति गर्न आवश्यक ठानिन्छ भन्ने उल्लेख गरेको पाइन्छ।

अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत व्यक्तिले आफूलाई लागेको विचार व्यक्त गर्न पाउनुपर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्वाधरूपमा उपलब्ध पनि हुनुपर्दछ। व्यक्तिलाई मन लागेको कुरा व्यक्त गर्ने कुरा अन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। आफ्नो चयन वा रोजाइ व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रिया गरिन्छ भने सो स्वीकार वा इन्कार गर्ने अधिकार पनि व्यक्तिको हुन्छ। यही विचार अभिव्यक्तिको सार्वभौम मान्यताभित्र प्रजातन्त्रको पनि गुणस्तर र औचित्य अनुप्राणित भइरहेको हुने भन्ने सम्मानित सर्वोच्च अदालतको नजिरमा उल्लेख गरेको पाइन्छ।

यसै सन्दर्भमा राजनीतिक दलले उठाएका उम्मेदवारलाई छनोट गर्न पाउने अधिकार (Right to Select) नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार (Right to Reject) पनि त्यसमा निहित हुने भन्ने उल्लेख गरेको पाइन्छ।

प्रेमचन्द्र राई विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (०७३-WO-११४९) को आदेशमा समेत सर्वोच्च अदालतले मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवम् प्रजातान्त्रिक अधिकार हो भन्ने व्याख्या गरेको पाइन्छ।

नागरिक तथा राजनीतिक स्वतन्त्रताको सुनिश्चितता मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ (UDHR) को धारा १९, २० र २१ ले गरेको छ। धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार प्रदान गर्दछ भने धारा २० ले शान्तिपूर्ण सभा तथा सङ्गठनको स्वतन्त्रताको प्रत्याभूति गरेको छ। साथै, कुनै पनि व्यक्तिलाई कुनै सङ्गठनमा आबद्ध हुन वा नहुन बाध्य पार्न नहुने व्यवस्था गरिएको छ। धारा २१ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा निर्वाचित प्रतिनिधिमार्फत शासन प्रक्रियामा सहभागी हुने तथा स्वतन्त्र, निष्पक्ष र आवधिक निर्वाचनमार्फत आफ्नो राजनीतिक इच्छा अभिव्यक्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR) को धारा २५ ले प्रत्येक नागरिकलाई कुनै पनि प्रकारको भेदभाव वा अनुचित प्रतिबन्धविना प्रत्यक्ष वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने, मतदान गर्ने तथा निर्वाचित हुने अधिकार सुनिश्चित गरेको छ। उक्त व्यवस्थाले सर्वव्यापी र समान मताधिकार, गोप्य मतदान तथा मतदाताको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वतन्त्र, निष्पक्ष र आवधिक निर्वाचनको व्यवस्था गर्दछ। साथै, संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिको सामान्य टिप्पणी नं.२५ ले धारा २५ को व्याख्या गर्दै मतदान र निर्वाचनमा उम्मेदवारी दिने अधिकार लोकतान्त्रिक शासन व्यवस्थाको आधारभूत तत्व भएको, राज्यले नागरिकहरूलाई प्रभावकारी रूपमा मतदान तथा सार्वजनिक मामिलामा सहभागिताको अवसर सुनिश्चित गर्नुपर्ने, तथा निर्वाचन प्रक्रियामा कुनै पनि प्रकारको अनुचित, विभेदपूर्ण वा अवाञ्छित अवरोध सिर्जना गर्न नहुने स्पष्ट गरेको छ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ (CEDAW) का धारा २, ३ र ४

ले महिलामाथि हुने सबै प्रकारका भेदभावको अन्त्य गरी उनीहरूलाई पुरुषसरह कानूनी संरक्षण, मानव अधिकार तथा मौलिक स्वतन्त्रताको समान उपभोगको सुनिश्चितता गर्न राज्यलाई दायित्वबद्ध बनाएको छ। विशेषतः धारा ४ ले वास्तविक समानता कायम गर्न temporary special measures वा सकारात्मक विभेदका व्यवस्थाहरू अवलम्बन गर्न सकिने मान्यता दिएको छ। निर्वाचन तथा राजनीतिक सहभागिताको सन्दर्भमा यी व्यवस्थाहरूले महिलाको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न उम्मेदवारी, निर्वाचित निकायमा प्रतिनिधित्व तथा निर्णय प्रक्रियामा सहभागीता अभिवृद्धि गर्ने विशेष कानूनी उपायहरू अवलम्बन गर्न राज्यलाई अधिकार र दायित्व दुवै प्रदान गर्दछन्। यसरी निर्वाचन प्रणालीमा महिलाको सार्थक र समान सहभागीता सुनिश्चित गरी समावेशी तथा समतामूलक लोकतान्त्रिक शासन व्यवस्थाको प्रवर्द्धन गर्ने आधार प्रदान गरेको छ।

जातीय भेदभावविरुद्धको महासन्धि, १९६५ (ICERD) को धारा २ ले पक्ष राष्ट्रहरूलाई जातीय तथा सामाजिक रूपमा पछाडि परेका समूहहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताको समान उपभोग सुनिश्चित गर्न आवश्यक विशेष तथा सकारात्मक उपायहरू अवलम्बन गर्न दायित्वबद्ध बनाएको छ। यसैको निरन्तरतामा धारा ५ ले कानूनसमक्ष समानता तथा निर्वाचनमा मतदान गर्ने, उम्मेदवार बन्ने र सार्वजनिक जीवनमा सहभागी हुने अधिकारको प्रत्याभूति गरेको छ। यसले समावेशी प्रतिनिधित्व र निर्वाचन प्रक्रियामा समान अवसरको अन्तर्राष्ट्रिय आधार प्रदान गर्दछ।

त्यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ (CRPD) को धारा २९ ले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य नागरिकसरह मतदान गर्ने, निर्वाचित हुने तथा प्रत्यक्ष वा निर्वाचित प्रतिनिधिमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी र पूर्ण रूपमा सहभागी हुने अधिकार सुनिश्चित गरेको छ। साथै, राज्यले निर्वाचन प्रक्रिया, मतदान केन्द्र तथा निर्वाचनसम्बन्धी सूचनाहरूलाई पहुँचयोग्य बनाई सार्थक राजनीतिक सहभागीता सुनिश्चित गर्नुपर्ने दायित्व पनि निर्धारण गरेको छ।

निर्वाचनमा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको अवस्थासम्बन्धी तथ्यहरूले अधिकांश मतदाताले स्वतन्त्र र भयरहित वातावरणमा मतदान गर्न पाएको देखाए पनि गोप्य मतदान पूर्ण सुनिश्चित हुन नसकेको, सहयोगी मतदानको दुरुपयोग भएको तथा मतदाता नामावलीमा त्रुटिका कारण योग्य नागरिक मतदानबाट वञ्चित भएको एकाद घटनाले संविधानको धारा १७, ICCPR को धारा २५ तथा सर्वोच्च अदालतद्वारा प्रतिपादित मतदान अधिकारसम्बन्धी सिद्धान्तहरूको पूर्ण कार्यान्वयन हुन नसकेको देखाउँछ। मतदाता नामावलीको त्रुटिका कारण मतदानबाट वञ्चित हुनु राजनीतिक सहभागिताको संवैधानिक अधिकारमा प्रत्यक्ष असर पार्ने विषय हो। त्यसैगरी सामाजिक सञ्जालमार्फत घृणात्मक वा अपमानजनक अभिव्यक्तिको प्रयोगले अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग भई लोकतान्त्रिक बहसको स्वस्थ वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिन्छ। "नो भोट" अभियान तथा मतदानमा नागरिकको कम सहभागिताले नागरिक असन्तुष्टिको लोकतान्त्रिक अभिव्यक्ति देखाएको भए पनि मतपत्रमा उम्मेदवार अस्वीकार गर्ने विकल्पको अभावमा सर्वोच्च अदालतले मान्यता दिएको "Right to Reject" को प्रभावकारी कार्यान्वयनसँग मेल नखाएको पनि प्रष्ट हुन्छ।

मतदान पहुँचयुक्तता सम्बन्धी तथ्यहरूले दुर्गम क्षेत्रका नागरिकहरूलाई मतदान केन्द्रसम्म पुग्न अत्यधिक समय लाग्ने अवस्था रहेको देखाउँछन्। डोल्पा, हुम्ला, सोलुखुम्बु तथा खोटाङका उदाहरणहरूले मतदानको अवसरमा भौगोलिक असमानता विद्यमान रहेको पुष्टि गर्छन्। संविधानको धारा १७, धारा ४२, ICCPR को धारा २५ तथा सर्वोच्च अदालतको व्याख्याअनुसार मतदानको अधिकार अन्तर्गत पहुँचयुक्तताको सुनिश्चितता पनि समावेश

हुन्छ। त्यसैले अत्यधिक दूरीका कारण मतदान केन्द्रमा पुग्न व्यवहारिक अवरोध उत्पन्न हुनु राज्यको सकारात्मक दायित्व पूर्ण रूपमा निर्वाह नभएको अवस्थाका रूपमा विश्लेषण गर्न सकिन्छ। त्यसैगरी वृद्धाश्रममा बसोबास गर्ने तथा नागरिकता र जन्मदर्ता नभएका व्यक्तिहरू मतदानबाट वञ्चित हुनु संविधानले प्रत्याभूत गरेको समान राजनीतिक अधिकार र सामाजिक न्यायको हक अनुकूल नहुने देखिन्छ।

शान्तिपूर्ण भेला, सभा तथा राजनीतिक गतिविधिको स्वतन्त्रतासम्बन्धी तथ्यहरूले अधिकांश स्थानमा राजनीतिक दलहरूले प्रचारप्रसार, सभा तथा जनसम्पर्क कार्यक्रमहरू निर्बाध रूपमा सञ्चालन गर्न सकेको देखाउँछन्। यसले संविधानको धारा १७(२)(ख), UDHR को धारा २० तथा ICCPR को धारा २१ अन्तर्गत प्रत्याभूत शान्तिपूर्ण भेला हुने अधिकार समग्र रूपमा सम्मान गरिएको देखाउँछ। यद्यपि, डोल्पा जिल्लामा भौगोलिक तथा मौसमी कठिनाइका कारण उम्मेदवारहरू केही क्षेत्रमा प्रचारप्रसार गर्न पुग्न नसक्नुले निर्वाचन प्रक्रियामा समान प्रतिस्पर्धाको अवसरलाई प्रभावित गरेको देखिन्छ।

स्वतन्त्र आवतजावतको अधिकारका सन्दर्भमा मतदाताहरूलाई मतदान केन्द्रसम्म पुग्न प्रत्यक्ष अवरोध सिर्जना गरिएको नदेखिए पनि सवारी साधन सञ्चालनमा लगाइएका प्रतिबन्धका कारण ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त नागरिकहरूलाई मतदानमा सहभागी हुन कठिनाइ भएको देखिन्छ। धारा ४१ अन्तर्गत ज्येष्ठ नागरिकको विशेष संरक्षणको हकलाई दृष्टिगत गर्दा यस्ता समूहको विशेष अवस्थालाई ध्यानमा राख्दै सहजीकरणको व्यवस्था नगर्नु राज्यको सकारात्मक दायित्वसँग पूर्णतः मेल खाएको देखिँदैन।

शान्ति सुरक्षाको अवस्थाका सम्बन्धमा अधिकांश मतदान केन्द्रमा सुरक्षा अवस्था सन्तोषजनक रहेपनि शङ्कास्पद वस्तु, विस्फोटक पदार्थ फेला पर्नु, सो कारण स्थानीय तनाव, मतदानमा अवरोध हुनु र निर्वाचनमा खटिएका कर्मचारीमाथि दुर्व्यवहारका घटनाहरूले निर्वाचनको सुरक्षा व्यवस्थापनमा केही संरचनात्मक कमजोरी रहेको देखाउँछन्। स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने राज्यको दायित्व अन्तर्गत मतदाता, उम्मेदवार, निर्वाचन कर्मचारी तथा सुरक्षाकर्मीको सुरक्षा सुनिश्चित गर्नु अनिवार्य हुन्छ।

मतदाता शिक्षा तथा सूचनाको अधिकारको सन्दर्भमा निर्वाचन आयोगद्वारा सञ्चालन गरिएका कार्यक्रमहरू पर्याप्त प्रभावकारी हुन नसकेको देखिन्छ। मतदाता शिक्षाको अभावका कारण बदर मतको सङ्ख्या उच्च रहनु, मतदान प्रक्रियाबारे अन्योल रहनु तथा सहयोगी मतदानको दुरुपयोग हुनु स्वतन्त्र तथा सूचित मतदानको सिद्धान्तसँग सम्बन्धित विषय हो। लोकतान्त्रिक निर्वाचनको गुणस्तर केवल मतदानको अवसरमा मात्र नभई मतदाताले सुसूचित हुँदै निर्णय गर्न सक्ने क्षमतामा पनि निर्भर रहने भएकाले मतदाता शिक्षा अपर्याप्त हुनु निर्वाचनको गुणस्तरमा प्रतिकूल प्रभाव पार्ने कारक तत्त्वको रुपमा देखिन्छ।

निर्वाचन आचारसंहिताको पालनासम्बन्धी तथ्यहरूले मतदातालाई प्रभावित गर्ने प्रयास, मौन अवधिमा प्रचारप्रसार, निर्वाचन कर्मचारीमाथि दबाब, दोहोरो मतदान तथा स्वयंसेवकद्वारा मतदान गरिदिने जस्ता घटनाहरू निर्वाचनको निष्पक्षता र विश्वसनीयताका लागि गम्भीर चुनौतीका रूपमा देखाएका छन्। यस्ता कार्यहरूले संविधानद्वारा संरक्षित स्वतन्त्र मतदानको अधिकार तथा गोप्य मतदानको सिद्धान्तलाई प्रत्यक्ष प्रभावित गरेका छन्।

निर्वाचन तथा राजनीतिक सहभागिताको सन्दर्भमा यी व्यवस्थाहरूले महिलाको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न विशेष कानूनी उपायहरू अवलम्बन गर्न राज्यलाई अधिकार र दायित्व दुवै प्रदान गर्दछन्। नेपालको संविधानको धारा १८ ले समानताको हक, धारा ३८(४) ले राज्यका सबै निकायमा महिलाको समानुपातिक

समावेशी सहभागिताको हक, धारा ४२ ले सामाजिक न्यायको हक तथा धारा ८४(८) ले संघीय संसदमा प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्यमध्ये कम्तीमा एकतिहाइ (३३ प्रतिशत) महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ। तदनुरूप, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ ले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत बन्दसूची तयार गर्दा समावेशी सिद्धान्तअनुसार महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेको छ भने राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले राजनीतिक दलको केन्द्रीय समितिसहित विभिन्न संरचनामा कम्तीमा एकतिहाइ महिला सहभागीता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी CEDAW, नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानूनी व्यवस्थाहरूले निर्वाचन प्रणालीमा महिलाको सार्थक, समान र प्रभावकारी सहभागिताका लागि स्पष्ट संवैधानिक तथा कानूनी आधार प्रदान गर्दै समावेशी तथा समतामूलक लोकतान्त्रिक शासन व्यवस्थाको प्रवर्द्धन गर्ने आधार प्रदान गरेका छन्।

समावेशिता तथा सहभागिताको दृष्टिकोणबाट निर्वाचन प्रक्रियामा कुनै समुदायलाई औपचारिक/प्रत्यक्ष रूपमा मतदानबाट वञ्चित नगरेको भएतापनि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दृष्टिविहीन, गर्भवती तथा सुत्केरी महिलाका लागि पर्याप्त सुविधा र पहुँच सुनिश्चित गर्न नसकिएको देखिन्छ। संविधानका धारा ३८, ४०, ४२, CEDAW, ICERD तथा CRPD अन्तर्गत राज्यले केवल समान व्यवहार मात्र होइन, आवश्यक परे विशेष व्यवस्था (reasonable accommodation तथा affirmative measures) समेत गर्नुपर्ने दायित्व राख्छ। त्यसैले पहुँचयुक्त मतदान केन्द्र, सहायक सामग्री, विश्रामस्थल तथा विशेष सहयोगको अभावमा समावेशी निर्वाचनको संवैधानिक अवधारणासँग पूर्णतः मेल नखाएको अवस्था देखिन्छ।

निर्वाचनमा बालबालिकाको प्रयोगसम्बन्धी तथ्यहरूले राजनीतिक दलहरूले प्रचारप्रसार तथा जुलुसमा बालबालिकाको प्रयोग गरेको देखिएको छ। यस्तो अभ्यास संविधानको धारा ३९, बाल अधिकारसम्बन्धी महासन्धि तथा निर्वाचन आचारसंहिताको प्रतिकूल रहेको स्पष्ट छ। बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्नु उनीहरूको सर्वोत्तम हितको सिद्धान्त तथा स्वतन्त्र विकासको अधिकारसँग सुसंगत हुदैंन।

आप्रवासी कामदारको मताधिकार सुनिश्चितताको लागि सम्मानित सर्वोच्च अदालतको आदेश (रिट नं. ०७३-WO-११४९, आदेश मिति २०७४/१२/२) समेत रहेको हुँदा सो बमोजिम बमोजिम आप्रवासी कामदारहरूको मताधिकार सुनिश्चित गर्ने तर्फ कानूनी र संरचनात्मक व्यवस्था आवश्यक रहको देखिन्छ।

समग्र रूपमा हेर्दा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लोकतान्त्रिक प्रक्रियाको निरन्तरताका दृष्टिले महत्त्वपूर्ण उपलब्धि भए पनि मतदानको अवसरमा समान पहुँच, गोप्य मतदानको सुनिश्चितता, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय सहित विशेष वर्गका नागरिकहरूको प्रतिनिधित्व र सहभागिता, निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन, बालअधिकार संरक्षण, मतदाता शिक्षा लगायतमा राज्यका सकारात्मक दायित्वहरूको पूर्ण कार्यान्वयनका क्षेत्रमा उल्लेखनीय सुधार आवश्यक रहेको देखिन्छ। संविधान, सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले अपेक्षा गरेको समावेशी, पहुँचयुक्त, मानवअधिकारमैत्री र पूर्ण रूपमा प्रतिनिधिमूलक निर्वाचन प्रणाली स्थापना गर्न कानूनी, नीतिगत तथा संस्थागत सुधार अपरिहार्य देखिन्छ।

परिच्छेद ७

# सुझाव तथा सिफारिसहरू

## ७.१ सुझाव तथा सिफारिसहरू

### (क) नेपाल सरकारलाई

१. निर्वाचन प्रचार-प्रसारका क्रममा निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन तथा नियमन प्रणालीलाई सुदृढ गर्न, गराउन।

२. निर्वाचन प्रचार-प्रसारका क्रममा सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट फैलिन सक्ने गलत सूचना, घृणास्पद अभिव्यक्ति तथा दुष्प्रचारलाई नियन्त्रण गर्न स्पष्ट कानुनी व्यवस्था गरी सम्बन्धित निकायहरूबाट प्रभावकारी अनुगमन तथा नियमन प्रणाली विकास गर्न, गराउन।

३. वृद्धाश्रमका जेष्ठ नागरिकलाई सहज रुपमा मतदाता नामावलीमा नाम दर्ता गर्न तथा मतदानको उचित व्यवस्था मिलाउन।

४. हिमाली क्षेत्रमा हिउँ पर्ने समयमा मतदान गराउँदा आवतजावतमा समस्या देखिएको हुँदा निर्वाचनको मिति तोक्दा यस विषयमा ध्यान दिन।

५. राष्ट्रिय मानव अधिकार आयोगबाट विद्यालय, अस्पताल लगायत अत्यावश्यक सेवा प्रवाह हुने स्थानमा मतदानस्थल नबनाई अन्य विकल्प खोज्न पटक पटक सिफारिस भइसक्दा पनि निर्वाचनका कारण विद्यालयको पठनपाठन बन्द हुने, अस्पतालका सेवाहरू समेत प्रभावित भएको देखिएकोले आगामी निर्वाचनमा अति आवश्यक सेवाहरू, विद्यालयको पठन पाठन र अस्पतालको सेवा लगायत बन्द नहुने विषय सुनिश्चितता हुनु पर्ने।

६. मतदानस्थल निर्धारण गर्दा पँहुचयोग्य स्थान छनोट गर्न वा साविकका सबै मतदान केन्द्रहरूलाई समयमै पँहुचयोग्य बनाउन।

७. मतदाता शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन आयोगसँग आवश्यक समन्वय गरी व्यवस्थापन गर्नुपर्ने।

८. विदेशमा रहेका नागरिकहरू तथा आप्रवासी कामदारहरूको मताधिकार सुनिश्चित गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था मिलाउन।

९. राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई समान अवसर दिनेतर्फ राजनीतिक दलहरूलाई जिम्मेवार बनाउनुपर्ने।

१०. निर्वाचनका विषयमा सर्वोच्च अदालतले दिएको निर्देशनात्मक आदेशहरू कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा गर्न।

११. विद्युतीय मतदान मेशिन (electronic voting machine) मार्फत मतदानको व्यवस्था सुनिश्चित गर्न।

## (ख) निर्वाचन आयोगलाई

१. ग्रामीण तथा दुर्गम स्थलहरूमा मतदाता शिक्षा पर्याप्त र प्रभावकारी नभएकोले निर्वाचन घोषणा भएको मितिदेखि मतदाता शिक्षा निरन्तर र मतदाता नामावली अद्यावधिक गराउने क्रममा समेत नियमित सञ्चालन गर्ने व्यवस्था मिलाउन ।

२. प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी दर्तामा लिङ्गको आधारमा उम्मेदवारको परिचय प्राप्त गर्न सकिने भएपनि अपाङ्गता भएका व्यक्ति समेतको खण्डीकृत जानकारी हुने स्पष्ट व्यवस्था नहुँदा त्यस सम्बन्धी व्यवस्था गर्न ।

३. शारीरिक तथा बौद्धिक अपाङ्गता भएका मतदाताका लागि मतदाता शिक्षा सामग्रीहरूको उत्पादन तथा वितरण व्यवस्था समयमै गर्न, गराउन ।

४. मतदान प्रक्रियामा सहज पहुचँ एवं छिटो छरितो निर्वाचन परिणामका लागि विद्युतीय मतदान प्रणालीको व्यवस्था मिलाउन ।

५. सभा, जुलुस तथा निर्वाचन प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोग गर्ने, गराउने दल तथा उम्मेदवारलाई उचित दण्ड गर्ने व्यवस्था आचारसंहितामा समावेश गर्न ।

६. दुगर्म स्थानहरूमा मतदाताहरूका घर ठेगानाबाट मतदान केन्द्रहरूको दूरी अत्यन्त टाढा भई धेरै मतदाताहरू मतदानको अधिकारबाट वञ्चित रहेको पाइएको हुँदा मतदाताहरूलाई सहज पहुँच हुने गरी मतदान केन्द्रहरू स्थापना गर्ने, गराउने व्यवस्था मिलाउन ।

७. अवाञ्छित घटनामा संलग्न व्यक्तिहरूमाथि कानूनी कारबाही गर्न ।

८. हुम्ला जिल्लामा एउटै व्यक्ति पटक पटक मतदानमा सहभागी भएको देखिएकोले त्यस्तो कार्यलाई निरुत्साहित गर्न ।

९. अपाङ्गता तथा असक्त भएका व्यक्तिहरूको वारेश मार्फत मतदान गर्ने सिलसिलामा अधिकांश ठाउँमा विवाद सृजना भएको पाइएकोले त्यसतर्फ विवादको अवस्था आउन नदिने बारे ध्यान दिन ।

१०. मतदानस्थलहरूको निर्धारण गर्दा विद्यालय, धार्मिकस्थल तथा स्वास्थ्य संस्थाहरूको विकल्प खोज्नुपर्ने ।

११. वृद्धाश्रम तथा कारागारमा रहेका व्यक्तिहरूको मतदाता नामावली संलग्न गराउन थप सक्रियता अपनाउन ।

१२. मतदानको दिनमा खटिने सबै कर्मचारीहरूलाई अस्थायी मतदान केन्द्रमा मतदानको अधिकार सुनिश्चित गर्न ।

१३. बालिग मतदाताहरूको रजिष्ट्रेशन कार्य निरन्तर गर्न, गराउन साथै रजिष्ट्रेसन सम्बन्धमा आवश्यक सूचना तथा सचेतनाका कार्य निरन्तर गर्न ।

१४. मतदानको दिन ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई मतदान केन्द्रसम्म सहज आवागमनको व्यवस्था मिलाउन ।

१५. निर्वाचनमा प्रयोग हुने स्वस्तिक चिन्हमा सेल्फ छाप प्रयोगको व्यवस्था गर्न ।

**(ग) राजनीतिक दल तथा उम्मेदवारहरूलाई**

१. निर्वाचन घोषणापत्रमा मानव अधिकारको स्थापित मान्यतालाई आत्मसात गरी सो अनुरूप कार्य गर्न, गराउन ।

२. बाल अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, राष्ट्रिय कानून, आचारसंहिताको पालना गर्दै बालबालिकालाई निर्वाचन तथा राजनीतिक गतिविधिमा प्रयोग नगर्न, नगराउन ।

३. मतदान केन्द्र तथा मतगणना केन्द्रमा खटाइएका प्रतिनिधिलाई समयमा उपस्थित हुन र त्यहाँ हुने कार्यविधिका सम्बन्धमा सुसूचित गर्न ।

४. निर्वाचनको घटनाहरूमा कानूनी प्रक्रिया अगाडी बढाउन प्रहरी प्रशासनलाई आवश्यक सहयोग गर्न ।

५. मतदाता र प्रतिनिधिलाई मतदाता शिक्षा बारे प्रशिक्षण दिन ।

६. भौतिक र डिजिटल माध्यम मार्फत निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न ।

७. निर्वाचन प्रचारप्रसारका क्रममा अभिव्यक्ति स्वतन्त्रताको नाममा भौतिक र डिजिटल माध्यममा गलत सूचना, घृणास्पद अभिव्यक्ति तथा दुष्प्रचार नगर्न साथै आफ्ना अभिव्यक्ति राख्दा शिष्ट र मर्यादित रुपमा राख्न ।

८. दुगर्म स्थानहरूमा मतदाताहरूका घर ठेगानाबाट मतदान केन्द्रहरूको दूरी अत्यन्त टाढा भई धेरै मतदाताहरू मतदानको अधिकारबाट वञ्चित रहेको पाइएको हुँदा मतदाताहरूलाई सहज पहुँच हुने गरी मतदान केन्द्रहरू छनौट गर्ने व्यवस्था मिलाउन ।

९. राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा संविधानको मर्म, भावना अनुसार महिला तथा विभिन्न वर्ग समुदायलाई समान अवसरको व्यवस्था मिलाउन ।

**(घ) अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा मानव अधिकारकर्मीहरूलाई**

१. निर्वाचनमा पर्यवेक्षकहरूलाई खटाउनुपूर्व अनिवार्य रूपमा तालिम र अभिमुखीकरण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिन ।

२. निर्वाचनको क्रममा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विषयहरूलाई सुक्ष्मतम् रूपमा अनुगमन गरी कानूनी कारवाही गर्न ।

३. मतदान आरम्भ र समाप्त हुने समय बढी संवेदनशील हुने हुँदा सो समयमा अनुगमनकर्ता साथै पर्यवेक्षकको उपस्थिति रहने व्यवस्था मिलाउन ।

४. सबै मतदानस्थलमा पर्यवेक्षक पुग्ने र संभव भएसम्म पर्यवेक्षण खाली नहुने गरी समयको व्यवस्थापन गर्न ।

५. निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न, गराउन ।

**(ङ) सञ्चार माध्यमलाई**

१. निर्वाचन प्रक्रियासम्बन्धी समाचार तथा सामग्री सम्प्रेषण गर्दा मानव अधिकारको दृष्टिकोणबाट सम्प्रेषण हुने विषयलाई निरन्तरता दिन ।

२. कुनै उम्मेदवार वा दल विशेषको पक्षपोषण हुने खालका सामग्री सम्प्रेषण नहुनेतर्फ सजग रहन ।

३. मतदातालाई निर्वाचनसम्बन्धी प्रक्रिया र गतिविधिबारे निष्पक्ष र प्रभावकारी ढङ्गले सूचना संप्रेषण गर्न ।

४. जातीय द्वेष, हिंसा र द्वन्द बढाउने खालका सामग्री प्रचारप्रसार नगर्न, नगराउन ।

# अनुसूचीहरू

## अनुसूची-१

## राष्ट्रिय मानव अधिकार आयोगबाट प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को अनुगमनमा खटिएका टोलीहरूको विवरण : ७५ जिल्लाको अनुगमन सम्पन्न

### १) उच्च स्तरीय अनुगमन टोलीको नामावली

| क्र.सं. | अनुगमन गरिएको स्थान /जिल्ला | पदाधिकारी/कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|
| १ | काठमाडौँ उपत्यका | माननीय तप बहादुर मगर, अध्यक्ष<br>सोमनाथ सुवेदी, उपसचिव<br>पवन भण्डारी, मानव अधिकार अधिकृत<br>बिनिता के.सी., कार्यालय सहयोगी | निर्वाचनको दिन<br>निर्वाचनको दिन |
| २ | काठमाडौँ उपत्यका | माननीय मनोज दुवाडी, सदस्य<br>दीपक जंगध्वज कार्की, पूर्व कर्मचारी<br>मोहनदेव जोशी, उपसचिव<br>प्रशान्त दाहाल, सूचना प्रविधि सहायक<br>रोजिना लुँइटेल, कार्यालय सहयोगी | निर्वाचनको दिन |
| ३ | सर्लाही<br>मकवानपुर<br>चितवन | माननीय डा. लीली थापा, सदस्य<br>गीता कुमारी दाहाल, उपसचिव<br>सृजाना श्रेष्ठ, मानव अधिकार अधिकृत<br>कृष्ण श्रेष्ठ, सुरक्षा गार्ड | निर्वाचन पूर्व/ निर्वाचनको दिन र निर्वाचन पश्चात |
| ४ | झापा<br>ताप्लेजुङ्ग<br>पाँचथर | मुरारि प्रसाद खरेल, सचिव<br>खिमानन्द बस्याल, मानव अधिकार अधिकृत<br>डेगराज भट्टराई, सहायक प्रथम | निर्वाचन पूर्व |
| ५ | काठमाडौँ<br>सिन्धुपाल्चोक<br>काभ्रेपलाञ्चोक | मुरारि प्रसाद खरेल, सचिव<br>डा. रेनु अधिकारी, पूर्व समाधिक्षक<br>अस्मित कुँइकेल, मानव अधिकार अधिकृत<br>गणेश अर्याल, पूर्व कर्मचारी | निर्वाचनको दिन |
| ६ | काठमाडौँ उपत्यका | यज्ञ प्रसाद अधिकारी, सहसचिव<br>रमेश रावत, मानव अधिकार अधिकृत<br>अस्मिता पोखरेल, सूचना प्रविधि सहायक<br>अजिता ढकाल, कार्यालय सहयोगी | निर्वाचनको दिन |
| ७ | काठमाडौँ उपत्यका | नवराज सापकोटा, सहसचिव<br>भिजिता दाहाल, मानव अधिकार अधिकृत<br>अञ्जली श्रेष्ठ, परियोजना अधिकृत (ECNHRC-2 Project)<br>राधा दाहाल, कार्यालय सहयोगी | निर्वाचनको दिन |

| क्र.सं. | अनुगमन गरिएको स्थान /जिल्ला | पदाधिकारी/कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|
| ८ | काठमाडौँ उपत्यका | गौरी प्रधान, पूर्व पदाधिकारी<br>सम्झना शर्मा, सहसचिव<br>मधु सुनाम, मानव अधिकार अधिकृत<br>प्रदिप सुवेदी, कार्यालय सहयोगी | निर्वाचनको दिन |
| ९ | काठमाडौँ उपत्यका | सुशिल प्याकुरेल, पूर्व पदाधिकारी<br>प्रकाश दत्त भट्ट, सहसचिव<br>हरि प्रसाद ज्ञवाली, उपसचिव<br>डिछेन डोल्कर पिया, इन्टर्न<br>प्रमोद राय, कार्यालय सहयोगी | निर्वाचनको दिन |
| १० | काठमाडौँ उपत्यका | सुदीप पाठक, पूर्व पदाधिकारी<br>लोकनाथ बास्तोला, उपसचिव<br>मणीराम थापा, मानव अधिकार अधिकृत<br>आस्था थारू, इन्टर्न<br>नारायण महर्जन, कार्यालय सहयोगी | निर्वाचनको दिन |

**ख) निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चातको अनुगमनमा खटिएका टोलीहरूको विवरण**

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| **१** | **कोशी प्रदेश** | झापा<br>मोरङ<br>सुनसरी | डिल्लीराम लम्साल, मानव अधिकार अधिकृत<br>तुलशा कार्की, मानव अधिकार अधिकृत | उम्मेदवार दर्ताको दिन |
| | | भोजपुर | हरि प्रसाद ज्ञवाली, उपसचिव<br>पवन भण्डारी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वकोअनुगमन |
| | | भोजपुर<br>धनकुटा | डिल्लीराम लम्साल, मानव अधिकार अधिकृत<br>भिमसेन थापा मगर, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | ताप्लेजुङ्ग<br>पाँचथर | कृष्ण नारायण श्रेष्ठ, लेखा अधिकृत<br>यमराज आङ्देम्बे, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | इलाम<br>झापा | वीर बहादुर बुढा मगर, सहसचिव<br>तुलशा कार्की, मानव अधिकार अधिकृत | निर्वाचनको दिन र पश्चात |
| | | झापा | बिन्दा अधिकारी, मानव अधिकार अधिकृत<br>डेगराज भट्टराई, मानव अधिकार अधिकृत | निर्वाचनको दिन |
| | | संखुवासभा<br>तेह्रथुम | मनमाया राना मगर, मानव अधिकार अधिकृत<br>सुमित्रा देवी राई, मानव अधिकार अधिकृत<br>सुमिना आचार्य, सूचना प्रविधि सहायक | निर्वाचन पूर्व र निर्वाचनको दिन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| | | उदयपुर<br>सुनसरी | चिरञ्जीवी कोइराला, मानव अधिकार अधिकृत<br>धनन्जय पटेल, मानव अधिकार अधिकृत<br>विष्णु पराजुली, सावरी चालक | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | मोरङ | कल्पना बस्याल, प्रशासकीय अधिकृत<br>दुर्गा पोखरेल, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | खोटाङ | रारा कर्मचार्य, लेखा अधिकृत<br>शारदा भण्डारी,  प्रशासकीय अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | खोटाङ | फडिन्द्र दनुवार, नायव सुब्बा<br>युवराज रिजाल, कार्यालय सहयोगी | उम्मेदवार दर्ताको दिन |
| | | ओखलढुङ्गा | मोहन काफ्ले, मानव अधिकार अधिकृत<br>दिपेश बस्नेत, मानव अधिकार अधिकृत<br>फडिन्द्र दनुवार, नायव सुब्बा | ओखलढुंगा जिल्लाको चिशंखुगढी गा.पा. वडा नं.६ भदौरे गाउँ स्थित (No vote) सम्बन्धी विषयलाई अनुगमन |
| | | ओखलढुंगा<br>सोलुखुम्बु | मोहन काफ्ले, मानव अधिकार अधिकृत<br>दिपेश बस्नेत, मानव अधिकार अधिकृत<br>फडिन्द्र दनुवार, नायव सुब्बा<br>युवराज रिजाल, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| २ | **मधेश प्रदेश** | धनुषा<br>महोत्तरी | जीवन न्यौपाने, उपसचिव<br>राहुल ठाकुर, मानव अधिकार अधिकृत<br>राय अभिषेक रंजन, मानव अधिकार अधिकृत<br>ऋषि कुमार झा, सूचना प्रविधि सहायक | उम्मेदवार दर्ताको दिन |
| | | सिरहा | जीवन न्यौपाने, उपसचिव<br>राहुल ठाकुर, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वकोअनुगमन |
| | | वारा<br>पर्सा | नवराज सापकोटा, सहसचिव<br>इन्द्रजीत सहनी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वकोअनुगमन |
| | | सप्तरी<br>सिराहा | कुमारी शरणा उराँव, मानव अधिकार अधिकृत<br>रेखा दत्त, मानव अधिकार अधिकृत<br>टंक कुमारी पुलामी मगर, नायब सुब्बा | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | धनुषा<br>महोत्तरी | बुद्ध नारायण साहनी, सहसचिव<br>जीवन न्यौपाने, उपसचिव<br>बिजया उप्रेती, लेखा अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | सर्लाही<br>रौतहट | किरण घिमिरे, मानव अधिकार अधिकृत<br>ईन्द्रजित सहनी, मानव अधिकार अधिकृत<br>राय अभिषेक रंजन, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | बारा<br>पर्सा | राहुल कुमार ठाकुर, मानव अधिकार अधिकृत<br>ऋषि कुमार झा, सूचना प्रविधि सहायक | निर्वाचन पूर्व र निर्वाचनको दिन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| ३ | बागमती प्रदेश | मकवानपुर | जायश्वर चापागाई, मानव अधिकार अधिकृत<br>कृष्ण प्रसाद मिश्र, मानव अधिकार अधिकृत | उम्मेदवार दर्ताको दिन |
| | | दोलखा<br>काभ्रेपलाञ्चोक<br>सिन्धुपाल्चोक | चन्द्रकान्त चापागाईं, उपसचिव<br>जितेन्द्र कार्की, लेखा अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | चितवन<br>मकवानपुर<br>सिन्धुली | जायश्वर चापागाई, मानव अधिकार अधिकृत<br>नवल किशोर सिंह, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | काभ्रेपलाञ्चोक<br>सिन्धुपाल्चोक | माननीय सदस्य श्री मनोज दुवाडी<br>दीपक जंग ध्वज कार्की, पूर्व कर्मचारी<br>यादव पौडेल, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | नुवाकोट<br>रसुवा | लोकनाथ बास्तोला, उपसचिव<br>किरण कुमार बराम, मानव अधिकार अधिकृत<br>देवराज परियार, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | रामेछाप | गणेशराज जोशी, मानव अधिकार अधिकृत<br>अस्मित कुइकेल, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | धादिङ<br>चितवन | डा. टिकाराम पोख्रेल, सहसचिव<br>मञ्जु खतिवडा, उपसचिव<br>बिन्दा अधिकारी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | मकवानपुर<br>चितवन | चन्द्रकान्त चापागाईं, उपसचिव<br>पवित्रा भण्डारी, मानव अधिकार अधिकृत<br>कृष्ण श्रेष्ठ, सुरक्षा गार्ड | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | रसुवा<br>नुवाकोट | रेखा बास्तोला, मानव अधिकार अधिकृत<br>अम्बिका घिमिरे, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | दोलखा<br>सिन्धुपाल्चोक | जितेन्द्र कार्की, लेखा अधिकृत<br>कृष्ण मिश्र, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | सिन्धुली<br>रामेछाप | जायश्वर चापागाईं, मानव अधिकार अधिकृत<br>नवलकिशोर सिंह, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | धादिङ | नारायण बस्नेत, उपसचिव<br>सम्झना धिमाल, प्रशासकीय अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| ४ | **गण्डकी प्रदेश** | कास्की | नीतु गर्तौला, सहसचिव<br>कृष्ण प्रसाद अधिकारी, मानव अधिकार अधिकृत<br>महेश गौतम, सूचना प्रविधि सहायक | उम्मेदवार दर्ताको दिन |
| | | गोरखा<br>नवलपरासी ब.सू. पूर्व | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत<br>कृष्णप्रसाद अधिकारी, मानव अधिकार अधिकृत<br>कुमार तामाङ, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | तनहुँ | रेगम महर्जन, उपसचिव<br>टंक प्रसाद खनाल, मानव अधिकार अधिकृत<br>मुकेश घिमिरे, सहायक प्रथम<br>हरि तामाङ, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | स्याङ्जा | रेगम महर्जन, उपसचिव<br>खिमलाल सुवेदी, मानव अधिकार अधिकृत<br>मुकेश घिमिरे, सहायक प्रथम<br>हरि तामाङ, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | पर्वत | रेगम महर्जन, उपसचिव<br>खिमलाल सुवेदी, मानव अधिकार अधिकृत<br>कृष्ण प्रसाद अधिकारी, मानव अधिकार अधिकृत<br>हरि तामाङ, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | म्याग्दी<br>बागलुङ | रेगम महर्जन, उपसचिव<br>खिमलाल सुवेदी, मानव अधिकार अधिकृत<br>हरि तामाङ, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | लमजुङ<br>तनहुँ | सम्झना शर्मा, सहसचिव<br>मधु सुनाम, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | कास्की | नीतु गर्तौला, सहसचिव<br>देवु खवास, कार्यालय सहयोगी<br>कुमार तामाङ, सवारी चालक<br>गौतम रणपाल, सुरक्षा गार्ड | निर्वाचन पूर्व/दिन र पश्चातको अनुगमन |
| | | स्याङ्जा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत<br>कृष्ण प्रसाद अधिकारी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | तनहुँ<br>गोरखा | मुक्तिराम सुवेदी, लेखा अधिकृत<br>मुकेश घिमिरे, नायव सुब्बा | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | बागलुङ<br>पर्वत | रेगम महर्जन, उपसचिव<br>खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | म्याग्दी | महिमा चौधरी, मानव अधिकार अधिकृत<br>निर्मला बोगटी, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | लमजुङ | कुमारी महरा, मानव अधिकार अधिकृत<br>लक्ष्मी पौडेल, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| ५ | **लुम्बिनी प्रदेश** | नवलपरासी (बर्दघाट सुस्तापूर्व) | सन्तोष आचार्य, सहसचिव<br>टिकाराम पन्थी, कार्यालय सहयोगी<br>राजेश सरदार, सवारी चालक | उम्मेदवार दर्ताको दिन |
| | | रूपन्देही कपिलबस्तु | अजित कुमार ठाकुर, मानव अधिकार अधिकृत<br>सागर पोखरेल, लेखा अधिकृत<br>घनश्याम थारू, सवारी चालक | उम्मेदवार दर्ताको दिन |
| | | पाल्पा | आशिष श्रेष्ठ, मानव अधिकार अधिकृत | उम्मेदवार दर्ताको दिन |
| | | अर्घाखाँची | अर्जुन खनाल, सूचना प्रविधि सहायक | उम्मेदवार दर्ताको दिन |
| | | रूपन्देही कपिलवस्तु | सन्तोष आचार्य, सहसचिव<br>अजित कुमार ठाकुर, मानव अधिकार अधिकृत<br>घनश्याम थारू सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | नवलपरासी (वर्दघाट सुस्तपूर्व) पाल्पा | आशिष श्रेष्ठ, मानव अधिकार अधिकृत<br>अर्जुन खनाल, सूचना प्रविधि सहायक<br>राजेश सरदार, सवारी चालक | निर्वाचन पूर्वको अनुगमन |
| | | गुल्मी अर्घाखाँची | मोहनदेव जोशी, उपसचिव<br>रमेश रावत, मानव अधिकार अधिकृत<br>सुलोचन चौधरी, सूचना प्रविधि अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | नवलपरासी बर्दघाट सूस्ता पूर्व (नवलपरासी बर्दघाट सुस्ता पश्चिम) | दीपक ठाकुर, मानव अधिकार अधिकृत<br>राजनाराण कोहार, नायब सुब्बा<br>सम्झना दमिनी, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | रूपन्देही कपिलबस्तु | सन्तोष आचार्य, सहसचिव<br>अजित कुमार ठाकुर, मानव अधिकार अधिकृत<br>सागर पोखरेल, लेखा अधिकृत<br>टिकाराम पन्थी, कार्यालय सहयोगी<br>घनश्याम चौधरी, सावरी चालक | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | अर्घाखाँची गुल्मी पाल्पा | आशिष श्रेष्ठ, मानव अधिकार अधिकृत<br>अर्जुन खनाल, सहायक प्रथम<br>राजेश सरदार, सवारी चालक | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | बाँके बर्दिया दाङ | द्वारिका कुमारी अधिकारी, मानव अधिकार अधिकृत<br>उपमा फुयाल, मानव अधिकार अधिकृत<br>नरेन्द्र महतो, सहायक प्रथम<br>सन्तोष चन्द, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| | | रोल्पा<br>प्यूठान | धनराज शाही, मानव अधिकार अधिकृत<br>दयाराम पाठक, मानव अधिकार अधिकृत<br>जिबछ कुमार दास, सूचना प्रविधि सहायक<br>टिकाराम अधिकारी, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | रूकुम पूर्व | बिपुल गौतम, मानव अधिकार अधिकृत<br>सपना सिंह, मानव अधिकार अधिकृत<br>माया गैरे, सहायक प्रथम | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | बाँके<br>बर्दिया | द्वारिका कुमारी अधिकारी, मानव अधिकार अधिकृत<br>दयाराम पाठक, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| ६ | **कर्णाली प्रदेश** | सुर्खेत | मान बहादुर कार्की, मानव अधिकार अधिकृत<br>राम प्रसाद उपाध्याय, मानव अधिकार अधिकृत | उम्मेदवार दर्ताको दिन |
| | | सुर्खेत<br>दैलेख | रमेश कुमार थापा, उपसचिव<br>राजेन्द्र न्यौपाने, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | सुर्खेत<br>सल्यान | रमेश कुमार थापा, उपसचिव<br>वलसिंह सुनार, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | कालिकोट<br>दैलेख | राजेन्द्र प्रसाद न्यौपाने, मानव अधिकार अधिकृत<br>राम प्रसाद उपाध्याय, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | जाजरकोट<br>रूकुम पश्चिम | मान बहादुर कार्की, मानव अधिकार अधिकृत<br>नरेन्द्र खत्री, मानव अधिकार अधिकृत<br>विराज गिरी, लेखापाल | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | हुम्ला | यसोदा बन्जाडे, मानव अधिकार अधिकृत<br>सुप्रिया गुप्ता, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | डोल्पा | श्यामबाबु काफ्ले, उपसचिव<br>दिपेन्द्र बहादुर सिंह, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | जुम्ला | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | जुम्ला<br>मुगु | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | जुम्ला | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | जुम्ला | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत<br>राज कुमार बि.क, सहायक प्रथम<br>कल्पना महतारा, सुरक्षा गार्ड | निर्वाचन पूर्वको अनुगमन |
| | | जुम्ला | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | जुम्ला<br>मुगु | कल्पना नेपाल आचार्य, मानव अधिकार अधिकृत<br>राज कुमार विक, सहायक प्रथम<br>कल्पना महतारा, सुरक्षा गार्ड | निर्वाचनको दिन र पश्चातको अनुगमन |

| क्र.स. | प्रदेश | जिल्ला | खटिने कर्मचारीको नाम | अनुगमन अवधि |
|---|---|---|---|---|
| ७ | **सुदूरपश्चिम प्रदेश** | कञ्चनपुर<br>कैलाली | झंकरबहादुर रावल, पूर्व कर्मचारी<br>भूपेन्द्र बहादुर धामी, मानव अधिकार अधिकृत<br>दैवज्ञराज न्यौपाने, मानव अधिकार अधिकृत<br>भक्तिप्रसाद न्यौपाने, सवारी चालक<br>शंकर पाठक, सुरक्षा गार्ड | उम्मेदवार दर्ताको दिन र निर्वाचन पूर्वको अनुगमन |
| | | डडेल्धुरा<br>दार्चुला<br>बैतडी | बिदेशराम चौधरी, मानव अधिकार अधिकृत<br>दैबज्ञराज न्यौपान, मानव अधिकार अधिकृत | निर्वाचन पूर्वको अनुगमन |
| | | कैलाली<br>कञ्चनपुर | विदेश राम चौधरी, मानव अधिकार अधिकृत<br>सान्तवना राई, नायव सुब्बा<br>तिलु थापा, कार्यालय सहयोगी | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | डडेल्धुरा<br>डोटी | जयन्त थापा, मानव अधिकार अधिकृत<br>आशिष आचार्य, सहायक प्रथम<br>शंकर राज पाठक, सुरक्षा गार्ड | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | अछाम<br>बाजुरा | भूपेन्द्र बहादुर धामी, मानव अधिकार अधिकृत<br>दैवज्ञराज न्यौपाने, मानव अधिकार अधिकृत<br>जगल किशोर यादव, सूचना प्रविधि सहायक<br>नृप बहादुर शाही, सुरक्षा गार्ड | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | बझाङ | पवन कुमार भट्ट, उपसचिव<br>नेत्र गौतम, मानव अधिकार अधिकृत | निर्वाचन पूर्व र निर्वाचनको दिन |
| | | दार्चुला<br>बैतडी | मन्जु खतिवडा, उपसचिव<br>रेवा रेग्मी, मानव अधिकार अधिकृत<br>सुधा अधिकारी, नायब सुब्बा | निर्वाचन पूर्व र निर्वाचनको दिन |

**२) काठमाडौँ उपत्यकामा निर्वाचन पूर्व र पश्चात नियमित रुपमा गरिएको अनुगमनमा खटिने कर्मचारीहरूको विवरणः**

| क्र सं | अनुगमनमा खटिने कर्मचारी | पद | अनुगमनमा गएको स्थान |
|---|---|---|---|
| | | **मिति २०८२।११।१२** | |
| १ | तारादेवी वाग्ले | मानव अधिकार अधिकृत | काठमाडौँ उपत्यका |
| २ | पम्फादेवी मैनाली | मानव अधिकार अधिकृत | |
| ३ | अम्बिका घिमिरे | मानव अधिकार अधिकृत | |
| ४ | रेखा दत्त | मानव अधिकार अधिकृत | |
| ५ | महिमा चौधरी | मानव अधिकार अधिकृत | |
| ६ | सुधा अधिकारी | नायब सुब्बा | |
| | | **मिति २०८२।११।१३** | |
| १ | तारादेवी वाग्ले | मानव अधिकार अधिकृत | काठमाडौ र ललितपुर |
| २ | पम्फादेवी मैनाली | मानव अधिकार अधिकृत | |
| ३ | रेखा दत्त | मानव अधिकार अधिकृत | |
| ४ | महिमा चौधरी | मानव अधिकार अधिकृत | |
| ५ | सुधा अधिकारी | नायब सुब्बा | |
| | | **मिति २०८२।११।१४** | |
| १ | तारादेवी वाग्ले | मानव अधिकार अधिकृत | भक्तपुर |
| २ | अम्बिका घिमिरे | मानव अधिकार अधिकृत | |
| ३ | पम्फादेवी मैनाली | मानव अधिकार अधिकृत | |
| ४ | रेखा दत्त | मानव अधिकार अधिकृत | |
| ५ | महिमा चौधरी | मानव अधिकार अधिकृत | |
| ६ | सुधा अधिकारी | नायब सुब्बा | |

| क्र सं | अनुगमनमा खटिने कर्मचारी | पद | अनुगमनमा गएको स्थान |
|---|---|---|---|
| **मिति २०८२।११।१५** | | | |
| १ | माया देवी शर्मा | उपसचिव | लेले, ललितपुर |
| २ | रेखा दत्त | मानव अधिकार अधिकृत | |
| ३ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | |
| ४ | रविना घिमिरे | मानव अधिकार अधिकृत | |
| **मिति २०८२।११।१६** | | | |
| १ | माया देवी शर्मा | उपसचिव | |
| २ | महिमा चौधरी | मानव अधिकार अधिकृत | काठमाण्डौं उपत्यका |
| ३ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | |
| **मिति २०८२।११।१७** | | | |
| १ | माया देवी शर्मा | उपसचिव | काठमाडौँ उपत्यका |
| २ | तारा वाग्ले | मानव अधिकार अधिकृत | |
| ३ | पम्फा मैनाली | मानव अधिकार अधिकृत | |
| ४ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | |
| ५ | रविना घिमिरे | मानव अधिकार अधिकृत | |
| **मिति २०८२।११।१८** | | | |
| १ | तारा वाग्ले | मानव अधिकार अधिकृत | काठमाडौँ उपत्यका |
| २ | पम्फा मैनाली | मानव अधिकार अधिकृत | |
| ३ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | |
| ४ | रविना घिमिरे | मानव अधिकार अधिकृत | |
| **मिति २०८२।११।१९** | | | |
| १ | मोहनदेव जोशी | उपसचिव | भक्तपुर |
| २ | गणेश जोशी | मानव अधिकार अधिकृत | |
| ३ | अस्मित कुँइकेल | मानव अधिकार अधिकृत | |

| क्र सं | अनुगमनमा खटिने कर्मचारी | पद | अनुगमनमा गएको स्थान |
|---|---|---|---|
| **मिति २०८२।११।२०** | | | |
| १ | खिमानन्द वस्याल | मानव अधिकार अधिकृत | काठमाण्डौ, ललितपुर |
| २ | तारा वाग्ले | मानव अधिकार अधिकृत | |
| ३ | पम्फा मैनाली | मानव अधिकार अधिकृत | |
| ३ | रविना घिमिरे | मानव अधिकार अधिकृत | |
| २ | डिछेन डोल्कर | इन्टर्न | |
| **मिति २०८२।११।२२** | | | |
| १ | सोमनाथ सुवेदी | उपसचिव | भक्तपुर, काठमाण्डौं |
| २ | अस्मित कुँइकेल | मानव अधिकार अधिकृत | |
| ३ | सुभेक्षा थापा | सहायक प्रथम | |
| **मिति २०८२।११।२२** | | | |
| १ | खिमानन्द वस्याल | मानव अधिकार अधिकृत | ललितपुर क्षेत्र नं. १,२,३ र काठमाण्डौं क्षेत्र नं. ४ |
| २ | रविना घिमिरे | मानव अधिकार अधिकृत | |
| ३ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | |
| **मिति २०८२।११।२२** | | | |
| १ | मधु सुनाम | मानव अधिकार अधिकृत | काठमाण्डौं क्षेत्र नं. ८,९,१० |
| २ | देवराज परियार | मानव अधिकार अधिकृत | |
| ३ | रोहण यादव | सहायक प्रथम | |
| ४ | डिछेन डोल्कर | इन्टर्न | |

## अनुसूची २

## निर्वाचन अनुगमनका लागि जारी रुजुसूचीहरू र मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमनमा पालना गर्नुपर्ने आंचारसहिंता, २०८२

राष्ट्रिय मानव अधिकार आयोगद्वारा निर्वाचन अनुगमनका लागि खटिने अनुगमनटोलीले अनुगमन गर्दा यी रुजुसूचिमा उल्लेख भएका मानव अधिकारका विषयहरूलाई प्राथमिकता दिई सूचना तथा जानकारी र तथ्यहरू सङ्कलन गर्ने उद्देश्यले तयार पारिएको मतदानपूर्व, मतदानको दिन र मतदानपश्चातको अनुगमनसम्बन्धी विस्तृत रुजुसूचीहरू (Checklists) र मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमन गर्दा अनुगमनमा खटिएका अनुगमनकर्ताहरूले पालना गर्नुपर्ने आचारसंहिता, २०८२ आयोगको वेबसाइट राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको **QR Code** स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ।

## अनुसूची ३

## निर्वाचनसँग सम्बन्धित फ्लाएर र ब्रोसरहरू

### (क) निर्वाचनसँग सम्बन्धित फ्लाएर

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को निर्वाचनसँग सम्बन्धित फ्लाएर आयोगको वेबसाइटमा राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको **QR Code** स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ।

### (ख) निर्वाचनमा बाल अधिकारको संरक्षण सम्बन्धमा तयार गरिएको फ्लायर

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय बाल अधिकार परिषद् र UNICEF को संयुक्त सहकार्यमा बाल अधिकारको संरक्षणका लागि निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात गर्न हुने र गर्न नहुने विषयहरू समेटिएको फ्लायर आयोगको वेबसाइट राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको **QR Code** स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ।

### (ग) निर्वाचन र मानव अधिकार सम्बन्धी संक्षिप्त जानकारी

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन प्रक्रियाका क्रममा मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने उद्देश्यले **"निर्वाचन र मानव अधिकार सम्बन्धी संक्षिप्त जानकारी"** शीर्षकको डिजिटल ब्रोसर तयार गरी आयोगको वेबसाइटमा राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको **QR Code** स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ।

## अनुसूची ४

## राष्ट्रिय मानव अधिकार आयोगको अनुरोध पत्र, २०८२

राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रतिनिधिसभा निर्वाचन २०८२ मानव अधिकारमैत्री, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण तथा समावेशी रुपमा सम्पन्न हुनको लागि मद्दत पुग्ने गरी अनुरोध पत्र तयार पारिएको थियो। अनुरोधपत्रमा मतदान गर्ने, उम्मेदवारी दिने, स्वतन्त्र रूपमा राजनीतिक गतिविधिमा सहभागी हुने, सूचनाको अधिकार लगायत विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सबै सरोकारवालालाई आग्रह गरिएको छ । महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अन्य सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागीता तथा समान प्रतिनिधित्व सुनिश्चित गर्न जोड दिइएको छ । साथै निर्वाचन आचारसंहिताको पालना, शान्तिपूर्ण प्रचारप्रसार, भेदभावरहित व्यवहार, स्वतन्त्र अनुगमन तथा सुरक्षित निर्वाचन वातावरण कायम गर्नुपर्ने उल्लेख गरिएको छ। हिंसा, धम्की, घृणात्मक अभिव्यक्ति, बालबालिकाको राजनीतिक प्रयोग, सार्वजनिक सम्पत्तिको दुरुपयोग, जबरजस्ती चन्दा सङ्कलन, मतदातामाथि दबाब तथा मानव अधिकार उल्लङ्घन हुने कुनै पनि गतिविधि नगर्न आग्रह गरिएको छ । उक्त अनुरोध पत्र आयोगको वेबसाइट राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको QR Code स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ।

## अनुसूची ५

## आयोगबाट जारी भएका प्रेस विज्ञप्तिहरू

**राष्ट्रिय मानव अधिकार आयोग**
**National Human Rights Commission of Nepal**
**केन्द्रीय कार्यालय (Central Office)**
**पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)**

### प्रेस विज्ञप्ति

२४ पुष २०८२

**घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आग्रह**

**आयोगले निर्वाचनको अनुगमन गर्ने**

मानव अधिकार तथा मौलिक हकको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै देशलाई समुन्नत बनाउने राज्यको दायित्व हो। यस दायित्वलाई कार्यान्वयन गर्न सरकार सञ्चालन गर्ने राजनीतिक दलको अहम् भूमिका हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने विषय पटकपटक स्मरण गराउँदै आएको छ।

आगामी २०८२ फागुन २१ का लागि प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले आसन्न निर्वाचनको अनुगमनको तयारी गरिरहेको छ। विगतका निर्वाचनहरुमा समेत आयोगले अनुगमन गरी नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, सञ्चारकर्मी, अनुगमनकर्ता र पर्यवेक्षकहरुलाई सुधार गर्नुपर्ने विषयमा विभिन्न सिफारिसहरु गर्दै आइरहेको छ ।

मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राजनीतिक दलको महात्वपूर्ण भूमिका हुने भएकाले आफ्ना घोषणापत्रहरुमा मानव अधिकारका विषय समेटी त्यसको कार्यान्वयको सुनिश्चितताका लागि प्रतिबद्धता जाहेर गर्दा मानव अधिकार संस्कृतिको निर्माण र बिकासमा योगदान पुग्नुका साथै देशको मानव अधिकारको अवस्थामा सुधार गर्न समेत मद्दत पुग्दछ। नेपालको संविधानले आत्मसात गरेको लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचन समेतको माध्यमबाट नागरिकको मानव अधिकारको उपभोगको सुनिश्चितता गर्न राजनीतिक दलहरूको समेत अहम् भूमिका रहने कुरा आयोग सबै दलहरुलाई पुनः स्मरण गराउँदछ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २० अनुरुप दलहरुले आफ्ना क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउन घोषणापत्रमा समेत मानव अधिकारका विषयवस्तु समावेश गर्नुपर्ने हुन्छ। संविधानले अवलम्बन गरेको मानव अधिकार, मौलिक हक, निर्देशक सिद्धान्त र नीतिहरुको कार्यान्वयनको दायित्व समेत राज्यका साथै सरकार सञ्चालनमा संलग्न दलहरुमा रहन्छ।

यसै सन्दर्भमा आगामी २०८२ फागुन २१ मा सम्पन्न हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिवद्धतापत्रमा मानव अधिकारका विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोग निर्वाचनमा भाग लिने सबै दलहरुलाई आग्रह गर्दछ। यस सम्बन्धमा आयोगले राजनीतिक दलहरुलाई पत्राचार समेत गरेको छ। विगतमा कतिपय दलहरुले आफ्ना घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गरी मानव अधिकारप्रतिको आफ्नो प्रतिबद्धताको कार्यान्वयन गरेकोमा त्यसको सराहना गर्दै दलका आगामी घोषणापत्रमा अझ स्पष्टताका साथ मानव अधिकारका विषय समावेश हुनेछन् भन्ने आयोगले विश्वास लिएको छ।

अतः हरेक राजनीतिक दलको प्रतिबद्धताको रुपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र सवर्द्धनको लागि नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप उच्च महत्व र प्राथमिकताका साथ मानव अधिकारका विषयलाई समावेश गर्न र निर्वाचन सम्बन्धमा यसअघि आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई पुनः आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
प्रवक्ता सहसचिव

फोन नं. ०१९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड नम्बर न. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय, Central Office
हरिहरभवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

च नं ९६९

मिति २०८२।०९।२४
नेपाल सम्बत ११४६पोहेलागा पञ्चमी

श्री

**विषयः घोषणा पत्रमा मानव अधिकारका विषय समावेश गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा देशमा २०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शन पश्चात सरकारको गठन भई तत्कालिन प्रतिनिधि सभाको विघटन भएको र आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको घोषणा भएको छ। राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभा निर्वाचन २०६४, संविधान सभा सदस्य निर्वाचन २०७०, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४, स्थानीय तह निर्वाचन २०७४ र प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ मा मानव अधिकारको दृष्टिकोणबाट निरन्तर अनुगमन गर्दै आएको छ । अनुगमन पश्चात आयोगले प्रतिवेदन मार्फत नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल तथा उम्मेदवारहरु, सञ्चारकर्मीहरु, अनुगमनकर्ता र पर्यवेक्षकहरु लगायतलाई सुझाव तथा सिफारिस समेत गर्दै आइरहेको छ।सिफारिसहरुमा दलहरुले आफ्ना घोषणा पत्रमा मानव अधिकारका विषयहरुलाई समेट्नुपर्ने रहेको समेत पुनः स्मरण गराइन्छ ।

मानव अधिकारको संरक्षण र सम्वर्धनमा राजनीतिक दलको महत्वपूर्ण भूमिका रहन्छ।राजनीतिक दलहरुले घोषणा पत्रमा मानव अधिकारका विषयहरु समावेश गरी आफ्नो प्रतिवद्धता जाहेर गर्दा मानव अधिकार सँस्कृति निर्माणमा योगदान पुग्नुका साथै देशको मानव अधिकारको अवस्था सुधार हुन समेत मद्दत पुग्दछ।

यसै सन्दर्भमा आगामी २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा राजनीतिक दलहरुबाट तयार हुने घोषणा पत्र तथा आफ्ना प्रतिवद्धता पत्रमा मानव अधिकारका विषयहरु समावेश भएमा नै नेपालको संविधान तथा राष्ट्रिय कानूनमा व्यवस्था भएका मौलिक हक, मानव अधिकारका विषयहरु साथै नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धि सम्झौतामा व्यवस्था भएका मानव अधिकारका विषयहरुको कार्यान्वयनमा उल्लेख्य योगदान पुग्न जाने देखिन्छ । त्यसका लागि नेपाल सरकारका साथै राजनीतिक दल तथा उम्मेदवार लगायत आम नागरिक सबैको भूमिका अहम रहन्छ ।

अतः यहाँहरूबाट निर्वाचनमा जारी हुने प्रतिवद्धता तथा घोषणा पत्रमा मानव अधिकारका विषयहरु समावेश गर्नुहुन साथै मानव अधिकारका सवालमा आयोग यहाँहरुसँग समन्वय र आवश्यक्ता अनुसार सहजीकरण गर्न तयार रहेको व्यवहोरा समेत निर्देशानुसार अनुरोध छ ।

माया देवी शर्मा
उपसचिव

**बोधार्थ**
श्री निर्वाचन आयोग, काठमाडौं ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org website www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

१३ माघ, २०८२

### निर्वाचन र शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गर शान्तिसुरक्षाको अवस्थालाई थप मजबुत बनाऊ

आगामी फागुन २१ गते हुने आसन्न प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा विगत केही दिनयता विभिन्न राजनीतिक दलका जिम्मेवार व्यक्तिहरुबाट एकअर्काप्रति आक्षेप लगाउने, घृणाजन्य अभिव्यक्तिहरु दिने तथा एक अर्काप्रति गरिएको अमर्यादित आरोपप्रत्यारोपप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस प्रकारका घृणाजन्य अभिव्यक्तिले अराजकतालाई प्रश्रय दिने र निर्वाचनको समयमा शान्तिसुरक्षामा समेत असर पर्ने देखिन्छ । नेपालको संविधान र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरुले अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको प्रत्याभूति गरेको भए तापनि अरुको मर्यादामा चोट पुग्ने र शान्ति सुरक्षामा आँच पुग्न सक्ने विषयलाई विशुद्ध विचार र अभिव्यक्ति स्वतन्त्रताको मात्र विषय मान्न सकिँदैन । आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैं ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

अत: कसैले पनि नेपालको संविधान, कानून र मानव अधिकारका अन्तर्राष्ट्रिय मूल्यमान्यता विपरीत घृणाजन्य अभिव्यक्ति नदिन, सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट एवम् मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषाको प्रयोग गर्न, घृणायुक्त अभिव्यक्तिको प्रचारप्रसार नगर्न र निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न आयोग राजनीतिक दलका नेता, उम्मेदवार एवम् सर्वसाधारणलाई आग्रह गर्दछ । साथै, यसप्रकारका घृणाजन्य अभिव्यक्तिले समाजमा घृणा फैलाउनुका साथै शान्तिसुरक्षामा समेत चुनौती सिर्जना गर्नसक्ने हुँदा शान्तिसुरक्षालाई थप मजबुत बनाउन आयोग नेपाल सरकारलाई समेत निर्देशन गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो ब नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box 9182 Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommissi4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

१९ माघ २०८२

### निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड

राष्ट्रिय मानव अधिकार आयोगले आगामी फागुन २१ गते हुन गैरहेको निर्वाचनको सन्दर्भमा निर्वाचनमा मानव अधिकार र राजनीतिक दलको भूमिका विषयमा राजनीतिक दलहरुसँग आज आयोगमा छलफल गरेको छ । आयोगले विगतमा समेत निर्वाचनमा मानव अधिकारको अवस्था अनुगमन गरी नेपाल सरकार, राजनीतिक दल र निर्वाचन आयोगलाई सुझाव तथा सिफारिसहरु गर्दै आइरहेको छ ।

लोकतन्त्रमा आवधिक निर्वाचन मानव अधिकारको विषय हो । नेपालको संविधानको प्रस्तावनामा नै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन लगायतका विषय उल्लेख गरिएको छ । स्वच्छ र भयरहित वातावरणमा मतदान गर्न पाउने, उम्मेदवार हुन पाउने, राजनीतिक दल खोल्ने, सभा सम्मेलन गर्न पाउने, समावेशितालगायतका अधिकारहरु नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, जातीय विभेद विरुद्धको महासन्धि १९६५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ लगायतका नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरुले सुनिश्चित गरेका छन् । त्यसैगरी, राजनीतिक दलको दर्ता, विधान र अन्तरिक लोकतन्त्र, सदस्यता र समावेशिता, निर्वाचनमा सहभागिता लगायतका विषयहरु राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा समेत उल्लेख गरिएका छन् । यस सन्दर्भमा निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ ।

आज आयोजित कार्यक्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरुले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै निर्वाचनमा मानव अधिकारको अनुगमनलाई राष्ट्रिय मानव अधिकार आयोगले थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए । साथै, निर्वाचनका सम्बन्धमा आयोगबाट यस अघि भएका सिफारिश कार्यान्वयन हुनुपर्नेमा सहभागीहरुको जोड रहेको थियो ।

कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुने अवस्थाको सुनिश्चितता गर्न आयोगले अनुगमन गर्ने बताउनुभयो । कार्यक्रममा आयोगका पदाधिकारी, कर्मचारी, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

डा.टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommis4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

२२ माघ २०८२

### निर्वाचन आचारसंहिताको पालनामा गम्भीर बन
### निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभाको निर्वाचनमा मानव अधिकारको अवस्थाको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरिरहेको छ। यसै सन्दर्भमा आज आयोगले निर्वाचनमा पर्यवेक्षण गर्ने विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग अनुगमन/पर्यवेक्षणको प्रभावकारिताको सम्बन्धमा छलफल गरेको छ। छलफलका सहभागीहरुले निर्वाचनलाई मानव अधिकारमैत्री बनाउनुपर्नेमा जोड दिएका थिए। आयोगमा भएको छलफल तथा राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरूबाट भैरहेको अनुगमनबाट समेत आयोगले निम्नबमोजिम तथ्य प्राप्त गरेको छ :

- राजनीतिक दलका केही नेताहरू र उम्मेदवारहरुले एक अर्को दल, नेता र उम्मेदवारप्रति अमर्यादित भाषा प्रयोग गरी घृणाजन्य अभिव्यक्ति दिएको ।
- अरुको मर्यादामा आँच आउने प्रकृतिका सामग्री उत्पादन गरी डिजिटल प्रविधिको माध्यमबाट प्रचारप्रसार गरिएको ।
- मतदाताहरूलाई 'कुन दल/नेतालाई भोट दिने ?' भनी प्रश्न सोध्ने र त्यसलाई भिडियो/अडियो रेकर्ड गराई सामाजिक सञ्जालमा राखी मतदाताको गोप्य मतदानको अधिकार र गोपनियताको हक उल्लङ्घन गरेको ।
- निर्वाचन आयोगले तयार गरेको निर्वाचन आचारसंहिता केही दल र उम्मेदवारहरुबाट उल्लङ्घन भएको भनी प्रश्न उठेको ।
- निर्वाचनपूर्व नै 'अमूक उम्मेदवारले जित्छ' भनी समाचार तयार गरी भ्रम सिर्जना गरेको ।
- मतदाता शिक्षा प्रभावकारी हुन नसकेको ।
- केही राजनीतिक दलका कार्यालयहरूमा तोडफोड भएको ।

यस अघि आयोगले राजनीतिक दलका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुसँग छुट्टाछुट्टै गरेको छलफलमा समेत उल्लिखित विषयहरुलाई उठाइएको थियो ।

अतः निर्वाचनको क्रममा एक अर्काप्रति घृणायुक्त आरोप प्रत्यारोप नगर्न, कोही कसैले पनि सामाजिक सञ्जालको दुरुपयोग नगर्न, मतदाताको गोपनियताको हकमा प्रभाव नपार्न, भ्रमपूर्ण समाचार प्रकाशन/प्रसारण नगर्न, हिंसात्मक क्रियाकलाप बन्द गर्न, मतदाता शिक्षालाई प्रभावकारी बनाउन र निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

४ फागुन, २०८२

### निर्वाचन सुरक्षा व्यवस्थाबारे सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूसँग छलफल ।

### निर्वाचन सुरक्षासम्बन्धी आवश्यक सामग्रीहरुको यथोचित व्यवस्था गर ।

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा निर्वाचनमा मानव अधिकारको संरक्षण सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका चार वटै सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरू सँग आज छलफल गरेको छ ।

छलफलको क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले निर्वाचनमा मतदाता, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता तथा निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीको सुरक्षा व्यवस्था र मानव अधिकार संरक्षणको लागि भएका कार्यहरू सम्वन्धमा जानकारी गराउन अनुरोध गर्नु भएको थियो । कार्यक्रममा सुरक्षा निकायलाई आवश्यक पर्ने सहायता सामग्रीको कमीका बावजुद निर्वाचन सम्पन्न गराउनका लागि सुरक्षा निकायबाट उच्च मनोबलका साथ तयारी भइरहेको सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरुले बताउनु भयो ।

कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, नेपाली सेनाका रथी, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख समेतको उपस्थिति रहेको थियो ।

अतः निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गर्न सुरक्षानिकायलाई आवश्यक सञ्चार, सुरक्षा र यातायात लगायत निर्वाचन सुरक्षा सम्बन्धी सामग्रीहरुको यथोचित व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ ।

श्यामबाबु काफ्ले
सहायक प्रवक्ता, उपसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

१२ फागुन २०८२

### निर्वाचनमा बालबालिकाको प्रयोग नगर

### शान्तिसुरक्षालाई मजबुत बनाऊ

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको दिन नजिकिँदै गर्दा देशका विभिन्न भागहरुमा भइरहेका गतिविधि तथा घटना र त्यसले देशको शान्तिसुरक्षा र आसन्न निर्वाचनमा पार्न सक्ने प्रभावप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले देशैभर प्रतिनिधिसभाको निर्वाचनपूर्वको अनुगमन गर्ने कार्यलाई तीव्रताका साथ अगाडि बढाएको छ ।

पछिल्लोपटक दाङलगायतका विभिन्न जिल्लामा केही दलहरुका कार्यकर्ता बिच सिर्जना भएको विवाद तथा रौतहट पर्सालगायतका जिल्लामा विभिन्न समूह बिच भएका विवादका कारण निषेधाज्ञा समेत जारी गर्नुपर्ने अवस्था सिर्जना भएका घटनाहरुले निर्वाचनका साथै शान्ति सुरक्षामा थप चुनौती थपिएको देखिएको छ । राजनीतिक दलका नेता, उम्मेदवार तथा कार्यकर्ताहरुले एकअर्को दल, उम्मेदवार र नेताहरुप्रति व्यक्त गर्ने अमर्यादित तथा घृणायुक्त अभिव्यक्तिले शान्तिसुरक्षा र निर्वाचनको वातावरणमा समेत थप चुनौती सिर्जना हुन सक्दछ ।

यसैगरी राजनीतिक दलहरु, उम्मेदवार तथा कार्यकर्ताहरुले निर्वाचन आचारसंहिता विपरीत चुनावको प्रचारप्रसार र राजनितिक गतिविधिमा प्रत्यक्ष परोक्ष रुपमा बालबालिकाको प्रयोग गरेको, सामाजिक सञ्जालमा प्रकाशित/प्रसारित हुने निर्वाचनका गतिविधिमा बालबालिकालाई संलग्न गराएको तथा निर्वाचन आचारसंहिताको पूर्ण रुपमा पालना नगरेको विषयहरु आयोगको अनुगमनका साथै सामाजिक सञ्जाल र अनलाइन माध्यमहरुमा समेत देखिएका छन् । निर्वाचनमा बालबालिकाको प्रयोग हुन नदिन दल, नागरिक समाज, विद्यालय, शिक्षक र अविभावकको समेत जिम्मेवार भूमिका रहन्छ ।

अतः आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानव अधिकारमैत्री रुपमा सम्पन्न गर्नमा सबैको भूमिका महत्वपूर्ण रहने हुँदा सबै पक्षहरुले धैर्यता र संयमता अपनाउन, अरुप्रति लक्षित अमर्यादित र घृणायुक्त एवम् सामाजिक तथा सांस्कृतिक सद्भाव बिथोलिने अभिव्यक्ति नदिन र त्यस प्रकारका सामग्री प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षामा प्रभाव पार्ने गतिविधिहरु बन्द गर्न, निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न/नगराउन र संभावित अवाञ्छित गतिविधिहरु नगरी/नगराई नागरिकको मानव अधिकारको सम्मान गर्न तथा देशको शान्ति सुरक्षालाई थप मजबुत बनाउन आयोग नेपाल सरकार लगायत सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

१७ फागुन २०८२

### निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर

### आयोगद्वारा निर्वाचनपूर्वको अनुगमन

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा आयोगले अनुगमन टोलीहरु बनाई ४२ जिल्लाहरुमा निर्वाचनपूर्वको अनुगमन गरेको छ । आयोगको केन्द्रीय तथा प्रदेश कार्यालयहरुबाट खटिएको अनुगमन टोलीले निर्वाचन अधिकृतको कार्यालयबाट भएको निर्वाचन तयारी, आचारसंहिताको पालनाको स्थिति, शान्तिसुरक्षाको अवस्था लगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग छलफल समेत गरेको थियो । अनुगमनका क्रममा राजनीतिक दल, उम्मेदवार तथा मतदाताहरुसँग समेत आयोगले जानकारी लिएको थियो । आयोगले विगतका निर्वाचनहरुदेखि नै निर्वाचन अनुगमन गरी प्राप्त तथ्यका आधारमा सम्बन्धित निकायहरुलाई आवश्यक सिफारिस गरी निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आग्रह गर्दै आएको छ । आयोगले आगामी निर्वाचनको दिन फागुन २१ गते पनि विभिन्न अनुगमन टोली बनाई देशैभर अनुगमन गर्नेछ ।

आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारहरुबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ । देशका विभिन्न भागमा र्‍याली तथा सभाहरुमा बालबालिका सहभागी हुनु, पत्रकारहरुमाथि धम्की तथा कुटपीट हुनु, आचारसंहिता विपरीत भौतिक रुपमा चुनाव चिन्हको प्रयोग हुनु, बिना अनुमति व्यक्तिका घरहरुमा प्रचार सामग्री र झण्डा टाँगिनु, स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारीहरु निर्वाचनको प्रचारप्रसारमा सहभागी हुनु, उम्मेदवारहरुले अनुमति बिना बढी सवारीसाधन प्रयोग गर्नु, मतदाताहरुलाई अनुचित प्रभाव पार्ने प्रयास गरिनु, दलका कार्यकर्ता र समर्थकहरुले सामाजिक सञ्जालको दुरुपयोग गरी एक आपसमा गालीगलौज गर्नु, सीमान्तकृत समुदायमा पर्याप्त मतदाता शिक्षा पुग्न नसक्नु जस्ता तथ्यहरु पाइएका छन् । तथापि दलका नेता र उम्मेदवारहरु बिचको आपसी सौहार्दता, सुरक्षा निकायको सुरक्षा सतर्कता तथा निर्वाचन अधिकारी र स्थानीय प्रशासनबाट भएको निर्वाचनको तयारी जस्ता विषयलाई आयोगले सकारात्मक रुपमा लिएको छ ।

अतः आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानव अधिकारमैत्री रुपमा सम्पन्न गर्न सबैको भूमिका महत्वपूर्ण रहने हुँदा सबै पक्षहरुले धैर्यता र संयमता अपनाउन, समाजिक सञ्जालको दुरुपयोग नगर्न, गालीगलौज गर्ने प्रकारका सामग्री उत्पादन र प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षालाई थप मजबुत बनाउन, संभावित अवाञ्छित गतिविधिहरु हुन नदिन तथा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गरी निर्वाचनलाई मानव अधिकारमैत्री बनाई नागरिकको मानव अधिकारको सम्मान गर्न आयोग नेपाल सरकार लगायत सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box. 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

१९ फागुन २०८२

### उत्साहपूर्ण रुपमा मतदानमा भाग लिन आग्रह

### निर्वाचन अनुगमनका लागि आयोगद्वारा उच्चस्तरीय टोली परिचालन

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनको दिनको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगले देशैभर अनुगमन टोली खटाएको छ। आयोगले काठमाडौं उपत्यका तथा उपत्यकाबाहिरका अन्य केही जिल्लाहरुमा निर्वाचन अनुगमनका लागि आयोगका अध्यक्ष, सदस्य तथा पूर्वपदाधिकारी सम्मिलित उच्चस्तरीय अनुगमन टोली समेत बनाएको छ। यसअघि आयोगले विभिन्न जिल्लाहरुमा निर्वाचनपूर्वको अनुगमन गरी प्राप्त तथ्यको अधारमा नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवालाहरुलाई ध्यानाकर्षण गराइसकेको छ।

निर्वाचन लोकतन्त्रको अभिन्न अङ्ग मात्र नभएर यो मानव अधिकारको सवाल पनि हो। आगामी फागुन २१ गते हुने निर्वाचनमा उत्साहपूर्ण रुपमा सहभागी हुन र आफ्नो मताधिकारको उपभोग गर्न आयोग सम्पूर्ण मतदाताहरुलाई अनुरोध गर्दछ। मौन अवधि सुरु भैसकेको सन्दर्भमा निर्वाचन आचारसंहिताको पालना गर्दै धैर्यता र संयमताका साथ मतदान प्रक्रियालाई सघाउन र सहभागी हुन आयोग सम्पूर्ण राजनीतिक दललाई समेत आग्रह गर्दछ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउनु सरकारको दायित्व हो भने यस कार्यलाई सघाउनु राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मी तथा आमनागरिकको कर्तव्य हो। निर्वाचन अवधिमा देशको शान्ति सुरक्षामा आवश्यक सतर्कता अपनाई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र मानव अधिकारमैत्री बनाउन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ। राजनीतिक दल तथा अन्य कसैले पनि मौन अवधिमा कुनै पनि अवाञ्छित गतिविधि नगर्न र संभावित अवाञ्छित क्रियाकलापलाई रोक्न आयोग नेपाल सरकार र निर्वाचन आयोगलाई आग्रह गर्दछ।

निर्वाचनको अवधिमा स्वास्थ्यसेवा, एम्बुलेन्स, शववाहन, सञ्चार, पानी, दूध, इन्धन आपूर्ति, असक्त मतदाताहरुका लागि सवारी साधन तथा हवाई उडान जस्ता अत्यावश्यक सेवाहरुलाई सुचारु रुपले सञ्चालन गर्न गराउन समेत आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ।

आगामी फागुन २१ गते हुने निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित, विश्वसनीय र मानव अधिकारमैत्री हुनेछ भन्ने आयोगले अपेक्षा र विश्वास लिएको छ।

डा. टीकाराम पोखरेल
प्रवक्ता सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-विज्ञप्ति

२१ फागुन २०८२

### आयोगद्वारा प्रतिनिधिसभाको निर्वाचनको अनुगमन

### मानव अधिकारको दृष्टिमा निर्वाचन सन्तोषजनक

आज सम्पन्न प्रतिनिधिसभाको निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरेको छ । आयोगका माननीय अध्यक्ष, सदस्यहरु, पूर्व पदाधिकारीहरु र आयोगका कर्मचारी सम्मिलित ५२ वटा टोलीले ७५ वटा जिल्लामा पुगी निर्वाचनको मानव अधिकारको दृष्टिबाट अनुगमन गरेको हो ।

आयोगको अनुगमनबाट देहायका तथ्यहरु प्राप्त भएका छन् :

- दोलखा, स्याङ्जा, सर्लाही जिल्ला लगायतका केही मतदान केन्द्रमा आपसी विवादका कारण केही समय मतदान स्थगित भई पुन: सुचारु भएको,
- दाङ, ओखलढुङ्गा दार्चुला जिल्लालगायतका केही मतदान केन्द्रमा कोही पनि मतदान गर्न नआएको र केही मतदान केन्द्रमा अति न्यून मतदाता मात्रै मतदानमा सहभागी भएको,
- कतिपय मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ता बिच आपसी विवाद भएको,
- केही मतदानस्थल अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी र जेष्ठनागरिकको लागि पहुँचयुक्त नभएको
- कतिपय मतदानस्थल बस्तीबाट धेरै टाढा भएका कारण अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, जेष्ठ नागरिकलगायत मतदानबाट वञ्चित भएको पाइएको,
- कतिपय मतदानस्थलमा खानेपानी, शौचालय, प्राथमिक उपचार जस्ता अत्यावश्यक सेवाको पर्याप्त उपलब्धता नरहेको
- मतदाता सहभागिता न्यून देखिएको,
- मतदान प्रविधिमैत्री हुन नसकेका कारण विदेशमा रहेका तथा आफ्नो मतदाता नामावली भएको जिल्लाभन्दा अन्य जिल्लामा रहेका मतदाता मतदानबाट वञ्चित भएका,
- केही मतदाताहरुले आफूसँग मतदाता परिचयपत्र भए पनि मतदाता नामावलीमा नाम नभएकोले मतदानबाट वञ्चित भएको भनी गुनासो गरेको,

लोकतन्त्रको महत्वपूर्ण अभ्यासको रुपमा रहेको निर्वाचन मार्फत जनादेश लिनु मानव अधिकारको दृष्टिले सकारात्मक पाटो हो । उल्लिखित तथ्यहरुका बाबजुद उच्च सुरक्षा सतर्कता र मतदानस्थलको चुस्त व्यवस्थापनका कारण निर्बाध र शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको पाइएको छ । मानव अधिकारको दृष्टिमा मतदान प्रक्रिया सन्तोषजनक देखिएको छ । निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण मतदातालाई आयोग धन्यवाद व्यक्त गर्दछ ।

अत: आगामी दिनमा निर्वाचनलाई प्रविधिमैत्री बनाई बढीभन्दा बढी मतदाताको पहुँच विस्तार गर्न र निर्वाचनलाई थप मानव अधिकारमैत्री बनाउनका लागि समयसापेक्ष सुधार गर्दै लैजान आयोग नेपाल सरकार र निर्वाचन आयोगलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, [illegible]

## अनुसूची ६

### (क) निर्वाचन र मानव अधिकारका विषयमा प्रकाशित समाचारहरूको बारेमा गरिएको सञ्चार अनुगमन (Media Monitoring) विवरण

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन प्रक्रियाका विभिन्न चरणहरूमा मानव अधिकारको अवस्था, निर्वाचनसँग सम्बन्धित गतिविधि तथा आम सञ्चार माध्यममा प्रकाशित समाचार लगायतका मानव अधिकारका विषयहरूको नियमित अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले केही सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारहरूको डेस्क अनुगमन गरेको थियो । उक्त अनुगमनको क्रममा संकलित समाचारहरूको विवरण आयोगको वेबसाइट राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको **"प्रकाशनहरू"** मेनु अन्तर्गत **"अन्य"** शिर्षकबाट वा यहाँ उपलब्ध भएको **QR Code** स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ ।

### (ख) निर्वाचनसँग सम्बन्धित विषयमा केन्द्रित रहि आयोगका अध्यक्ष, सदस्य र सचिवले सञ्चार माध्यम तथा आयोगको सामाजिक सञ्जाल मार्फत दिनुभएको अन्तरवार्ता/सन्देशहरू

१. राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरज्यूद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण तथा मानव अधिकारमैत्री वातावरणमा सम्पन्न गर्न/गराउन सम्पूर्ण सरोकारवालाहरूलाई लक्षित गरी दिनुभएको अपिलसहितको भिडियो सन्देश आयोगको आधिकारिक फेसबुक पेज वा यहाँ उपलब्ध QR Code स्क्यान गरी हेर्न तथा सुन्न सक्नुहुनेछ ।

**भिडियो_लिङ्क: https://www.facebook.com/reel/1633146271059289**

२. राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय मनोज दुवाडीज्यूद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा "के हो मताधिकारको अधिकार?" विषयमा प्रस्तुत गरिएको अन्तरवार्ता नेपाल टेलिभिजनको आधिकारिक YouTube Channel वा यहाँ उपलब्ध QR Code स्क्यान गरी हेर्न तथा सुन्न सक्नुहुनेछ ।

**भिडियो_लिङ्क: https://www.youtube.com/watch?v=b1j6A1uZCWQ**

३. राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेलद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लक्षित गरी दिनुभएको भिडियो सन्देश आयोगको आधिकारिक फेसबुक पेज वा यहाँ उपलब्ध QR Code स्क्यान गरी हेर्न तथा सुन्न सक्नुहुनेछ ।

**भिडियो_लिङ्क: https://www.facebook.com/reel/1234302644986894**

४. राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेलद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा ***"निर्वाचनमा मानव अधिकार: एक गहन प्रश्न"*** विषयमा नेपाल टेलिभिजनमा दिनुभएको अन्तरवार्ता नेपाल टेलिभिजनको आधिकारिक YouTube Channel वा यहाँ उपलब्ध QR Code स्क्यान गरी हेर्न तथा सुन्न सक्नुहुनेछ ।

**भिडियो_लिङ्क: https://www.youtube.com/watch?v=9j7Tgx0QDCs**

### (ग) मानवअधिकार पत्र

राष्ट्रिय मानव अधिकार आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को अनुगमन गरेको विवरण सहितको मानव अधिकारपत्र (२०८२ भाद्र-फागुन अंक) डिजिटल प्रकाशन गरेको थियो । उक्त मानव अधिकार पत्र अध्ययन गर्न वेबसाइट भित्रको "प्रकाशनहरू" मेनु अन्तर्गत" विशेषाङ्क/समाचारपत्र " शिर्षकबाट वा यहाँ उपलब्ध भएको QR Code स्क्यान वा तलको लिङ्क क्लिक गरी अध्ययन गर्न सक्नुहुनेछ ।

**विशेषाङ्क/समाचारपत्रको लिङ्क:**
https://www.nhrcnepal.org/uploads/news_letter/HR_News_Letter_till_march_2026.pdf

## अनुसूची ७

## राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग साथै निर्वाचन सम्बन्धी विषयमा आयोगलाई विभिन्न माध्यमबाट प्राप्त हुन आएको उजुरी/निवेदनको तथ्याङ्क विवरण

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार लगायतका राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग भएको भन्ने विषयमा आयोगलाई विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरी/निवेदनहरूको नियमित रूपमा अनुगमन गरेको थियो । ती निवेदनहरूमा बालबालिकालाई निर्वाचन प्रचारप्रसार लगायत राजनीतिक गतिविधिमा भौतिक तथा अनलाईन माध्यमबाट बालबालिकाको प्रयोग भएको भनी सामाजिक सञ्जालमा राखिएका लिङ्क साथै निर्वाचन सम्बन्धी अन्य विषयको तथ्याङ्कीय विवरण आयोगको वेबसाइट राखिएको हुँदा विस्तृत रुपमा अध्ययन गर्न वेबसाइट भित्रको "प्रकाशनहरू" मेनु अन्तर्गत "अन्य" शिर्षकबाट वा यहाँ उपलब्ध भएको QR Code स्क्यान गरी अध्ययन गर्न सक्नुहुनेछ ।

## अनुसूची ८

### राजनीतिक दलहरूले जारी गरेका घोषणापत्र, प्रतिज्ञापत्र लगायतमा समावेश भएका मानव अधिकारका विषयहरू

| दलको नाम | भ्रष्टाचार नियन्त्रण र सुशासन (अन्याय रोक्ने) | नियम कानुन र न्याय (समानता र स्वतन्त्रता) | सीमान्तकृत/समावेशिता (दलित, महिला, मधेसी, जनजाति आदि) | शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा (आधारभूत हक) | अन्य मुख्य मानव अधिकार सम्बन्धी प्रतिबद्धता |
|---|---|---|---|---|---|
| **राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)** | डिजिटल प्रणालीबाट सार्वजनिकसेवा दिने।<br>दलीय प्रभाव पूरै हटाउने, प्रशासन पारदर्शी र जवाफदेही बनाउने । ढिलासुस्ती र भ्रष्टाचारको अवसर घटाउने प्रतिवद्धता रहेको। | न्यायालय, प्रहरी र प्रशासनमा दलीय प्रभाव हटाउने । सङ्क्रमणकालीन न्याय पूरा गर्ने।<br>उच्च अदालत स्वतन्त्र र निष्पक्ष बनाउने ।कानुन सबैका लागि समान हुने गरी लागु गर्ने। | दलित समुदायको संरचनागत भेदभाव हटाउने (वि.सं. २०२२/२३ को प्रतिबद्धता) । सीमान्तकृत वर्गलाई आर्थिक, सामाजिक राजनीतिक उन्नयन, समावेशी नीति लागू गर्ने। | शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय, सुलभ रपहुँच योग्य बनाउने/ सामाजिक सुरक्षा विस्तार गर्ने। मानसिक स्वास्थ्य सेवालाई प्राथमिकता दिने। | युवा, किसान, महिला, पर्यावरण, डिजिटल अधिकार, स्वतन्त्रता र समानताको लागि प्रणालीगत सुधार, भेदभावरहित समाज निर्माण गर्ने। |
| **नेपाली कांग्रेस** | भ्रष्टाचारको पूर्ण अन्त्य, सम्पत्ति छानबिन, दलीय प्रभाव हटाउने (अदालत, प्रहरी, प्रशासनमा पनि), पारदर्शी डिजिटल सेवा, सुशासनलाई मुख्य प्राथमिकता दिने। | कानुनको नजरमा पूर्ण समानता, दण्डहीनता रोक्ने, संक्रमणकालीन न्याय टुंग्याउने, स्वतन्त्र न्यायालय र प्रहरी, भेदभावरहित शासन सुनिश्चित गर्ने। | जाति, लिङ्ग, वर्ग, क्षेत्र, भाषा, धर्मका आधारमा भेदभाव अन्त्य, दलित, महिला, मधेसी, जनजाति, मुस्लिम, पिछडिएका वर्गलाई विशेष अवसर र समावेशी प्रतिनिधित्व बढाउने। | स्वास्थ्यलाई प्राथमिकतामा राख्ने, गुणस्तरीय निः शुल्क शिक्षा, सामाजिक सुरक्षा विस्तार, सबैका लागि सुलभ सेवा उपलब्ध गराउने। | युवा विद्रोहको सम्बोधन, मानव अधिकार संरक्षण, समावेशी लोकतन्त्र, पर्यावरण संरक्षण, रोजगारी र गरिबी न्यूनीकरण, नागरिकको सम्मानपूर्ण जीवनको अधिकारको सुरक्षा। |
| **नेकपा एमाले** | भ्रष्टाचारको शून्य सहनशीलता, सफा हात-स्वच्छ प्रशासन, दलीय प्रभाव हटाउने, पारदर्शी डिजिटल सेवा, अनियमितता र ढिलासुस्तीको अन्त्य गर्ने। | कानुनको सर्वोच्चता, संविधानको पूर्ण कार्यान्वयन, दण्डहीनता रोक्ने, स्वतन्त्र न्यायालय, विधिको शासन, संक्रमणकालीन न्याय पूरा गर्ने। | महिला, दलित, जनजाति, मधेसी, पिछडिएका वर्गलाई समान अवसर, लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी विकास, सबैलाई सम्मानजनक जीवन जिउने अधिकार सुनिश्चित गर्ने। | गुणस्तरीय नि:शुल्क शिक्षा, स्वास्थ्य बीमा विस्तार, सामाजिक सुरक्षा (भत्ता, पेन्सन, योगदानमा आधारित), निरोगी नेपाल अभियान सञ्चालन गर्ने। | युवा रोजगारी, पर्यावरण संरक्षण, स्वदेशमै काम, समृद्ध नेपाल-सुखी नेपाली, राष्ट्रिय स्वाधीनता र नागरिक सम्मान बढाउने। |

| दलको नाम | भ्रष्टाचार नियन्त्रण र सुशासन (अन्याय रोक्ने) | नियम कानुन र न्याय (समानता र स्वतन्त्रता) | सीमान्तकृत/समावेशिता (दलित, महिला, मधेसी, जनजाति आदि) | शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा (आधारभूत हक) | अन्य मुख्य मानव अधिकार सम्बन्धी प्रतिबद्धता |
|---|---|---|---|---|---|
| **नेपाली कम्युनिस्ट पार्टी** | सम्पत्ति छानबिन एक वर्षभित्र स्वतन्त्र आयोगबाट गर्ने, उच्चस्तरीय लोकपाल गठन, फेसलेस, पेपरलेस, क्यासलेस ई-शासन, ५ वर्षमा सरकारी सेवामा ३०% नयाँ जनशक्ति, दलगत नियुक्ति पूर्ण अन्त्य गर्ने। | संविधान संशोधन गरी शासकीय स्वरूप, निर्वाचन र सङ्घीयता सुदृढ, शान्ति प्रक्रिया पूर्णता (क्षतिपूर्ति, सत्य निरूपण), लोकतन्त्रको स्थिरता र पारदर्शी न्याय प्रवर्धन गर्ने। | सबै तहमा समानुपातिक समावेशीकरण, महिला, दलित, मधेसी, जनजाति, थारू, अपाङ्गलाई समान अधिकार, २ वर्षभित्र भूमिहीन दलित-सुकुम्बासीलाई लालपुर्जा, सामन्ती अवशेष (हरवा-चरवा, कमैया आदि) पूर्ण अन्त्य गर्ने। | गुणस्तरीय शिक्षा-स्वास्थ्यमा समान पहुँच, किसान पेन्सन, श्रमिक बीमा, न्यूनतम ज्याला,२ वर्षभित्र भोकमुक्त (Zero Hunger) नेपाल बनाउने, महिला, बालबालिका, वृद्धलाई विशेष पोषण कार्यक्रम गर्ने। | लैङ्गिक, जातीय, क्षेत्रीय विभेद पूर्ण अन्त्य। खाद्य, आवास, रोजगारी र श्रम अधिकारको प्रत्याभूति।वातावरणीय अधिकार र जलवायु अनुकूल विकास, समावेशी लोकतन्त्र मार्फत सबैको अधिकार सुनिश्चित गर्ने। |
| **राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)** | उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६पछिका उच्च-पदाधिकारीको सम्पत्ति छानबिन, अवैध सम्पत्ति जफत, भ्रष्टाचार शून्य सहनशीलता, दलीय प्रभाव हटाउने, पारदर्शी शासनको जनतलाई अनुभूति। | कानुनको सर्वोच्चता, दण्डहीनताको अन्त्य, विधिको शासन, पूर्ण समानुपातिक संसद, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, अभिभावकीय राजसंस्थालाई प्रोत्साहन। | महिला, दलित, जनजाति, मुस्लिम, पिछडिएका वर्गलाई समान अवसर, लैङ्गिक समानता, सामाजिक न्याय, उत्पीडित तथा सीमान्तकृत वर्गको संरक्षण गर्ने। | निःशुल्क शिक्षा (कक्षा १२ सम्म), स्वास्थ्य सेवा निःशुल्क, सामाजिक सुरक्षा (एकव्यक्ति दुई कार्यकाल सीमा, ज्येष्ठनागरिक, अपाङ्गता, एकल महिला), गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रवर्धन। | |

| दलको नाम | भ्रष्टाचार नियन्त्रण र सुशासन (अन्याय रोक्ने) | नियम कानुन र न्याय (समानता र स्वतन्त्रता) | सीमान्तकृत/समावेशिता (दलित, महिला, मधेसी, जनजाति आदि) | शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा (आधारभूत हक) | अन्य मुख्य मानव अधिकार सम्बन्धी प्रतिबद्धता |
|---|---|---|---|---|---|
| **श्रम संस्कृति पार्टी** | भ्रष्टाचारविरूद्ध नागरिक संजाल खडा गर्ने, DIGITAL MONEY प्रणाली लागु गरी अवैध कारोबार रोक्ने, विनास्रोतको सम्पत्ति जफत गर्ने, बैठक LIVE गर्ने, सबै सूचना पारदर्शी बनाउने, जवाफदेहिता, मितव्ययिता र गैर-राजनीतिक राज्य (कर्मचारी, प्रहरी, न्यायालय), भ्रष्टाचारमा महाअभियोग र सजायको व्यवस्था गर्ने | स्पष्ट क्षेत्राधिकार भएको सङ्घीय न्यायपालिका उच्च न्यायालय र स्थानीय न्यायिक समिति, कानुनको नजरमा सबै समान, प्रेस, सभा, संगठन र व्यक्तिगत स्वतन्त्रता, कानूनी सरलता र ढिलासुस्ती अन्त्य, लोकतान्त्रिक मूल्य (नागरिक सर्वोच्चता, शक्ति पृथकीकरण, कानूनी राज्यको स्थापना। | पूर्ण समानुपातिक निर्वाचन प्रणाली, राज्यका सबै अंगमा समावेशी प्रतिनिधित्व, विभेदबाट पीडितलाई विशेष आरक्षण र सुरक्षा, लोपोन्मुख समुदाय, दलित, महिला, मधेसी, जनजाति, मुस्लिम, अल्पसङ्ख्यकलाई आरक्षण दिने, विभिन्न जाति/ समुदायलाई स्वशासन र आत्मनिर्णयको अधिकार (देशको अखण्डताभित्र), ट्रेड युनियन अधिकार र श्रमिक अधिकार सुनिश्चित गर्ने। | जीवनोपयोगी र व्यवहारिक शिक्षा, हप्तामा ४ दिन श्रम, उत्पादन, आविष्कार र सीप,१०कक्षासम्म खाना पकाउने, लुगा सिलाउने, ड्राइभिङ आदि सिकाउने, १२ पासपछि अनिवार्य ६ महिना सैनिक तालिम, आधारभूत स्वास्थ्यसेवानिःशुल्क, अनिवार्य श्रमदान गर्नेहरूलाई निःशुल्क स्वास्थ्य, जडीबुटीमा आधारितऔषधिउत्पादन, रोग लाग्न नदिने (निरोधात्मक) नीति, स्वास्थ्य विमा, शिक्षा विमा, वृद्ध, एकल महिला, अपाङ्गलाई भत्ता रसुरक्षा, सुकुम्बासी, गरीबलाई सामूहिक आवासको व्यबस्था,<br><br>बालबालिका, ज्येष्ठ नागरिक र तेस्रो लिङ्गीलाई विशेष नीति लागू गर्ने। | प्रत्येक नागरिकलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षा, सम्पत्ति र सामुदायिक अधिकारको ग्यारेन्टी, धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता, बहुभाषिक नीति (मातृभाषा शिक्षण), वैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमा उद्यमी बनाउने, Gen-Z युवालाई राष्ट्र निर्माणमा जोड्ने, महिला र बालबालिकाविरूद्ध हिंसा र शोषण अन्त्य, नागरिकता: आमा/ बाबाको वंशका आधारमा, ५ वर्ष बसोबासपछि अंगीकृत नागरिकता लागू हुने। |

# अनुसूची ९

## निर्वाचनसँग सम्बन्धित कार्यदल, कार्य विभाजन, प्रदेश तथा प्रदेश शाखा कार्यालयका सम्पर्क कर्मचारीहरूको विवरण

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहरभवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

मिति: २०८२/१०/७

आन्तरिक सञ्चार

| | |
|---|---|
| बाट:- प्रशासन महाशाखा | लाई:- श्री माया देवी शर्मा, उपसचिव<br>श्री खिमानन्द बस्याल, मानव अधिकार अधिकृत<br>श्री रेवा रेग्मी, मानव अधिकार अधिकृत<br>श्री अम्बिका घिमिरे, मानव अधिकार अधिकृत<br>श्री तारा देवी बाग्ले, मानव अधिकार अधिकृत<br>श्री रविता त्वाती, सूचना प्रविधि अधिकृत<br>श्री सिता रेग्मी अधिकारी, मानव अधिकार अधिकृत<br>श्री गणेश राज जोशी, मानव अधिकार अधिकृत<br>श्री रस्मिना उप्रेती, मानव अधिकार अधिकृत<br>श्री सुदिप्ती सुवेदी, मानव अधिकार अधिकृत<br>श्री सुधा अधिकारी, नायब सुब्बा<br>श्री आशिष आचार्य, नायब सुब्बा |

**विषय :- कार्यदल गठन गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा देशमा मिति २०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शन पश्चात सरकारको गठन भई तत्कालिन प्रतिनिधि सभाको विघटन भएको र आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको घोषणा भएको छ । आयोगले पनि मानव अधिकारको दृष्टिकोणबाट सबै तहका निर्वाचनहरुको अनुगमन गर्दै आइरहेको र आगामी निर्वाचनमा पनि आयोगले निर्वाचन पूर्व, निर्वाचनको दिनमा र निर्वाचन पश्चात मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन अनुगमन गर्नको लागि आवश्यक तयारी तथा विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय र छलफल गर्न, सूचना संकलन गर्न, अनुगमन रुजुसूचि परिमार्जन, ब्रोसर तयारी ,मिडिया अनुगमन तथा अनुगमन प्रतिवेदनहरुको संकलन र लेखन लगायतको कार्य गर्नका लागि यस आयोगबाट देहाय बमोजिमको कार्यदल गठन गरिएको हुँदा जिम्मेवारी बमोजिम कार्य गर्नुहुन मिति २०८२/१०/७ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

| | |
|---|---|
| उपसचिव श्री माया देवी शर्मा | - संयोजक |
| मानव अधिकार अधिकृत श्री खिमानन्द बस्याल | - सदस्य |
| मानव अधिकार अधिकृत श्री रेवा रेग्मी | - सदस्य |
| मानव अधिकार अधिकृत श्री अम्बिका घिमिरे | - सदस्य |
| मानव अधिकार अधिकृत श्री तारा देवी बाग्ले | - सदस्य |
| सूचना प्रविधि अधिकृत श्री रविता त्वाती | - सदस्य |
| मानव अधिकार अधिकृत श्री सिता रेग्मी अधिकारी | - सदस्य |
| मानव अधिकार अधिकृत श्री गणेश राज जोशी | - सदस्य |
| मानव अधिकार अधिकृत श्री रस्मिना उप्रेती | - सदस्य |
| मानव अधिकार अधिकृत श्री सुदिप्ती सुवेदी | - सदस्य |
| नायब सुब्बा श्री सुधा अधिकारी | - सदस्य |
| नायब सुब्बा श्री आशिष आचार्य | - सदस्य |

कल्पना बस्याल घिमिरे
प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री रा.मा.अ.आ. अनुसन्धान महाशाखा
श्री रा.मा.अ.आ. अन्तराष्ट्रिय सन्धि अनुगमन महाशाखा
श्री रा.मा.अ.आ. कानुन महाशाखा
श्री रा.मा.अ.आ. सामुहिक अधिकार महाशाखा
श्री रा.मा.अ.आ. लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा
श्री रा.मा.अ.आ. सूचना, संचार प्रविधि , प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा
श्री रा.मा.अ.आ. प्रशासन महाशाखा
श्री रा.मा.अ.आ. प्रदेश कार्यालय समन्वय महाशाखा

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org website www.nhrcnepal.org

| क्र.स. | नाम | विषयगत जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| **निर्वाचन सम्बन्धी कार्यका लागि सम्पूर्ण समन्वयः उपसचिव श्री मायादेवी शर्मा** | | | |
| १ | मानव अधिकार अधिकृत<br>सीता अधिकारी र<br>गणेश राज जोशी | प्रदेश कार्यालयसँग समन्वय र सूचना, प्रतिवेदन संकलन तथा अभिलेखीकरण लगायतको कार्य | हालको जिम्मेवारी अनुसारको कार्य सम्पन्न पश्चात पुन नयाँ जिम्मेवारी लिइ कार्य गरिने छ। |
| २ | मानव अधिकार अधिकृत रेवा रेग्मी र नायब सुब्बा सुधा अधिकारी | Media र सामाजिक सञ्जालको अनुगमन, सत्य तथ्य जाँच तथा अभिलेखीकरण लगायतको कार्य | |
| ३ | सूचना प्रविधि अधिकृत रबिता त्वाती र नायब सुब्बा श्री आशिष आचार्य | आयोगको सामाजिक सञ्जाल व्यवस्थापन एवं प्रेस विज्ञप्तीमा समन्वय/निर्वाचन सम्बन्धी बुलेटिन तयारी र डिजिटल व्यवस्थापन लगायतको कार्य | |
| ४ | मानव अधिकार अधिकृत<br>सुदिप्ति सुवेदी र रश्मिना उप्रेती | निर्वाचन सम्बन्धी कानून/नीति/नियम निर्देशिका/कार्यविधि/विधान लगायतको संकलन र अध्ययन तथा अभिलेखीकरण लगायतको कार्य | |
| ५ | मानव अधिकार अधिकृत<br>खिमानन्द बस्याल,<br>तारा देवी वाग्ले र<br>अम्बिका घिमिरे | सरोकारवालाहरूसँग बैठक तथा छलफल तयारी र सोको अभिलेखीकरण तथा प्रतिवेदन लेखन लगायत सम्बन्धी कार्य | |
| ६ | कार्यदलका सबै सदस्यहरू | निर्वाचन अनुगमनको चेकलिष्ट र ब्रोसरको परिमार्जन, आवश्यक समन्वय, सुझाव संकलन र अभिलेखीकरण लगायतको कार्य | |

**प्रदेश तथा प्रदेश कार्यालय सम्पर्क अधिकृतको रूपमा रहि कार्य गरेका कर्मचारीको नामावली**

| क्र.सं. | कार्यालय | कर्मचारीहरूको नाम |
|---|---|---|
| १. | कोशी प्रदेश कार्यालय, विराटनगर | तुलशा कार्की |
| २. | मधेश प्रदेश कार्यालय, जनकपुर | कुमारी शरणा उराँव |
| ३. | बागमती प्रदेश कार्यालय, हेटौडा | नवल किशोर सिंह |
| ४. | गण्डकी प्रदेश कार्यालय, पोखरा | सरोज गौली/टंक प्रसाद खनाल |
| ५. | लुम्विनी प्रदेश कार्यालय, बुटवल | अजित कुमार ठाकुर/आशिष श्रेष्ठ |
| ६. | कर्णाली प्रदेश कार्यालय, सुर्खेत | राजेन्द्र न्यौपाने |
| ७. | सुदुरमश्चिम प्रदेश कार्यालय, धनगढी | दैवज्ञराज न्यौपाने |
| ८. | कोशी प्रदेश शाखा कार्यालय, खोटाङ | दिपेश बस्नेत |
| ९. | लुम्विनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज | दयाराम पाठक |
| १०. | कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला | कल्पना नेपाल आचार्य |

**निर्वाचनको दिनमा केन्द्रीय कार्यालयमा रहि आवश्यक सूचना सङ्कलन समन्वय लगायतका कार्यमा खटिएका कर्मचारीहरूको विवरण**

| क्र.स. | कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | डा. टीकाराम पोखरेल | सहसचिव | प्रवक्ता (प्रेस विज्ञप्ती, सूचना संप्रेषण) |
| २ | माया देवी शर्मा (अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुख) | उपसचिव | अनुगमन सम्बन्धी समन्वय |
| ३ | सुवोध पोखरेल | उपसचिव | प्रशासनिक समन्वय र व्यवस्थापन |
| ४ | अनिश कुमार पौडेल | उपसचिव | अन्य समन्वय |
| ५ | खिमानन्द वस्याल | मानव अधिकार अधिकृत | अनुगमन टोलीबाटअनुगमनमा प्राप्त भएका मुख्य विषयहरू सङ्कलन र संक्षिप्त प्रतिवेदन तयारी लगायत |
| ६ | पम्फा मैनाली | मानव अधिकार अधिकृत | लुम्विनी प्रदेश अन्तर्गतकाअनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| ७ | तारा वाग्ले | मानव अधिकार अधिकृत | वागमती प्रदेश अन्तर्गतकाअनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| ८ | रविता त्वाती<br>सुलोचन चौधरी | सूचना प्रविधि अधिकृत | आयोगको वेभसाइड सामाजिक संजालमा राखिने विषयहरूअनुगमन फोटो सङ्कलन तथा व्यवस्थापन फ्लायर तयारी र व्यवस्थापन लगायत सूचना प्रविधिसँग सम्बन्धित कार्य |

| क्र.स. | कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| ९ | सीता अधिकारी | मानव अधिकार अधिकृत | गण्डकी प्रदेश अन्तर्गतका अनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| १० | गणेश राज जोशी | मानव अधिकार अधिकृत | सुदुरपश्चिम प्रदेश अन्तर्गतकाअनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| ११ | अप्सरा ओली | मानव अधिकार अधिकृत | मिडिया अनुगमन |
| १२ | सागर श्रेष्ठ | मानव अधिकार अधिकृत | स्टोर व्यवस्थापन सम्बन्धी |
| १३ | रस्मीना उप्रेती | मानव अधिकार अधिकृत | मिडिया अनुगमन |
| १४ | सुदिप्ति सुवेदी | मानव अधिकार अधिकृत | कोशी प्रदेश अन्तर्गतका अनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| १५ | रविना घिमिरे | मानव अधिकार अधिकृत | कर्णाली प्रदेश अन्तर्गतका अनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| १६ | देवराज परियार | मानव अधिकार अधिकृत | मधेश प्रदेश अन्तर्गतका अनुगमन टोलीसँग सूचना सङ्कलन र समन्वय |
| १७ | सुलोचन चौधरी | सूचना प्रविधि अधिकृत | आयोगको वेभसाइड सामाजिक संजालमा राखिने विषयहरूअनुगमन फोटो सङ्कलन तथा व्यवस्थापन फलायर तयारी र व्यवस्थापन लगायत सूचना प्रविधिसँग सम्बन्धित कार्य |
| १८ | रोहण यादव | सहायक प्रथम | अनुगमन टोलीसँग फोन सम्पर्क र सूचना सङ्कलन गर्ने |
| १९ | शुभेक्षा थापा | सहायक प्रथम | अनुगमन टोलीसँग फोन सम्पर्क र सूचना सङ्कलन गर्ने |
| २० | अन्जु राई | लेखापाल | अनुगमन टोलीसँग फोन सम्पर्क र सूचना सङ्कलन गर्ने |
| २१ | सरिता कुमाल | कार्यालय सहयोगी | |
| २२ | भुमिका श्रेष्ठ | कार्यालय सहयोगी | |
| २३ | खगेन्द्र थापा मगर | सेक्यूरिटी गार्ड | |
| २४ | प्रेम चौधरी | सेक्यूरिटी गार्ड | |
| २५ | गीता भण्डारी | सेक्यूरीटि गार्ड | |
| २६ | डिच्छेन डोल्कर पिया | ईन्टर्न | |
| २७ | आस्था थारू | ईन्टर्न | |

## अनुसूची १०
## अनुगमन प्रतिवेदन तयारी सम्बन्धमा जिम्मवारी बाँडफाँड

प्रतिवेदन तयारीमा सल्लाह तथा सुझावः यज्ञ प्रसाद अधिकारी, सहसचिव
प्रतिवेदनमा समग्र समन्वय र संयोजनः माया देवी शर्मा, उपसचिव

| क्र.स. | विषय | जिम्मेवारी |
|---|---|---|
| १ | परिच्छेद १ प्रारम्भिक<br>परिच्छेद २ निर्वाचन र मानव अधिकारसम्बन्धी कानूनी प्रावधानहरू | रस्मिना उप्रेती, मानव अधिकार अधिकृत<br>सुदिप्ति सुवेदी, मानव अधिकार अधिकृत |
| ३ | परिच्छेद ३ आयोगद्वारा सम्पादित गतिविधिहरू | अम्बिका घिमिरे, मानव अधिकार अधिकृत |
| ४ | परिच्छेद ४ विगतका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्था | खिमानन्द वस्याल, मानव अधिकार अधिकृत |
| ५ | परिच्छेद ५ अनुगमनबाट प्राप्त तथ्यहरू (विषयगत तथा प्रदेशगत रूपमा) | |
| | कोशी प्रदेश | सुदिप्ति सुवेदी, मानव अधिकार अधिकृत |
| | मधेश प्रदेश | रेवा रेग्मी, मानव अधिकार अधिकृत |
| | बागमती प्रदेश | तारा वाग्ले, मानव अधिकार अधिकृत |
| | गण्डकी प्रदेश | सिता अधिकारी रेग्मी, मानव अधिकार अधिकृत |
| | लुम्बिनी प्रदेश | अम्बिका घिमिरे, मानव अधिकार अधिकृत |
| | कर्णाली प्रदेश | रविना घिमिरे, मानव अधिकार अधिकृत |
| | सुदूरपश्चिम प्रदेश | गणेश राज जोशी, मानव अधिकार अधिकृत |
| ६ | परिच्छेद ६ विश्लेषण तथा निष्कर्ष<br>परिच्छेद ७ सुझाव तथा सिफारिसहरू | सुदिप्ति सुवेदी, मानव अधिकार अधिकृत<br>रविना घिमिरे, मानव अधिकार अधिकृत |
| ७ | सबै प्रदेशका प्रतिवेदन सङ्कलन कार्य | रेवा रेग्मी, मानव अधिकार अधिकृत<br>सुधा अधिकारी, नायब सुब्बा |
| ८ | समग्र प्रतिवेदन तयारीमा तथ्याङ्क सङ्कलन र Technincal Support | सुलोचन चौधरी, सूचना प्रविधि अधिकृत<br>आशिष आचार्य, नायब सुब्बा |
| ९ | अनुसूचीहरूको सङ्कलन र तयारी | सीता अधिकारी रेग्मी, मानव अधिकार अधिकृत<br>रेखा दत्त, मानव अधिकार अधिकृत<br>रस्मिना उप्रेती, मानव अधिकार अधिकृत<br>सुलोचन चौधरी, सूचना प्रविधि अधिकृत<br>सुधा अधिकारी, नायब सुब्बा<br>आशिष आचार्य, नायब सुब्बा<br>डिछेन डोल्कर पिया, (इन्टर्न) |
| १० | मन्तव्य तयारी | रविना घिमिरे, मानव अधिकार अधिकृत |

## अनुसूची ११

### निर्वाचन अनुगमनको क्रममा लिइएका तस्विरहरू

१. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा नेपाल सरकारका चारवटै सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मी तथा निर्वाचन पर्यवेक्षणमा संलग्न विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरूसँग निर्वाचनमा मानव अधिकार, सुरक्षा, आचारसंहिता तथा सम्बन्धित सरोकारका विषयमा विभिन्न मितिमा आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रमका क्रममा खिचिएका तस्बिरहरू ।









२. राष्ट्रिय मानव अधिकार आयोग र Digital Rights Nepal को समन्वयमा Election, Digital Rights and Role of NHRC विषयक छलफल कार्यक्रमको क्रममा लिइएको तस्विर



३. निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चातको अनुगमनको क्रममा लिइएका तस्विरहरू










कारागार कार्यालय




















निर्वाचन अधिकृतको कार्यालय












XTREME
AP
LIVE



































## ४. निर्वाचन अनुगमन पश्चात अनुगमनको समीक्षा बैठकको क्रममा लिइएको तस्विर



## प्रदेश कार्यालयहरू

**कोशी प्रदेश कार्यालय, शिरोमणि मार्ग, विराटनगर**
फोन नं. : ०२१-५९०९९३ इमेल: nhrcbrt@nhrcnepal.org कार्यालय प्रमुख : ९८५२०२२४४८

**मधेश प्रदेश कार्यालय, जनकपुरधाम, देवीचौक, धनुषा**
फोन नं. : ०४१-५९०३१४ इमेल: nhrcjnk@nhrcnepal.org कार्यालय प्रमुख : ९८५४०२९७०६

**बागमती प्रदेश कार्यालय, हेटौंडा**
फोन नं. : ०५७-५९१२११ इमेल: nhrcsnp@nhrcnepal.org कार्यालय प्रमुख : ९८५५०७६३११

**गण्डकी प्रदेश कार्यालय, पर्यटन मार्ग, पोखरा**
फोन नं. : ०६१-५८६०५९ इमेल: nhrcpkr@nhrcnepal.org कार्यालय प्रमुख : ९८५६०२६९७७

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही,**
फोन नं. : ०७१-४१०१७५ इमेल: nhrcbtl@nhrcnepal.org कार्यालय प्रमुख : ९८५७०४४५५१

**कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत**
फोन नं. : ०८३-५९०२२४ इमेल: nhrcskt@nhrcnepal.org कार्यालय प्रमुख : ९८५८०३५२२४

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली**
फोन नं. : ०९१-५२५६२१ इमेल: nhrcdhn@nhrcnepal.org कार्यालय प्रमुख : ९८५८४२३६२१

## प्रदेश शाखा कार्यालयहरू

**कोशी प्रदेश शाखा कार्यालय, खोटाङ, दिक्तेल**
फोन नं. : ०३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय,शान्तिनगर, नेपालगन्ज, बाँके**
फोन नं. : ०८१-५३६७०८/०७ इमेल: nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश कार्यालय, जुम्ला, खलंगा**
फोन नं. : ०२७-५२०२२२, ९८५८३६६२२२ इमेल: nhrcjum@nhrchnepal.org

# आयोगका कार्यालयहरू




**केन्द्रीय कार्यालय – १**
**प्रदेश कार्यालय – ७**
**प्रदेश शाखा कार्यालय – ३**